# अध्याय-एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

विवाहको अवसरमा केटी पक्षबाट केटा पक्षलाई उपहार स्वरूप दिइने नगद वा जिन्सीलाई दाइजो भन्ने बुझिन्छ । विवाह एक सर्वव्यापी र अपरिहार्य संस्था भएको हुँदा आजसम्मको मानव सभ्यताको क्रम पनि वैवाहिक जीवनको सुरुवातबाटै यहाँसम्म आइपुगेको हो । हिन्दू समाजको गर्भमा अनेकौं जातिहरू, सम्प्रदायहरू, मतहरू र संस्कृतिको विविधता रहिआएको छ । यस्ता भिन्न भिन्न समाज, संस्कृति, धर्म जातिअनुसार विवाहका संस्कार, मूल्य मान्यता, धारणा र विश्वास पनि फरक रहेको पाउन सकिन्छ । सम्पूर्ण मानव समाजको केन्द्रीय आधार नै विवाह हो र विवाहबाट नै परिवार, परिवारबाट समुदाय हुँदै सम्पूर्ण मानवजगत्को निर्माण भएको छ । यसरी संसारका सबै समाजहरूमा विवाह संस्थागत रूपमा रहे तापनि यसको उपयोगिता, काम, प्रकार र विशेषता भने समाज अनुसार फरक फरक रहेको पाइन्छ (थपलिया, १९९९) ।

हिन्दू शास्त्रमा उल्लेख भएका विभिन्न प्रकारका विवाहहरूलाई हिन्दू विधिको केवल ब्राह्म र आसुर गरी दुई प्रकारका विभाजित गर्ने दृष्टिकोण लिएको पाइन्छ । ब्राह्म विवाहमा योग्य वरलाई बोलाएर आदरसाथ पूजा तथा वस्त्रादिले अलङ्कृत गरी केटीका अभिभावकले कन्यादन दिने गर्दथे भने आसुर विवाहमा कन्याको पिता वा संरक्षकले वरको पिता वा संरक्षकसित केही शुल्क लिएर कन्या दिने गर्दथे । त्यसैबेलादेखि नै सरल रूपमा दाइजो प्रथाको सुरुवात भएको पाउन सकिन्छ । आधुनिक कानुनको विकास हुनुभन्दा पहिला समाजको नियन्त्रण र निर्देशन रुढीवादी, रीतिरिवाज र धार्मिक प्रावधानहरूले गरेको थियो । जसको अवशेष अहिले पनि देख्न सकिन्छ । ऋषिमुनिहरूद्वारा रचित स्मृतिहरू, राजाज्ञा र प्रथाहरूलाई त्यसबेलाको समाजद्वारा अँगिकार गरेको कानुनको रूप थियो र यिनै कुराहरूले बिहेवारीका संस्कारहरू पनि निर्देशित गरेका थिए (तामाङ, २००४ : ५६) ।

समाज विकास र पदार्पण हुँदै वर्तमानसम्म आइपुग्दा समाज समायोजनका लागि समयसापेक्ष बनेका, कानुनमा समेत हिन्दु धर्मको प्रभाव रहेको पाउन सकिन्छ । हिन्दू धर्म पितृसत्तामा आधारित रहेको छ । त्यसैले विगतदेखि नै वंश स्थापना, बासस्थान, उत्पादनका साधन र पैतृक सम्पत्तिको अधिकार छोरालाई हुने र जन्मघर छोडेर जाने छोरीलाई पनि

केही मात्रामा सहयोग मिलोस भन्ने हेतुले विवाहमा छोरीका अभिभावकले इच्छा लागेको वस्तु कन्यादानसँगै दिने गर्दथे । जुन विवाहपश्चात् छोरीले आफ्नो दैनिक जीवनमा उपयोग गरी काममा सरलता ल्याउन सकुन, वर्तमानमा प्रविधिको विकास, समाज रूपान्तरण, समयको परिवर्तन र सामाजिक गतिशीलतासँगै दाइजो प्रथाको स्वरूप, सोचाइ र ढाँचामा पनि परिवर्तन हुँदै गइरहेको छ । जसको प्रभाव स्वरूप कतिपयले दाइजो स्वेच्छाले दिने र लिने गर्न थाले भने कतिपयले प्रथा परम्पराका रूपमा अनुशरण गर्न र गराउन बाध्य भए । त्यसैले हिन्दू ब्राह्मण जातिको वैवाहिक संस्कारमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा दाइजोको आदानप्रदान हुने गरेको छ । दाइजोको स्वरूप नगद वा जिन्सी अथवा अन्य वैकल्पिक रूपमा पनि दिने वा लिने गरेको पाइन्छ (मल्ल, २०६५) ।

नेपालको सन्दर्भमा भन्नुपर्दा नेपाल आफैमा विविधतायुक्त समाज हो । यहाँ भौगोलिक, प्राकृतिक, धार्मिक, जातिय, भाषिक विविधता रहेका छन् र यिनै जाति, धर्म, भाषा, भागोलिक अवस्था विशेषका आ-आफ्ना वैवाहिक परम्परा, रीतिरिवाज, चालचलन, संस्कार र मूल्य मान्यताहरू रहेका छन् । जसमध्ये विवाहमा वर पक्षले बधु पक्षका मातापितालाई दूधको भारा तिर्ने प्रथा जुन डोटेली क्षेत्रमा प्रचलित रहिआएको छ । विवाहमा वर पक्षको बधू पक्षबाट लिने तिलक (दस्तुर) प्रथा विशेष गरी नेपालको मिथिला क्षेत्रमा रहेको छ । त्यसैगरी नेपालको हिन्दू धर्म प्रभावित धेरैजसो समुदाय र समाजमा विवाहको अवसरमा बधु पक्षले वर पक्षको परिवारलाई दाइजो दिने गर्दछन् (थापा, १९८५: ५१) ।

स्त्री अंशधनको महलको चार नं. मा परिभाषित गरिए अनुसार स्वास्नी मानिसलाई माइती र मावलीपट्टिका नातेदार, इष्टमित्रहरूले दिएको चल-अचल र त्यसबाट बढे बढाएको सम्पत्ति दाइजो ठहर्छ । दाइजो स्वास्नी मानिसको निजी सम्पत्ति हो, त्यसमा उसको पूर्ण स्वामित्व हुन्छ । उनीहरूले दाइजोको उपभोग आफ्नो स्वेच्छाले स्वतन्त्र रूपमा गर्न पाउँछन् । परिवारका अन्य सदस्यले मास्न खान पाउँदैनन् । यदि परिवारले खर्च गर्न आवश्यक भई खर्च गर्नु परेमा वा ऋण लिन दिन परेमा पछि अंशियारहरूले सामुहिक धनबाट सोध भर्ना गर्न उमेर पुगेका एकाघरका सबै अंशियारहरूको मञ्जुरीको लिखत गराएर मात्र खर्च गर्नुपर्दछ । त्यस्तो मञ्जुरीको लिखत नभएमा सबै अंशियारबाट भराउन नमिल्ने व्यवस्था रहेको छ । सैद्धान्तिक रूपमा दाइजो माइती वा मावलीपट्टीका नातेदार र इष्टमित्रले दुलहीलाई दिएको चल अचल र त्यसबाट बढे बढाएको सम्पत्ति भन्ने बुझिए

तापनि केटापक्षका परिवारका सदस्यलाई दिइने विभिन्न वस्तुहरू र विवाहमा हुने अन्य सम्पूर्ण खर्चलाई व्यवहारमा दाइजोको अर्थ लगाएको पाइन्छ (मेहता, १९९६: १५) ।

यसरी दाइजो महिलाको व्यक्तिगत आर्थिक सुरक्षाको निम्ति दिने गरेको पाइन्छ । तर पनि महिलाहरूले दाइजोलाई नितान्त व्यक्तिगत रूपमा राख्न, आफू खुशी गर्न र परिचालन गर्न पाएका र सकेका छैनन् । नगद, जमिन आदि जस्ता दाइजोका स्वरूपलाई महिला एक्लैले उपभोग गर्न पाए पनि दैनिक प्रयोगमा आउने जिन्सी सामानको उपभोग सबैले गर्न मिल्ने र महिलाले त्यसबाट कुनै आर्थिक उपलब्धि लिन नमिल्ने देखिएको छ । यस अध्ययनमा वैवाहिक संस्कारका रूपमा दाइजो दिने प्रथा र परम्परालाई दृष्टिगत गर्दै दाइजो प्रथाप्रति महिलाहरूको धारणा बुझ्ने प्रयासका साथै महिलाहरूको शैक्षिक, आर्थिक, सामाजिक अवस्था विश्लेषण गर्न खोजिएको छ ।

## १.२ समस्याको कथन

विवाहपछि परिवार र नातेदारी जस्ता सामाजिक संस्थाको निर्माण हुन्छ भने समाज र संस्कृतिअनुसार वैवाहिक प्रवृत्तिको स्वरूप र संस्कार विकसित भएको हुन्छ । वैवाहिक संस्कारहरूमा कुनै समाजमा दाइजो वा तिलक दिने चलन छ भने कतै दूधको भारा भनेर छोरीको मूल्य लिने चलन रहेको छ । कुनै जाति र धर्म विशेषका आ-आफ्नै वैवाहिक संस्कार हुने हुँदा समाज कतै दाइजो दिने र लिने वैवाहिक संस्कारहरू देखिन्छन् भने कतै दाइजो दिने र लिने नगरिएका वैवाहिक संस्कारहरू देखिन्छन् । यस अध्ययन क्षेत्रमा हिन्दू धर्म मान्ने ब्राह्मण जातिको वैवाहिक संस्कारमा भने दाइजो प्रथा प्रचलित रहेको र यिनै वैवाहिक संस्कारका आधारमा दाइजो प्रथालाई विश्लेषण गर्ने जमर्को गरिएको छ ।

दाइजो प्रथाको कुनै न कुनै स्वरूप वैदिक कालदेखि नै चल्दै आएको पाइन्छ । सामाजिक परिवर्तनका क्रममा दाइजोका स्वरूप र मान्यताहरू परिवर्तन हुँदै आइरहेका छन् र भविष्यमा पनि यसको स्वरूप झन् जटिल बन्दै जान सक्ने सङ्केत देखिन्छ । दाइजो प्रथाप्रति समाजका कतिपय सदस्यहरूमा सकारात्मक धारणा रहेको छ भने कतिपय सदस्यमा नकारात्मक धारणा पनि भएको पाउन सकिन्छ । यसरी दाइजोप्रतिको धारणात्मक अवस्था पनि फरक फरक रहेको छ । पछिल्ला दिनमा दाइजोलाई सांस्कृतिक कुरीतिका रूपमा हेर्नेहरूको जमात बढ्दो छ र यसलाई पारिवारिक द्वन्द्व र हिंसाका कारक तत्वका रूपमा पनि लिने गरिएको छ ।

समाजमा प्रचलित विभिन्न संस्कृति रीतिरिवाज, चालचलन र संस्कारहरूले प्रकार्यात्मक अन्तर सम्बन्धको भूमिका खेली रहेको हुन्छन् तर समाजमा त्यस्ता कुरिति र कुप्रथाहरू हुन सक्छन् जसले समाजमा द्वन्द्वात्मक भूमिका पनि खेल्न सक्दछन् । त्यसैगरी वैवाहिक संस्कारमा प्रचलित दाइजो प्रथा, जसले समाजमा विगतमा प्रकार्यात्मक वा द्वन्द्वात्मक कुन भूमिका खेलेको थियो, हाल कुन रूपमा रहेको छ र भविष्यमा कस्तो रूप धारण गर्न सक्ला भन्ने प्रश्न उभिएको छ । दाइजोप्रथा कुनै व्यक्ति, परिवार र समुदायको मात्र घटना नभएर राष्ट्रिय चासोको विषय बन्न पुगेको छ । आजका दिनहरूमा विवाहमा गरिने विविध संस्कारहरू मध्ये दाइजोको आदानप्रदानले विशेष भूमिका खेल्ने गरेको र चर्चामा आउने गरेको छ । दाइजो कम ल्याएको वा नल्याएको निहुँमा विवाहित बुहारीलाई अंगभंग गर्ने, जिउँदै जलाउने, दोस्रो विवाहको धम्की दिने, जीउ मास्ने जस्ता पारिवारिक हिंसाहरू पनि हुने गरेका छन् भने अर्कोतर्फ वर र वधुको परिवार बीच विवाहमा दाइजो लिने र दिने व्यवहार सौहार्द्र रूपमा सम्पन्न भई दुवै परिवारका बीचमा सुमधुर सम्बन्ध स्थापित भएको पनि पाइन्छ ।

समाजमा आफ्नो आर्थिक हैसियत देखाउने बाहनाका रूपमा उच्च वर्गका व्यक्तिहरूले छोरीको विवाह खर्चिलो गर्ने प्रकृति बढेको र मध्यम र न्यून वर्गहरू यस्तो व्यवहार चलाउन असमर्थ भएका छन् जसले गर्दा छोरा र छोरीमा फरक दृष्टिकोण रहेको तितो यथार्थ छ । पुरुषको तुलनामा महिलाहरूको सामाजिक, शैक्षिक, राजनीतिक अवस्था नाजुक रहेको छ त्यसमा पनि महिलाको स्रोत र साधनमा पहुँच नहुँदा आर्थिक पक्षमा परनिर्भर हुनुपर्ने बाध्यता रहेको छ । त्यसैले दाइजोबाट महिलालाई कुन क्षेत्रमा कस्तो सहयोग मिलेको छ भन्ने बारेमा अध्ययन गर्न खोजिएको छ । विवाहमा दिएको दाइजोले महिलाका आधारभूत र रणनीतिक कुन प्रकृतिका आवश्यकता पूरा भएको छ होला भन्ने कुरा पनि चासोको विषय बन्न पुगेको छ र दाइजो प्रथाले सामाजिक जीवनमा खेलेको भूमिका र देखा परेका समस्याका विषयमा खोज गरिनु नितान्त आवश्यक देखिएको छ । माथि उल्लेखित समस्याहरूले यस अनुसन्धानलाई निर्देशित गर्ने छन् । साथमा यस अध्ययनले निम्न अनुसन्धान प्रश्नहरूको उत्तरहरू खोजी गर्ने जमर्को गरेको छ ।

क) ग्रामीण महिलाहरूमा दाइजो प्रथाप्रतिको धारणा कस्तो रहेको छ ।

ख) विवाहमा दाइजो ल्याउने र दाइजो नल्याउने महिलाहरूको धारणा कस्तो रहेको छ ?

ग) विगतदेखि वर्तमानसम्म दाइजो प्रथाको धारणामा के-कस्ता परिवर्तनहरू देखिएका छन् ?

## १.३ अध्ययनको उद्देश्य

यस अध्ययनमा नेपाली हिन्दू समाज र संस्कृतिमा प्रचलित दाइजो प्रथाका बारेमा विश्लेषण गरिएको छ । दाइजो प्रथाप्रति रहेको धारणा र दृष्टिकोणलाई बुझ्नुको साथै महिलाहरूको सामाजिक, आर्थिक, शैक्षिक अवस्थाको बारेमा पनि विश्लेषण गरिएको छ । यस्तै दाइजो प्रथाप्रति धारणामा आएको परिवर्तनका बारेमा पनि विश्लेषण गरिएको छ । जसमध्ये यस अध्ययनको सामान्य उद्देश्यमा दाइजो प्रथाप्रति महिलाहरूको धारणा बुझ्ने र विश्लेषण गर्ने रहेको छ भने विशिष्ट उद्देश्यअन्तर्गत निम्न उद्देश्य रहेका छन् ।

क) दाइजो प्रथा र महिलाको शैक्षिक, सामाजिक र वैवाहिक अवस्था पत्ता लगाउने ।

ख) दाइजो प्रथाप्रतिको धारणामा आएको परिवर्तनबारे विश्लेषण गर्ने ।

## १.४ अध्ययनको महत्त्व

आजको सन्दर्भमा लैङ्गिक मुद्दा, राष्ट्रिय र अर्न्तराष्ट्रिय रूपमा बहसको विषय बनेको छ । नेपालमा मात्र होइन संसारभरि नै लैङ्गिक असमानताका कुनै न कुनै रूप पाउन सकिन्छ । त्यसैले आजको परिप्रेक्ष्यमा लैङ्गिक समानताका लागि अध्ययन अनुसन्धान गर्नु समस्याको पहिचान गर्नु र त्यसको समाधानको बाटो खोज्नु अवश्य पनि औचित्यपूर्ण रहेको छ ।

समाजशास्त्रीय अध्ययन भएको हुँदा निश्चय नै यो अध्ययन समाजका घटनासँग बढी सम्बन्धित हुनुपर्दछ । सामाजिक परम्परा, रीतिरिवाज, भाषा, धर्म, चालचलन र प्रथाहरू समाज संचालनका महत्वपूर्ण आधारहरू हुन् । हाम्रो समाजमा लैङ्गिक अध्ययनभित्र रहेर विभिन्न अध्ययनहरू हुने गरेको पाइन्छ । लैङ्गिक समानताका विषयलाई पनि उठाउने गरिन्छ । किन लैङ्गिक असमानता रहेको र यो असमानताको सुरुवात कहाँबाट भएको छ भन्ने कुरामा ती अध्ययन मौन रहेका छन् । लैङ्गिक दृष्टिकोणबाट गरिने अध्ययनको सन्दर्भमा महिलामाथि हुने गरेका भेदभाव र महिलासँग सम्बन्धित सतीप्रथा, बाल विवाह, बहुविवाह प्रायजसो हटिसकेका छन् भने दाइजो प्रथाले समाजमा प्रश्रय पाउँदै गइरहेको छ ।

यसले महिलाहरूको अवस्थामा कस्तो प्रभाव पारेको छ र आम महिलाहरूमा दाइजो प्रथाप्रति कस्तो धारणा बनेको छ भन्ने यस अध्ययनको चासो रहेको छ ।

दाइजो प्रथाले समाजमा विनाशकारी र द्वन्द्वात्मक भूमिका खेलेको पाएका छौं । हिन्दू संस्कारले प्रेम विवाहप्रति नराम्रो दृष्टि राखेको पाइन्छ । जसले गर्दा मागी विवाह बढी हुने र त्यस्ता विवाहमा दाइजोको लेनदेन हुने गरेको पाइएको छ । दाइजोको लेनदेनमा केटा र केटी पक्ष दुवै संलग्न भए तापनि यसको प्रत्यक्ष असर महिलामाथि परेको छ । त्यसैले महिलासँग सम्बन्धित अहिलेको सान्दर्भिक र अति संवेदनशील अवस्थामा रहेको दाइजो प्रथा सम्बन्धी अध्ययन, अनुसन्धान आवश्यक ठानेको छु । यो अध्ययनले पछि हुने कुनै पनि लैङ्गिक, दृष्टिकोणबाट गरिने अनुसन्धानलाई सहयोग गर्नेछ । त्यस्तै स्थानीयस्तरमा नीति, नियम, ऐन र कानुन निर्माण गर्नमा नीति निर्मातालाई सहयोगी भूमिका खेल्ने छ । साथै यो समस्यासँग चासो राख्ने सरकारी/गैरसरकारी संस्था वा एजेण्टलाई आवश्यक सूचना र तथ्यांक उपलब्ध गराउने छ ।

## १.५ अध्ययनको सीमा

यो अध्ययन शैक्षिक उद्देश्यले गरिएको हुँदा सम्पूर्ण महिलाहरूको धारणालाई समेट्न समय र स्रोत र जनशक्तिले नभ्याउने कारणले गर्दा आरुचौर गा.वि.स. अन्तरगत रहेर अध्ययन गरिएको छ । भिन्न क्षेत्र, धर्म, जातिअनुसार दाइजो प्रथाको प्रचलन, मान्यता र प्रकृति फरक हुने, सबैलाई समेट्न खोज्दा अध्ययनको सार्थकता नहुने हुँदा आरुचौर गा.वि.स. को २ र ३ नं. वडाहरूलाई समेटिएको छ । यस अध्ययनमा ब्राह्मण जातिका विवाहित महिलाहरूलाई प्रतिनिधिको रूपमा छानिएको छ ।

## १.६ अध्ययनको संगठनात्मक ढाँचा

यस शोधपत्र जम्मा सात अध्यायमा विभाजित गरिएको छ । जसअन्तर्गत पहिलो अध्यायमा अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अनुसन्धानका उद्देश्यहरू, अवधारणात्मक खाका, अध्ययनको औचित्य र महत्व, अध्ययनको सीमा आदि समेटिएको छ भने दोस्रो अध्यायमा सैद्धान्तिक आधारहरूको विश्लेषण र यस अध्ययनसँग सम्बन्धित पूर्व साहित्यको समीक्षा गरिएको छ ।

यस अध्ययनको तेस्रो अध्यायमा अध्ययन क्षेत्र छनौटको औचित्य, अनुसन्धान ढाँचा, समग्र र नमूना छनौट, तथ्यांकको प्रकृति र स्रोतहरू, तथ्यांक संकलन विधिहरू र तथ्यांकको विश्लेषण एवं प्रस्तुतीकरणलाई समावेश गरिएको छ । अध्याय चारमा अध्ययन क्षेत्रको सामाजिक, आर्थिक एवं जनसांख्यिक अवस्थाको बारेमा चित्रण गरिएको छ । त्यस्तै गरी अध्याय पाँचमा दाइजो प्रथाको अवस्था र धारणाको विश्लेषण गरिएको छ । अध्याय छ मा अध्ययनको सारांश, निष्कर्ष र सुझावलाई उल्लेख गरिएको छ ।

अध्याय-दुई

# साहित्यिक पुनरावलोकन

## २.१ सैद्धान्तिक समीक्षा

### २.१.१ लिङ्ग र सामाजिक लिङ्गको अवधारणा

समाजले महिला र पुरुषलाई कस्तो प्रकारको भूमिका, अधिकार, स्रोत साधन दिन्छ, उनीहरूलाई कस्तो किसिमले व्यवहार तथा मानसिकता विकास गर्न सिकाउँछ त्यसको अर्थ बोध गर्नुलाई सामाजिक लिङ्ग (जेण्डर) भनिन्छ । लिङ्ग शब्दले महिला र पुरुष शरीरको भौतिक भिन्नतालाई जनाउँछ र लैङ्गिक शब्दले मनोवैज्ञानिक, सामाजिक र सांस्कृतिक भिन्नतालाई बुझाउँछ । हरेक समाजमा महिला र पुरुषले निर्वाह गर्नुपर्ने भूमिका अलग-अलग हुने गर्दछ भने लिङ्गको आधारमा महिला र पुरुष दुवैबाट समाजले अपेक्षा गरेको भूमिका नै लैङ्गिक हो लैङ्गिकले महिला र पुरुषको सामाजिक, साँस्कृतिक, अतिरिक्त आर्थिक विशेषतालाई पनि जनाउँछ । जसरी लिङ्ग अर्न्तगत महिला वा पुरुष भनी जन्मजात निर्धारण भएर आउँछ, त्यसैगरी जेण्डर पनि लिङ्गका आधारमा व्यक्तिसँग जोडिएर आउने सांस्कृतिक मूल्य, मान्यता, भूमिका तथा विशेषताहरूको समष्टिगत रूप हो (भासिन, २००३) ।

लैङ्गिक अध्ययन विभिन्न पूर्वाग्रह दुराग्रहबाट माथि उठेर दिगो सर्वपक्षीय मानवहित खोज्ने विषय हो । यसको उद्देश्य पितृसत्तात्मक समाजलाई ध्वस्त पारी मातृसत्तात्मक राज्य स्थापना गर्न नभई लैङ्गिक रूपमा सन्तुलित सामाजिक संरचनाको निर्माण गर्नु हो । वर्तमान समयमा लैङ्गिक अध्ययन महिला केन्द्रित रहनु स्वभावि कै हो किनभने संसारका विकसित वा अविकसित सबै मुलुकमा महिलाहरू विभिन्न पक्षमा भेदभाव गरिएका, असमान स्थितिमा रहेका, शोषण गरिएका छन् । महिलाको उत्पादन, पुर्नउत्पादन, यौनिकता, गतिशिलता, स्रोत तथा सम्पत्तिमा पहुँच आदि सबै पक्षमा पुरुषको नियन्त्रण रहेको छ । पितृसत्तालाई कायम राखिराख्नका लागि महिलाप्रति लक्ष्य गरेर धर्मको अपव्याख्या गरिएको छ । महिलालाई सीमित क्षेत्रमा राख्न विभिन्न चाडपर्व, उत्सव, जात्रा, मेला, प्रथा, संस्कारमा, महिलाप्रति भेदभाव गरिएको छ । महिलालाई गहना, पोते तथा अन्य मनोरञ्जनका साधनमा सीमित गरी अप्रत्यक्ष रूपमा महिलाको स्वतन्त्र अस्तित्वलाई नियन्त्रण गरिएको छ (अर्याल, २०६२ : ११) ।

लैङ्गिक अध्ययनले आर्थिक, राजनीतिक, शैक्षिक, सामाजिक, सांस्कृतिक र प्राविधिक आदि पक्षहरूमा महिला र पुरुषको अवस्था तथा स्थितिको विश्लेषण गर्दछ । मानवीय अस्तित्व तथा सामाजिक व्यवस्थापन र निरन्तरताका लागि समाजमा महिला र पुरुषले विभिन्न कार्यहरू सम्पादन गर्दछन् । तर हाम्रो देशमा महिला तथा पुरुषको स्थान समान छैन । त्यसैले लैङ्गिक अध्ययनले महिला र पुरुषका बीचमा रहेका सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक, मनोवैज्ञानिक पक्षको अवस्था, सम्बन्ध अर्न्तक्रिया, समानता, विभेद, असमानता आदिको विश्लेषण गर्दै महिला र पुरुषको समानताको खोजी, अध्ययन, अनुसन्धान गर्दछ । प्राकृतिक रूपमा महिला र पुरुषको संरचना फरक भए पनि महत्व समान रहेको र सामाजिक तथा साँस्कृतिक रूपमा शक्ति सम्बन्धको असमान अभ्यासले गर्दा स्तरीकरणको सिर्जना भएको हो । त्यसैले यस अध्ययनले महिला र पुरुष दुवैको सहयात्राद्वारा लैङ्गिक समानतामूलक, उन्नत र दिगो समाजको निर्माण गर्न खोज्दछ (मार्सल, १९९८: २५१) ।

लैङ्गिक भूमिका भन्नाले सामाजिक परम्परा, मूल्य, मान्यता अनुसार महिला पुरुषको काम, सोचाईलाई बुझाउँछ । महिला र पुरुषले समाजको अपेक्षा अनुसार सम्पादन गर्ने उत्तरदायित्व र जिम्मेवारी हो । समाजको अपेक्षा अनुसार महिला र पुरुषका लागि विभाजन गरिएको कार्य नै लैङ्गिक श्रम विभाजन हो । विभिन्न स्रोत र साधनमा महिला तथा पुरुषको अधिपत्य तथा नियन्त्रण रहनुलाई लैङ्गिक पहुँच र नियन्त्रण भनिन्छ । महिला र पुरुष बीचमा रहेको शक्ति सम्बन्धले गर्दा यी दुईले सम्पादन गर्ने कामको मूल्य फरक हुन्छ । शक्तिले लैङ्गिक भूमिकालाई निरन्तरता दिन सहयोग पुऱ्याउँछ । भाषा, नातेदारी, धर्म, प्रविधि जस्तै लैङ्गिक पनि मानव आविष्कार हो । लैङ्गिकले मानिसको सामाजिक जीवनलाई सांस्कृतिक ढाँचा अनुरूप संगठित गर्दछ (मेहता, १९९६) ।

### २.१.२ महिलावादी अवधारणा

मानव इतिहासको सुरुवातसँगै महिला र पुरुषबीच असमान शक्ति सम्बन्ध विकसित भएको पाईन्छ । त्यसैले तर विभिन्न कालखण्डमा महिला हक, हित र अधिकारको आवाज उठ्दै आएको पाईन्छ । महिलावाद समाज र संस्कृतिको व्याख्या गर्ने एक वैकल्पिक दर्शन एवं सिद्धान्त हो साथै सशक्त आन्दोलन पनि हो । यसले महिलाका हक, हित, अधिकार र समानतालाई जोड दिन्छ । वास्तवमा नारीवाद महिलाहरूको पुरुष सरह समान, अवसर,

अधिकार र शक्तिको चाहना हो । यो पुरुष विशेषको विरोध कदापि होईन । किनकी महिला शोषण र अत्याचारको विरुद्धमा कतिपय पुरुषहरू पनि लागि परेका थिए र छन् पनि जस्तै नेपाल र भारतमा सती प्रथा र दाइजो प्रथाको विरोध, चीनमा केटीहरूका खुट्टालाई बाँधेर बढ्न नदिने विरोध आदि । नारीवादको सुरुवात १८ औं शताब्दी देखि सुरु भएर पहिलो, दोस्रो र तेस्रो धार हुँदै अगाडी बढेको छ (चौलागाई र पोखरेल, २०६०: १६) ।

मानव सभ्यताको प्रारम्भमा महिला र पुरुषबीच विभेद र असमानताका दूरीहरू ज्यादै सीमित थिए । जब समाज दास युग हुँदै अगाडि बढ्यो तब पितृसत्तात्मक व्यवस्था संस्थागत रूपमा विकसित हुँदै आएको पाइन्छ । समाजका हरेक क्रियाकलापहरूमा महिलाको भूमिकालाई कम महत्वका दृष्टिले हेर्दै आएको पाईन्छ । महिलाभन्दा पुरुषले बढी अवसर र प्राथमिकता पाउँदै जाँदा महिला विभिन्न हक अधिकारबाट बञ्चित बन्दै गए । समाज भनेको विभिन्न संस्था, मूल्य, मान्यता, नियम, परम्परा, मान्यताहरूको गतिशील सन्तुलित व्यवस्थाको सञ्जाल भएको हुँदा महिला र पुरुषलाई निश्चित मूल्य मान्यता, भूमिका र पदहरू दिईएको हुन्छ । यिनै मूल्य मान्यता कतिपय अवस्थामा पुरुष केन्द्रित रहेका छन् भने कतिपय महिला केन्द्रित रहेका छन् (भण्डारी, २०६०) ।

## ) महिलावादमा पहिलो धार

महिलावादी आन्दोलनको क्रमलाई केलाउँदा महिलावादको पहिलो धारको सुरुवात अमेरिकामा दासताको विरुद्ध महिलाद्वारा गरिएको आन्दोलनबाट भएको हो । महिला आन्दोलनको यो धार महिलाको राजनीतिक, कानुनी र व्यक्तिगत स्वतन्त्रतामा आधारित भएको पाइन्छ । यो आन्दोलनले दासताको विरुद्धमा मतदान गर्ने अधिकार, महिलाका आधारभूत अधिकार, रोजगारी र शिक्षा आदि विषयलाई जोड दिएको पाइन्छ । सन् १९५३ मा प्रकाशित सिमोन द बोउवारको “दी सेकेन्ड सेक्स” पुस्तक नै महिलाको बारेमा लेखिएको पहिलो ऐकेडमिक पुस्तक थियो । महिला मुक्ति आन्दोलनलाई सैद्धान्तिक आधार प्रदान गर्ने युगान्तकारी दस्तावेजको रूपमा अगाडि आएको थियो । “स्त्री पैदा हुन्न बरु उसलाई बनाइन्छ” भन्ने धारणाका साथ पुस्तक लेखिएको थियो । यो धार सन् १९५० मा सुरु भएर सन् १९६० को प्रारम्भसम्म अस्तित्वमा रह्यो (मार्सल, २००४: २२८) ।

) **महिलावादमा दोस्रो धार**

सन् १९६० मा सुरु भएको महिला आन्दोलन विश्वका विभिन्न क्षेत्रमा प्रभाव पार्न सफल भयो । विभिन्न ठाउँमा महिला संगठनहरू स्थापना भए । त्यसैगरी धेरैजसो समसामयिक नारीवादी सिद्धान्तहरूले सामाजिक साँस्कृतिक पक्ष लगायत महिला असमानता र विकासको व्याख्या गरे । यसरी महिलावादी दोस्रो धारमा महिलाविरुद्धको दमन शोषणको अन्त्य र महिला स्वायत्ततालाई जोड दिएको पाइन्छ । महिलावादमा दोस्रो धारको विकास १९६० को दशकमा भयो । सन् १९६३ मा वेटी फ्रीडानले “दी फेमीनीजम मिस्टिक्यू” पुस्तकमा महिलालाई श्रम विभाजनबाट केवल घरभित्रका कामहरू जिम्मा लगाउने भएकाले महिला सीमित दाएरामा बाँधिन्छन् त्यसैले महिलालाई सार्वजनिक कामको क्षेत्रमा पहुँच दिइएको खण्डमा महिला स्वतःस्फूर्त रूपमा स्वतन्त्र हुने थिए भनिएको छ । यो नै दोस्रो धारको विकासमा कोसेढुङ्गा सावित भयो (मार्सल, २००४: २३०) ।

) **महिलावादमा तेस्रो धार**

महिलावादमा तेस्रो धार १९८० को दशक पछाडि सुरु भएको मानिन्छ । तेस्रो धारको महिलावादको महिलामाथि हुने दमनलाई फरक किसिमले व्याख्या गरेको छ । यसले मुलत नारी-नारी बीचमा हुने फरकपनको विश्लेषण गर्दछ । यो धारले जटिल अवस्थामा रहेका महिलाको समस्या उजागर गर्ने प्रयत्न गरेको छ । समाजमा वस्तु तथा सेवाको असमान वितरणले गर्दा महिला महिलाबीचको फरक भएको निष्कर्ष निकालेको छ । यस धारले ८० को दशकभन्दा अगाडी महिलाका सम्बन्धमा गरिएका अध्ययन, अनुसन्धान मनगणन्ते र यथार्थभन्दा टाढा रहेको भन्दै लैङ्गिक दर्शन र सिद्धान्तहरूलाई तीब्र आलोचना गरेको थियो । नारीवादी तेस्रो धारको सुरुवात भएपछि महिला आन्दोलन केवल पश्चिम समाजमा मात्रै सीमित नभई तेस्रो विश्वमा समेत फैलियो । नारीवादी तेस्रो धारको मूल जरा उत्तरआधुनिकतावाद हो । उत्तर आधुनिकतावादले विविधता र पुनः संरचनाको व्याख्या गर्दछ । यस समयमा महिलाहरूमा सामाजिक, राजनीतिक, कानुनी तथा सांस्कृतिक सुधार भएको छ । त्यसैले वर्तमान समयमा पनि विभिन्न सिद्धान्त विषय अन्तर्गत समेटिएका र स्वतन्त्र महिलावादीहरू विभिन्न संघसंस्थाहरू, महिला हकहित, अधिकार, स्वतन्त्रता, स्वायत्तताका लागि आन्दोलनरत छन् (मार्सल, २००४: २३५) ।

यसरी विगतदेखि वर्तमानसम्म महिलावादका सम्बन्धमा विभिन्न विचार, अवधारणा, उपागम तथा सिद्धान्तहरू देखापरेका छन् । यीमध्ये समसामयिक महिलावादी सिद्धान्तले सामाजिक जीवन र मानवीय अनुभवहरूको विकासका क्रममा देखा परेका व्यापक तहका विचारहरूलाई महिला केन्द्रित दृष्टिबाट प्रष्ट्याउने प्रयास गरेको छ । वास्तवमा महिलावादी सिद्धान्त महिला केन्द्रित छन् जसमा निम्न आधार रहेका छन् :

- सामाजिक विश्वलाई महिलाको फरक दृष्टिबाट हेर्ने प्रयास गर्नु ।
- समाजमा महिलाका अवस्था र अनुभवहरूको अनुसन्धान गर्नु, अनुसन्धानको उद्देश्य र सम्पूर्ण अनुसन्धानको प्रारम्भिक विन्दु महिला नै रहनु ।
- महिलावादी सिद्धान्त महिलाको चुनौती र सक्रियताको प्रतिनिधित्व गर्ने सिद्धान्त हो, जसले महिलाका लागि सुन्दर संसार निर्माण गर्न खोजिरहेको छ ।

महिलाका बारेमा के त ? महिलाको अवस्था किन यस्तो छ ? महिलाहरूको बीचमा हुने फरक बारेमा के त ? अवस्थाहरूमा सुधार कसरी गर्ने त ? भन्ने आधारभूत प्रश्नहरूमा महिलावादी सिद्धान्तका प्रकारहरू आधारित रहेका छन (रीटजर, १९९६: ४४४) ।

जसमा पहिलो प्रश्नको उत्तरमा महिलाको अवस्था, अनुभव र स्थान पुरुषको भन्दा फरक रहेको छ भन्दै लैङ्गिक विभिन्नताको सिद्धान्तद्वारा व्याख्या गर्ने प्रयास गरिएको छ । दोस्रो प्रश्नको उत्तरमा महिलाको अवस्था पुरुषको भन्दा फरक मात्र नभई कम विशेषधिकारयुक्त अथवा पुरुषको भन्दा असमान छ जसको व्याख्या लैङ्गिक असमानताको सिद्धान्त मार्क्सवादी र उदारवादी कोणबाट गरिएको छ । तेस्रो प्रश्नको उत्तरमा महिला र पुरुषबीचमा रहेको प्रत्यक्ष शक्ति सम्बन्धबाट महिलाको अवस्था बुझ्नुपर्छ । महिलाहरू दमित भएका छन्, उनीहरू पुरुषद्धारा नियन्त्रित गरिएका, अधिनमा राखिएका, प्रयोग गरिएका, दुर्व्यवहार गरिएका, च्यापिएका छन् यसको व्याख्या लैङ्गिक दमनका सिद्धान्तले गर्ने प्रयास गरिएको छ । नारीवादमा तेस्रो धारको केन्द्रीय सोधले चौथो प्रश्नको सम्भाव्यतालाई समाधान गर्ने प्रयास गरेको छ । (रीटजर, १९९६: ४४५) ।

यसरी महिलावादी आन्दोलन अगाडी बढ्ने प्रकृयामा विभिन्न धारमा निम्नानुसारका महिलवादी दृष्टिकोणहरू विकास भएको पाइन्छ ।

## क) उदार महिलावाद र सुधारात्मक महिलावाद

उदार महिलावादले महिला समानता, स्वतन्त्रता, विकास र विभेदको अन्त्यलाई जोड दिन्छ । महिला तथा पुरुषहरूबीच रहेको लैङ्गिक विभेदयुक्त कार्य विभाजन, यौन व्यवहार, पारिवारिक संरक्षण तथा सामाजिक भूमिका र उमेरको विभेदका विरुद्धमा स्वतन्त्रताको आवाज उठाउने कार्य उदार महिलावादबाट भएको थियो । लैङ्गिक असमानताका कारण उत्पन्न सबै खाले बन्देजहरूका विरुद्धमा यो महिलावाद खडा भएको देखिन्छ । व्यक्तिगत स्वतन्त्रतालाई नैसर्गिक स्वतन्त्रता मानिएको छ । विवाह, परिवार, नातासम्बन्ध, धार्मिक संस्था आदिमा समेत लैङ्गिक विभेदको स्थिति रहेकोले महिलाहरू शक्तिहीन बनेका छन् । महिलाहरूको स्वतन्त्रता हट्छ र परिनिर्भरता बढ्दै जान्छ । त्यसैले उदार महिलावादले ज्याला, अवसर तथा स्वतन्त्रताका सवालमा महिलाको स्वतन्त्रतालाई जोड दिदै नीतिगत रूपमा कानुनी सुधार र गहन लैङ्गिक सामाजिकरणको सच्चाईमा जोड दिएको छ (रिटजर, १९९६:२५०) ।

उदार महिलावादीहरूले महिलाहरूलाई स्वतन्त्रता उपलब्ध गराउन सकिएमा समान अवसरहरू प्रदान गर्न सकिएमा महिला प्रतिका गलत मान्यता र सामाजिकीकरणको प्रक्रियाबाट समाजलाई मुक्त गर्न सकिएमा मात्र महिला विकासको अवस्था सफल हुन सक्छ भन्ने व्याख्या र विश्लेषण गर्दछन् । महिलामा प्रजनन् अधिकार, समान शिक्षा, समान काममा समान ज्याला, समान घरायसी उत्तरदायित्व, समान आर्थिक अवसर, राजनीतिक अधिकार आदिमा पहुँच हुनुपर्ने व्याख्या गरिएको छ । उदार महिलावादीहरूले महिलाको अवस्था सुधार गर्न कानुनी र सांस्कृतिक बन्देजको खारेजीको खाँचो ठान्दछन् (मेहता, १९९६) ।

## ख) मार्क्सवादी महिलावाद

मार्क्सवादीहरू महिला र पुरुषबीचको सम्बन्ध वैज्ञानिक आधारमा विश्लेषण गर्दछन् । जसमा महिलाहरूमाथि रहेका सामाजिक आर्थिक तथा सांस्कृतिक विभेदको अन्त्य गरी उत्पादन शक्तिमाथिको पहुँच बढी मजबुत पार्नुपर्ने तथ्यमा जोड दिन्छन् । मार्क्सवादी महिलावाद अनुसार समाजको विश्लेषण जसरी वर्गीय आधारमा गर्न जरुरी छ त्यसरी नै लैङ्गिक आधारमा पनि विश्लेषण गर्न आवश्यक ठान्दछन् । समाजको पूँजीवादी ढाँचामा परिवार स्तरबाटै श्रमको शोषण भएको छ । महिलालाई कमवेतनमा कमसल काम लगाएको

छ । घरायसी कार्यलाई उत्पादनशील कार्यका रूपमा गणना गरिएको छैन । मार्क्सवादीहरू वर्तमान संरचनालाई सुधार नगरी आमुल परिवर्तनबाट लैङ्गिक विभेद हटाउन सकिन्छ भन्ने मान्यतामा विश्वास गर्छन् तर पनि उनीहरू वर्तमान संरचनामा समान ज्याला, काममा समानता, न्यायपूर्ण दृष्टिकोण, कार्यको मूल्याङ्कन व्यवहारिक श्रम विभाजन आदिलाई जोड दिन्छन् (रिटजर, १९९६) ।

मार्क्सवादी महिलावादको उत्पत्ति र विकासको सन्दर्भलाई हेर्दा कार्लमार्क्स र फ्रेडरिक एन्गेल्सको कृति "ओरिजिन अफ दी फ्यामिली, प्राइभेट प्रोपटी एण्ड दी स्टेट" ( १८८४) लाई दिन सकिन्छ । जसमा समाजमा रहेको लैङ्गिक विभेदको कारक तत्वहरू र विश्लेषणका तरिकाहरूको उल्लेख गरिएको छ । यसले महिलावादको मार्क्सवादी धरातलमा टेकेर मार्क्सलाई आलोचना गर्दै मार्क्सकै धारमा बसेर विश्लेषण गर्दछ । समाजको इतिहास भनेको नै वर्ग सङ्घर्ष मात्र हो त भन्ने सवाल गर्दै समाजमा वर्ग-वर्ग बीच मात्र सङ्घर्ष नभएर शोषित र शोषण गर्ने समूहबीच मात्र संघर्ष नभएर महिला र पुरुषबीच पनि असमान शक्ति सम्बन्ध रहेको छ भन्दछन् । मार्क्सवादी महिलावादले वर्गीय आधारमा समाजको व्याख्या र विश्लेषण गर्न सकिएमा महिला माथिको दमन, विभेद, असमानता हटाउन सकिन्छ भन्ने कुरामा जोड दिएको छ (मोस्से, १९९३) ।

**ग) आमूल महिलावाद/क्रान्तिकारी महिलावाद**

आमूल नारीवादले बच्चा जन्माउने वैकल्पिक वैज्ञानिक प्रविधिको प्रयोगबाट जोड दिदै परम्पराबाटै रहँदै आएको पारिवारिक स्वरूपलाई चुनौती दिन खोजेका छन् । महिला मुक्तिका लागि क्रान्तिकारी सोच र संरचनागत परिवर्तनमा यसले जोड दिन्छ । किन र कसरी पितृसत्तात्मक ढाँचाबाट महिलाहरूको शोषण भएको छ यसका कारक तत्व खोज्दै जनचेतना जगाउने, पुरुषसँगको निर्भरता घटाउने, महिलाप्रतिको सकारात्मक दृष्टिकोणको विकास गर्ने, महिलाको नेतृत्वमा रहने कार्यक्रम संचालन गर्ने, घरायसी झन्झटपूर्ण कार्यबाट छुटकारा दिलाउने सवालमा जोड दिन्छ । यसरी आमूल महिलावादीहरूले पितृसत्तालाई महिला विकासको बाधक मान्दछन् । महिला विरुद्धका जतिपनि हिंसाजन्य घटनाहरू घट्छन् त्यसको कारण पितृसत्तात्मक परिवारमा पुरुष र पुरुषको प्रभुत्व र नियन्त्रण रहेका संस्थाबाट हुने गर्दछन् भन्दै महिलाको छुट्टै संसारको कल्पना गर्दछन् ( रीटजर, १९९६ : ४६३) ।

आमूल महिलावादले सामाजिक सांस्कृतिक तथा आर्थिक सन्दर्भमा महिलाको विश्वव्यापी अवमूल्यनलाई निर्मूल पार्न महिलाको सामाजिक मूल्यको खोजी गर्नुपर्ने तथ्यमा जोड दिन्छ । यो आमूल महिलावाद सन् १९६० को दशकको अन्त्यतिरबाट बढी प्रभावशाली बन्यो । यसले समाजका प्रत्येक जात, वर्ग, संरचना, संस्थामा दमन, विभेद र असमानता रहे पनि लैङ्गिक विभेदको जटिलतालाई विशेष जोड दिन्छ । लैङ्गिक विभेदको महत्वपूर्ण कारक तत्व पितृसत्ताअन्तर्गतको सामाजिक सम्बन्ध हो भन्ने बुझाई आमूल महिलावादीहरूको रहेको छ । यिनीहरूका अनुसार महिला विभेद र दमनको प्रारम्भिक थलो नै परिवार हो । जहाँ प्राकृतिक लिङ्गका आधारमा श्रम विभाजन र यस्तै अनुरूप सामाजिकीकरण तथा भूमिका हस्तान्तरण हुने गर्छ । आमूल महिलावादी सम्प्रदायले विश्वव्यापी रूपमा रहेको पितृसत्तात्मक परिवारमा सामाजिक, सांस्कृतिक, आर्थिक मनोवैज्ञानिक क्षेत्रमा पुरुषहरूबाट हुने प्रत्येक विभेद, असमानता, दमन, हिंसा, आदि पक्षलाई व्यापक रूपमा उठाएको छ (भासिन, २००३) ।

### घ) समाजवादी महिलावाद

यस समाजवादी महिलावादलाई मार्क्सवादी तथा उदार महिलावादको राम्रा पक्षलाई समेटिएको संश्लेषणको रूपमा लिइन्छ । जसले समाजको विविध पक्षलाई समेटेर लैङ्गिक विश्लेषण गर्ने प्रयास गरेको छ । मार्क्सवादअन्तर्गतको वर्ग दमन र आमूल नारीवादअन्तर्गतको लैङ्गिक उत्पीडन/दमनलाई संश्लेषणात्मक विश्लेषण गरी महिलाले भोग्नु परेको अधीनता विभिन्न ठाउँ तथा परिवेशमा के कति समान वा असमान छ भन्ने सोको मापन गर्न चाहन्छ । यसलाई महिलावादीहरू महिलाको दमन र पूँजीवादी पितृसत्ताका नाममा सङ्केत गरेको पाइन्छ । वास्तवमा समाजवादी नारीवादले वर्ग एवं लैङ्गिक दमनलाई मात्र हेरिनु हुँदैन किनकी समाजमा दमनका विभिन्न स्वरूपहरू विभिन्न वर्गमा फरक -फरक ढङ्गबाट अन्तर्निहित भएर रहेका हुन्छन् । समाजलाई विभिन्न जातीय, प्रजाति, धर्म, उमेर, लिङ्ग, यौनिक रुचि आदिका आधारमा व्याख्या एवं विश्लेषण गरिनुपर्छ भन्ने कुरालाई जोड दिएको छ (रीटजर, १९९६ : ४६७) ।

समाजवादी नारीवादको सम्बन्ध वा सरोकारको विषय नारी एवम् पुरुष दुवैद्वारा गरिएको सबै प्रकारको उत्पीडनको अनुभवसँग देखिन्छन् । यिनीहरूले एउटी नारी जो स्वयं उत्पीडित भएकी छन्, अर्की नारीको उत्पीडनमा कस्तो प्रकारले भागीदार हुन्छिन् भन्ने कुरा

जान्ने प्रयास गर्छन् । उदाहरणका लागि कसरी एउटी नारी जो दाइजोको कारणले उत्पीडित हुँदै सासूको अवस्थामा आइपुग्दा कुन प्रकारले आफ्नी बुहारीलाई दाइजो ल्याउनका लागि वा नल्याएको कारण देखाउँदै उत्पीडित गर्नमा सहयोग गर्दछिन् ? कसरी समाजवादी नारीवादका पक्षधरहरूले आफू दमित एवं उत्पीडित भइसकेको हुँदाहुँदै पनि अन्य नारीहरूमाथि दमन एवम् उत्पीडन गर्छन् भन्ने तथ्यको खोजी गर्दछन् । अतः समाजवादी नारीवाद स्त्रीहरूका प्रति पाइने वा देखिने पूर्वाग्रहहरू र दमनकारी रीतिरिवाज एवम् प्रथाहरूसँग मुकाविला गर्ने पक्षमा देखिन्छ (थापा, १९८५) ।

यस प्रकारले समाजवादी महिलावादले समाजमा पाइने विस्तृत स्तरको प्रभुत्व वा आधिपत्यको अध्ययन गर्दछ र त्यसमा निहित रहेका उत्पीडित एवम् दमित व्यक्तिहरूको अनुभवहरूलाई खोज्दछ । समाजवादी नारीवादले ठूला र साना सबै प्रकारका उत्पीडित एवम् दमित समूहलाई शोषणबाट मुक्ति दिलाउनमा रुचि राखेको देखिन्छ । समाजमा नारी र पुरुषको समान भूमिका हुनुपर्छ । अतः नारी र पुरुषको सहमतिद्धारा नै नयाँ समाजको सिर्जना गर्न सकिन्छ । यसवादले पितृसत्ता र यसका कार्यहरूको विश्लेषण गर्दछ । पितृसत्ता आर्थिक प्रणालीको एउटा भाग हो र यो नीजि स्वामित्वको उत्पत्ति हुनुभन्दा पहिले नै अस्तित्वमा आएको हो । नीजि सम्पत्तिको अन्त्यसँगै पितृसत्ता लोप हुन्छ भन्ने कुरामा सहमति राख्दैनन् तर महिला विकास एवं सशक्तीकरणमा बाधक तत्वका रूपमा पितृसत्तात्मक संरचनाले विशेष भूमिका खेलेको मान्दछ । जसलाई महिलामाथिको दमनका विभिन्न रूपहरू जस्तै वर्ग, जाति महिलाद्वारा महिलामाथि हुने दमनका बारेमा व्याख्या गर्न नसकेको भन्ने आरोपबाट भने समाजवादी महिलावादीहरू बच्न भने सकेका छैनन् (भण्डारी, २०६०:७९) ।

नारीवादी सिद्धान्तमा महिला विविधता तथा भिन्नताका सवालहरूलाई सन् १९८० तथा १९९० को दशकमा आएको उत्तरआधुनिक धारले अर्को ढङ्गले पनि अघि बढायो । उत्तर आधुनिकतावादी दृष्टि अपनाउन र नारीवादमा लागू गर्नमा उनीहरू यी वैचारिक प्रवृत्तिहरूबाट विशेष प्रभावित थिए । डेरिडाको विनिर्माण सिद्धान्त, वार्थको सङ्केतविज्ञान विश्लेषण, फुकोको ज्ञानको छलफल खाकाको विश्लेषण तथा लियोटार्डको आधुनिकतावाद । विभिन्न वर्ग, वर्ण तथा संस्कृतिका महिलाहरूका विविध अनुभवहरू तथा वास्तविकताहरू भएका अवस्थामा पितृसत्ता मात्र होइन कि 'नारीवाद' तथा महिला भन्ने अवधारणासमेत नै विविधतालाई दबाउने अवधारणाहरूको रूपमा निर्माण भएका छन् भन्ने उनीहरूको

विश्लेषण छ । विशेष गरी इतिहासका विभिन्न कालखण्डमा र विभिन्न सभ्यता तथा सांस्कृतिक परिवेशमा निर्मित नारीत्व तथा पुरुषत्वसम्बन्धी छलफलका खाकाहरूका तत्वहरू केलाएर विविधतालाई दबाउने 'महिला' भन्ने अवधारणालाई कसरी र केबाट निर्मित भएको छ भन्ने कुरा व्याख्या गर्न खोजेका छन् (तामाङ, २००४ : ५३५) ।

यसरी विभिन्न नारीवादी सिद्धान्तहरूले नारीवादी चिन्तनको विविधतालाई प्रष्ट देखाउँछन् । 'महिलाहरू शोषित छन् र दृढताका साथ त्यस शोषणलाई समाप्त गर्नुपर्दछ' भन्ने कुरामा मात्रै नारीवादको सहमति छ भने पनि हुन्छ । नारीवादको ऐतिहासिक विकासमा तीनओटा साझा तत्वहरूलाई ध्यान दिनु जरुरी छ । एक, उदार नारीवाददेखि मार्क्सवादी नारीवाद हुँदै उत्तरआधुनिक नारीवादसम्मका विचारहरू सामान्यतया पश्चिम बौद्धिक क्षेत्रमा निर्मित सिद्धान्तहरूलाई महिला सवालहरूमा लागू गर्ने क्रममा नारीवादी सिद्धान्तहरू सिर्जना भएको देखिन्छ । दुई, नारी आन्दोलनलाई निर्णायक ऐतिहासिक रूपान्तरणका क्षणहरूमा र अन्य सवालहरूमा केन्द्रित, आन्दोलनहरूका बीचबाट जन्मिने प्रकृति देखिन्छ । तीन, समग्रमा भन्दा नारीवादी सिद्धान्तहरूले खास वर्ग र कहिले खास जातिका महिलाहरूको स्वार्थहरू र दृष्टिकोणलाई अभिव्यक्त गरेका छन् (रिटजर, १९९६: ५३६) ।

### २.१.३ लैङ्गिक विकासका रणनीतिहरू

विश्वमा विकास भएका विभिन्न समयका विभिन्न प्रकृतिका महिला आन्दोलनहरूले महिलाको भूमिका र अवस्थाका विभिन्न पक्षबारे व्याख्या र विश्लेषण गर्दै समग्रमा महिला पिछडिएका तथा असमानताको अवस्थामा रहन पुगेको निष्कर्ष निकालेको सन्दर्भमा र विकासका लागि अगाडि बढाईएका विभिन्न रणनीतिहरूका परिणाम स्वरूप पनि आशातित सफलता हासिल गर्न नसकिएको सन्दर्भमा सामाजिक लिङ्गलाई विकासको मुद्दाको रूपमा लिइएको छ । लैङ्गिक विषयलाई जोड दिँदै स्रोत तथा अवसरहरूतर्फ महिलाको पहुँच बढाउनुपर्ने, सम्पत्तिमा अधिकार, सशक्तीकरण, समान ज्याला तथा निर्णय प्रक्रियामा महिलाको उल्लेख्य भूमिकाका बारेमा पनि लैङ्गिक विकासमा जोड दिइएको छ । सामाजिक लिङ्गलाई विकासका मुद्दाका रूपमा प्रतिस्थापित गर्ने कार्य तथा यसको आवश्यकताको बोधको सन्दर्भलाई हेर्दा सन् १९५० पछिको विकासका रणनीतिको इतिहालाई विश्लेषण गर्नुपर्ने हुन्छ (एफ डब्लु एल डी, २०५८) ।

## ) विकासमा महिला अवधारणा (वीड)

सन् १९७० सम्मको विकासको लामो इतिहासले महिलाको खरो योगदानलाई अस्वीकार गरे पनि ७० को दशकसँगै विकास प्रक्रियामा महिलाको समानुपातिक सहभागिता र विकास हुनुपर्ने दरो आवाज उठ्यो । सन् १९७० मा अमेरिकामा सोसीओलोजी फर इन्टरनल डेभलपमेन्टको स्थापनाले विकासमा महिला सहभागिताको आवाजलाई अझ बुलन्द गर्‍यो र सन् १९७० मै इस्टर वोसरपको “आर्थिक विकासमा महिलाको भूमिका” नामक पुस्तक प्रकाशित भएपछि मात्र महिलाको भूमिकालाई मूल्याङ्कन गर्न प्रेरित गर्‍यो । खासगरी १९५० पछाडि आधुनिकीकरणको सिद्धान्तले विकासका नाममा धेरै विभेद र असमानताहरू बढ्दै गएको पाइयो । विकासको प्रक्रियामा माथिबाट तल जाने रणनीति अपनाएकोले समाजमा सन्तुलित विकास हुन सकेन । त्यसैले विकासलाई पुरुषको आँखाबाट मात्र नहेरेर महिलाको आँखाबाट पनि विश्लेषण गर्नुपर्ने कुरालाई जोड दिइयो (मोस्से, १९९३) ।

विकासमा महिला अवधारणाअनुसार महिलाको भूमिकालाई यथोचित स्थान दिनका लागि उनीहरूलाई पुर्नउत्पादन क्षेत्रबाट निकाली उत्पादन क्षेत्रमा समावेश गर्नुपर्छ । उत्पादक क्षेत्र भनेको बजार, श्रमशक्ति, आम्दानी सिर्जनाका क्षेत्र हुन् । यस्ता क्षेत्रमा महिला सहभागितालाई उच्च प्राथमिकता दिँदै उत्पादन र पुर्नउत्पादनका सम्बन्धमा देखिएको विभाजनलाई हटाउनु यसको अवधाधारणात्मक पक्ष हो । महिलालाई विकासको मूल प्रवाहमा ल्याउन निम्न पक्षमा जोड दिनुपर्ने मान्यता राख्दछ । कानुनी समानता, रोजगारीमा पहुँच, शिक्षा र स्वास्थ्यमा अवसर, सम्पत्तिमा पहुँच महिलालाई सहयोग गर्ने उपयुक्त, प्रविधि आदि । यसरी वीड अवधारणाले अर्थतन्त्रमा महिलाको भूमिकालाई मूल्याङ्कन गर्दै घरायसी क्षेत्रबाट उत्पादन क्षेत्रमा जान प्रेरित गरेको पाइन्छ (एफ डब्लु एल डी, २०५८) ।

## ) महिला र विकास अवधारणा (वाड)

विकासमा महिला अवधारणाले महिलाको वास्तविक उन्नति गर्न नसकेको र विकासको मूल प्रवाहमा उनीहरूलाई समाहित गर्न नसकेको भन्ने आलोचना गर्दै सन् १९७० को उत्तरार्द्धमा महिला र विकास नामक अवधारणा देखा पर्‍यो । आधुनिकीकरणको सिद्धान्तअनुसार सञ्चालित विकासको रणनीतिले अविकसित मुलुकमा नकारात्मक असर

पऱ्यो । केन्द्रबाट पृष्ठतर्फ अर्थात् माथिबाट तलतर्फ जाने विकासको रणनीतिले गरिब राष्ट्रको विकासको गति लिन सकेन यिनै पृष्ठभूमिलाई आधार मानेर परनिर्भरताको सिद्धान्त देखा पऱ्यो । यस सिद्धान्तले धनी र गरिब राष्ट्रबीच केन्द्र र पृष्ठको सम्बन्ध रहने कुरालाई उल्लेख गरेजस्तै यसैलाई आधार मानी वाड अवधारणाले समाजमा पुरुष र महिलाबीच केन्द्र र पृष्ठको सम्बन्ध रहने अवधारणा साऱ्यो । महिला र पुरुषबीच असमान सम्बन्ध रहेको हुँदा महिला र पुरुषको बीचमा शोसित र शोषक, पिडित र पिडकको सम्बन्ध कायम रहेको छ । जाति, वर्ग, स्थान र समाजअनुसार सम्बन्ध पनि फरक रहेको छ (श्रेष्ठ, २०६२) ।

विकास प्रक्रियामा महिलाहरू सहभागी हुँदै आए पनि पुरुषले महिलाको योनिकतामाथि नियन्त्रण गरेको र सम्पत्तिमा महिलाको पहुँच नभएको कारण महिला अधीनस्थ अर्थात् निम्न अवस्थामा रहेका छन् । समाजमा महिलामाथि विभिन्न किसिमका हिंसाहरू : बालविवाह, बहुविवाह, कुटपिट, यौन शोषण, यौन दुराचार, बेचविखन, भेदभाव, दासप्रथा, सतीप्रथा, झुमा प्रथा, कुमारी प्रथा विद्यमान छन् । यी प्रथाहरूले महिलालाई प्रत्यक्ष र अप्रत्यक्ष रूपमा शारीरिक तथा मानसिक प्रभाव परिरहेका छन् । जीवनका अवसरहरूको सदुपयोग गर्न बाधा पुऱ्याएका छन् । सार्वजनिक जीवनमा सहभागी हुन बाधा पुऱ्याएका छन् । त्यसैले महिला विरुद्धको सबैखाले हिंसाहरूको अन्त्य गर्नुपर्दछ । महिलाको सबै किसिमका भूमिकाको पहिचान गरिनुपर्दछ । सम्पत्तिमा महिलाको पहुँच हुनुपर्ने, सम्पत्तिको पूर्णवितरण हुनुपर्नेमा जोड दिएको छ (गुडे, १९९४) ।

**) जेन्डर र विकास अवधारणा (ग्याड)**

बीड र वाड अवधारणाले महिलाको अवस्थालाई सुधार र वास्तविक विकास गर्न सकेनन् । विकास प्रक्रियामा महिलालाई मात्र समाहित गर्दा महिलाको दिगो विकास नभएकाले महिला र पुरुष दुवैलाई विकास प्रक्रियामा समतामूलक ढङ्गले समाहित गर्न सकेमा मात्र दिगो विकास हुन्छ भन्ने अवधारणा देखा पऱ्यो । यो ग्याडको अवधारण हो जुन १९८० को दशकमा उत्पत्ति हुन पुग्यो । यो समाजवादी महिलावादबाट प्रभावित उपागम हो । यसले महिला र पुरुषको सम्बन्धलाई सर्वाङ्गीण पक्षबाट विश्लेषण गर्दछ । महिला तथा पुरुषको समतामूलक विकासका लागि यो अवधारणा अन्य अवधारणा भन्दा बढी व्यवहारिक, सान्दर्भिक, चर्चित र शाश्वत रहेको छ (एफ डब्लु एल डी, २०५८) ।

समाजमा महिला र पुरुषको विद्यमान शक्ति सम्बन्ध असमान रहेको र पितृसत्ताका कारण महिला र पुरुषबीच सुमधुर सम्बन्ध नभएकाले सामाजिक असन्तुलन देखिएको हो । त्यसैले महिला वा पुरुष कसैप्रति पनि पक्षपात र पूर्वाग्रहपूर्ण विचार दृष्टिलाई अस्वीकार गरी निम्न असमान अवस्थामा रहेका महिला वा पुरुष जो कोहीलाई समानताको स्थितिमा पुऱ्याउनु पर्दछ । महिला र पुरुषले पारिवारिक वा सामुदायिक दुवै क्षेत्रका तनाव, समस्या र अवसरहरूलाई समान रूपले वितरण गर्नुपर्दछ । महिला र पुरुषको समन्वय, सहअस्तित्व र समझदारीमा लैङ्गिक समतामूलक  समाजको निर्माण गर्नुपर्ने कुरालाई जोड दिन्छ । समग्रमा महिलाको उत्पादन, पुर्नउत्पादन, सामाजिक, सांस्कृतिक, राजनीतिक जस्ता पक्षमा सहभागिता गराउँदै महिलालाई पारिवारिक क्षेत्रबाट माथि उठाएर, सामाजिक क्षेत्रमा सरिक, कानुनी सुधार, वंशगत मान्यता, प्रभावकारी महिला संगठनको गठन गर्नमा र दिगो, समतामूलक, सहभागितामूलक विकासलाई यस उपागमले जोड दिएको छ । (उप्रेती, १९८९)

## २.१.४ महिला अधिकारको ऐतिहासिक पृष्ठभूमि र अर्न्तराष्ट्रिय प्रयास

मानव अधिकारको अवधारणाभित्र महिला हक अधिकारको विषय पनि समाहित भएकाले मानव अधिकारको अवधारणाको विकास सँगसँगै महिला हक, अधिकारको पनि विकास भएको मान्न सकिने भए तापनि महिला अधिकारको विषयमा संस्थागत प्रयास २० औं शताब्दीको प्रारम्भसम्म हुन सकेको पाइँदैन । २० औं शताब्दीमा आएर मात्र पुरुषसरह महिलाले पनि आर्थिक, सामाजिक, राजनीतिक, शैक्षिकलगायतका राष्ट्रिय जीवनका समग्र क्षेत्रमा सहभागी हुने समान अवसर प्राप्त गर्न पाउनुपर्छ भनी औपचारिक रूपमा महिला अधिकारको सम्बन्धमा प्रयासको प्रारम्भ भएको मान्न सकिन्छ । सन् १९४५ मा संयुक्त राष्ट्र संघ स्थापना हुँदा तयार भएको वडापत्रमा अर्न्तराष्ट्रिय समुदायबाट महिला र पुरुषबीच समानता एवम् मानव अधिकारप्रति सम्मान कायम हुनुपर्दछ, भन्ने उल्लेख छ । यसलाई सन् १९४८ को मानव अधिकारको विश्वव्यापी घोषणा पत्रले अझ सशक्त तुल्यायो (अधिकारी, २०५७) ।

महिला वर्गको सामाजिक, आर्थिक एवं राजनीतिक स्थितिमा सुधार गर्ने उद्देश्यले सन् १९४६ मा संयुक्त राष्ट्रसंघले महिलाको स्थिति सम्बन्धी आयोगको गठन गऱ्यो । शताब्दीयौं देखि विद्यमान महिला र पुरुष कामदारको बीचको असमान ज्यालासम्बन्धी प्रथा

हटाउने उद्देश्यले सन् १९५१ मा समान ज्याला सम्बन्धी महासन्धि १९५१ अर्न्तराष्ट्रिय श्रम संगठनद्वारा पारित भयो । त्यस्तै सन् १९५२ मा महिलाले मत दिन पाउने राजनैतिक अधिकार सम्बन्धी महासन्धि यू.एन.ओ. बाट पारित भयो । महिलाको नागरिकताको अधिकारसम्बन्धी महासन्धि, १९५७ पनि जारी गरियो । सन् १९६० मा महिलामाथि हुने गरेको रोजगारी र पेशागत भेदभावलाई उन्मुलन गर्ने सम्बन्धमा अर्न्तराष्ट्रिय श्रमसंगठनद्वारा पेसा र रोजगारीको भेदभाव उन्मूलनसम्बन्धी महासन्धि पारित गरियो । यसको दुईवर्षपछि सन् १९६२ मा विवाह, विवाहका लागि न्यूनतम उमेर तथा विवाह दर्ता सम्बन्धी महासन्धि पारित भयो (उप्रेती, १९८९) ।

महिलामाथि हुने सबैप्रकारको भेदभाव उन्मूलन गर्ने सम्बन्धमा सन् १९६७ मा अन्तर्राष्ट्रिय सहमति कायम भयो । महिलाको उत्थान र विकास सम्बन्धमा जोड दिँदै सन् १९७५ मा यू.एन.ओ.ले सन् १९७५ लाई अन्तर्राष्ट्रिय महिला वर्षको रूपमा मनाउने घोषणा गऱ्यो । यसैको परिणाम स्वरूप सन् १९७५ मा पहिलोपल्ट मेक्सिकोमा अन्तर्राष्ट्रिय महिला सम्मेलनको आयोजना गरी त्यसै सम्मेलनले समानता, विकास र शान्तिलाई मूल नाराको रूपमा पारित गर्दै सन् १९७५ देखि १९८५ को दशकलाई अन्तर्राष्ट्रिय महिला दशक मनाउने निर्णयसमेत गऱ्यो (महिलाको कानूनी स्थिति, २०५९) ।

संयुक्त राष्ट्र संघको महासभाद्वारा महिला विरुद्धका सबै भेदभाव निर्मूल गर्ने सम्बन्धमा अन्तर्राष्ट्रिय सहमति भएको १२ वर्षपछाडि सन् १९७९ मा महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि पारित गऱ्यो । प्रथम पटक अर्न्तराष्ट्रिय महिला दशक मनाउने निर्णय गरिएको सन् १९७६-१९८५ को मध्यावधि समीक्षा गर्ने उद्देश्यले सन् १९८० मा डेनमार्कको कोपेनहेगनमा दोस्रो अन्तर्राष्ट्रिय महिला सम्मेलन आयोजना गरियो । महिलाका लागि शिक्षा, स्वास्थ्य र रोजगारी भन्ने नारासहित विकासमा महिलाको सहभागिताको निम्ति अधिकार, उत्तरदायित्व र अवसरको समानता प्रदान गर्ने र सो अवसरबाट प्राप्त लाभ पनि महिलाले नै पाउनु पर्ने कुरालाई जोड दिइएको थियो । साथै कानुनी समानताको कुरालाई पनि उठाइएको थियो र यसैगरी प्रत्येक तहमा हुने दमन शोषण र विभेदका कारक तत्व खोज्ने प्रयत्न यो सम्मेलनले गऱ्यो (अधिकारी, २०५७) ।

सन् १९८५ मा नैरोवीमा तेस्रो विश्व महिला सम्मेलनको आयोजना गरियो जसमा महिला समानता, विकास र शान्ति जस्ता महिला दशकका लागि तोकिएका उद्देश्यहरू माथि पुनरावलोकन तथा मूल्याङ्कन गरिएको थियो । यस सम्मेलनमा १५७ देशले भाग

लिएका थिए भने यस सम्मेलनले महिला विकासका लागि अपनाएका रणनीतिहरू निम्न थिए । समानता, विकास, शान्ति, विशेष सरोकारका विषयहरू, अन्तर्राष्ट्रिय क्षेत्रीय सहयोग । यसैगरी नैरोवी सम्मेलनले पारित गरेका निर्णयहरूमा महिलाहरूलाई रोजगारीको अवस्थामा सम्बर्द्धन, महिलाहरूलाई पुरुषसरह, शिक्षा, कानुनी भेदभाव हटाउने र महिलाहरूको स्वास्थ्यको अवस्थामा सुधार गर्ने रहेको थियो (मईत्रा, १९९३) ।

विकासका निमित्त सामाजिक, राजनीतिक, आर्थिकलगायतका सम्पूर्ण क्षेत्रमा महिलालाई सक्रिय सहभागी गराउँदै महिला सशक्तिकरणको अभियान प्रारम्भ गर्नुपर्ने कुरामा जोड दिँदै सन् १९९४ मा इजिप्टको कायरोमा जनसंख्या र विकास कामसम्बन्धी अन्र्तराष्ट्रिय सम्मेलनको आयोजना भयो । महिला अधिकारसम्बन्धी पछिल्लो महत्वपूर्ण अभियानको रूपमा सन् १९९५ मा चीनको बेइजिङ्गमा चौथो विश्व महिला सम्मेलनको आयोजना भयो । यो विश्व सम्मेलनमा पहिलेका तीन विश्व सम्मेलन लगायत अन्य राष्ट्रसंघीय घोषणापत्र र महासन्धिहरूलाई पुनरावलोकन गरियो भने यस सम्मेलनले मुख्य गरेर बेइजिङ्ग घोषणापत्र, बेइजिङ्ग कार्यमञ्च, नाजुक सरोकारका क्षेत्रहरू र रणनीतिक लक्ष्य/कार्यहरू जस्ता दस्तावेजहरू तयार पारेको थियो (अर्याल, २०६२) ।

यसरी सन् १९०१ देखि २००० सम्मको एक शताब्दी भित्र महिला समानता र सशक्तीकरणको अभियानले औपचारिक रूपमा लामो फड्को मारेको छ । अन्तर्राष्ट्रिय समुदायद्वारा पारित महिला अधिकारसम्बन्धी विभिन्न लिखितहरूमध्ये महिला उत्थान र महिला सशक्तिकरणका सन्दर्भमा 'महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि १९७९' महत्वपूर्ण रहेको छ (इन्सेक, २०६१) ।

### ) महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि

सम्पूर्ण मानव मात्रको मानवअधिकार स्थापनाको लागि महत्वपूर्ण कार्य भैसकेको भए तापनि विद्यमान मानव अधिकार सम्बन्धी दस्तावेजहरू विशेष रूपमा समीक्षात्मक रूपबाट महिलाको मात्रै समस्या पहिचान र परिलक्षित गर्न पर्याप्त नभएको तथ्यलाई हृदयङ्गम गर्दै महिलाका सरोकारका विषयलाई केन्द्रीयकृत गरेर एउटा छुट्टै विशेष महासन्धिको आवश्यक महसुस भई प्रस्तुत महासन्धि यू.एन.ओ. को ऐतिहासिक महिला दशकको मध्यतिर सन् १९७९ मा पारित भएको थियो । महिलाको राजनीतिक, नागरिक, सामाजिक तथा आर्थिक

अधिकार समेटेर अस्तित्वमा आएको प्रस्तुत 'महासन्धि' लैङ्गिक समता र समानताका लागि महत्वपूर्ण कोशेढुङ्गा सावित भएको छ (अर्याल, २०६२) ।

महिला हिंसा विरुद्धका महासन्धिले महिलाको राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक वा अन्य कुनै क्षेत्रको मानव अधिकार तथा स्वतन्त्रतालाई आफ्नो वैवाहिक स्थिति जे जस्तो रहेको भए तापनि पुरुष र महिलाको समानताको आधारमा उपभोग वा प्रयोग गर्नमा लिङ्गको आधारमा हुने कुनै पनि भेदभाव वा प्रतिबन्धलाई "महिला विरुद्धको भेदभाव" भनी परिभाषित गरेको छ (गिडेन्स, २००१) ।

लैङ्गिक भूमिका र पारिवारिक सम्बन्धलाई निर्माण गर्ने संस्कृति र परम्पराको महत्वलाई विश्लेषण गर्ने महासन्धि मानव अधिकार सम्बन्धी मुख्य अवधारणा हो । जसले महिलाको अधिकारलाई सार्वजनिक र नीजि क्षेत्रमा स्वीकार गर्नुका साथै नागरिकता, सम्पत्ति तथा प्रजनन अधिकारलाई समेत निश्चितता प्रदान गरेको छ । समाजमा रहेका विभेदपूर्ण संरचनात्मक अवरोध हटाउनुपर्छ भनी औंल्याएको छ (अधिकारी, २०५७) ।

सी.ई.डी.ए.डब्लु मा जम्मा छ भाग र तीस धाराहरू रहेका छन् जसअन्तर्गत धारा तीनमा पुरुषले जस्तै महिलाहरूपनि मानव अधिकार र आधारभूत स्वतन्त्रताहरूको उपयोग गर्न पाउन सक्ने उद्देश्यका लागि महिलाको पूर्ण विकास र प्रगतिका लागि राष्ट्रहरूले सक्रिय रूपमा लाग्नुपर्ने आवश्यकतामा जोड दिन्छ भनी उल्लेख गरिएको छ । त्यस्तैगरी धारा ५ मा महिलाको रुढिवादी र परम्परागत भूमिका वा लिङ्गका आधारमा उत्कृष्टता वा निकृष्टा प्रवर्द्धनमा जोड दिने सामाजिक, सांस्कृतिक पद्दतिलाई राष्ट्रहरूले सम्बोधन गरी परिवर्तन गर्नुपर्ने कुरामा जोड दिइएको छ । धारा १४ ले विशेष गरी दुर्गम क्षेत्रका महिलाहरूको सेवा, तालिम, रोजगारीका अवसरहरू र सामाजिक योजनाहरूमा समान पहुँच रहनुपर्ने कुरा उल्लेख गरेको छ । धारा १६ मा पारिवारिक सम्बन्धहरू अन्तर्गत राष्ट्रहरूले महिला र पुरुषलाई पतिपत्नी रोज्न वा विवाह गर्न समान अधिकार सुनिश्चितता प्रदान गर्नुपर्ने आवश्यकतामा जोड दिन्छ (महिलाहरूको कानुनी स्थिति, २०५९) ।

### २.१.५ लैङ्गिक समानताप्रति नेपालको प्रयास

लैङ्गिक समानता कायम गर्ने सम्बन्धमा नेपालमा राज्यको तर्फबाट प्राचीन, मध्य कालमा औपचारिक कुनै पनि संहिताबद्ध कानुनको तर्जुमा भएको पाइँदैन । आधुनिक कालमा पहिलो औपचारिक संहिताबद्ध कानुनको रूपमा वि.सं. १९१० को मुलुकी ऐनलाई

लिन सकिन्छ । राणाकालको अन्त्यतिर पहिलो संवैधानिक लिखतको रूपमा जारी भएको नेपाल सरकार बैधानिक कानून, २००४ ले सीमित मात्रामा भए तापनि आधारभूत मौलिक हक प्रदान गऱ्यो । त्यसपछि जारी भएका वैयक्तिक स्वतन्त्रतासम्बन्धी ऐन २००६, अन्तरिम शासन विधान, २००७, बन्दी प्रत्यक्षीकरण सम्बन्धी ऐन, २००८ र नागरिक अधिकार ऐन, २०१२ जस्ता केही महत्वपूर्ण कानूनद्वारा नागरिक अधिकारलाई संस्थागत गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ । नेपाल अधिराज्यको संविधान, २०१५ नेपालको संविधान, २०१९ र नेपालको अधिराज्यको संविधान, २०४७ द्वारा लिङ्गको आधारमा भेदभाव नगरिने प्रत्याभूति र वालिग मताधिकारको व्यवस्थागरी महिला अधिकारालाई संवैधानिक र कानूनी संरक्षण दिने महत्वपूर्ण प्रयास भएको पाइन्छ (नेपाल अधिराज्यको संविधान, २०४७) ।

वि.सं. २०२० सालमा जारी भएको मुलुकी ऐनले बालविवाह, बहुविवाह र अनमेल विवाह जस्ता प्रथालाई रोक लगायो । वि.सं. २०५९ मा भएको एघारौं संशोधनले पैतृक सम्पत्तिको समान अधिकारको व्यवस्था गरेको छ । त्यसैगरी महिलाको अधिकारलाई सुनिश्चित गर्न विकासको मूल प्रवाहमा समावेश गरी समानतामूलक समाजको निर्माण गर्न छैटौं योजनादेखि नै राष्ट्रिय विकासको अभियानमा महिलाको भूमिकालाई अपरिहार्य ठानी उनीहरूका लागि रोजगारीको सृजना, क्षमता, विकास, आय आर्जन जस्ता कार्यक्रमहरू समावेश गरी कार्यान्वयनमा ल्याइयो । सातौं योजनामा ग्रामीण महिलाहरूका लागि उत्पादन कर्जा र साना विकास परियोजना जस्ता कार्यक्रमहरू सञ्चालन गर्नुका साथै स्थानीय विकास मन्त्रालयअन्तर्गत महिला विकास शाखा स्थापना गरी दिर्घकालीन महिला विकास कार्ययोजना तयार गरी लागू गरियो (मुलुकी ऐन, २०२०) ।

वि.सं. २०४६ सालको जनआन्दोलनपश्चात प्रजातन्त्र पुनर्स्थापनापछिको दशकमा सरकारले आठौं योजना अवधिदेखि नै मूल प्रवाहीकरणको नीतिलाई अवलम्बन गरी महिलासम्बन्धी विषय हेर्ने छुट्टै मन्त्रालय, महिला विकास महाशाखा जस्ता संरचनात्मक सुधारका प्रयासहरू भए । नवौं योजनाले, राजनीति, आर्थिक र सामाजिक क्षेत्रमा महिलाको पहुँच बढाउन कानुनी सुधारका प्रयासहरू गर्ने नीति अवलम्बन गरेअनुरूप महिला सशक्तिकरणमा बाधक बन्ने कानूनी व्यवस्थालाई सुधार र संशोधन गर्ने प्रतिबद्धता व्यक्त भएको पाइन्छ । दशौं योजनामा समेत नेपाल सरकारले महिला सशक्तिकरण र लैङ्गिक मूल प्रवाहीकरणको नीतिलाई विभिन्न कार्यक्रमहरूमार्फत लागू गराई लैङ्गिक समानता कायम गर्ने उद्देश्य राखेको छ । नेपालको त्रिवर्षीय अन्तरिम योजनामा समेत नेपाल सरकारले

महिला सहभागितामा आधारित दिगो विकास गर्ने उद्देश्य लिएको छ । राष्ट्रिय महिला आयोगको गठनलाई पनि नेपाल सरकारले महिला सशक्तिकरणको पक्षमा चालेको ठोस कदमको रूपमा लिन सकिन्छ (रा.यो.आ., २०५९) ।

नेपालले सन् १९७५ लाई अन्तर्राष्ट्रिय नारी वर्षको रूपमा मनाउने र १९७६-८५ को दशकलाई महिला दशकको रूपमा मनाउने संयुक्त राष्ट्र संघको आव्हानलाई स्वीकार गऱ्यो । नेपालले सन् १९९५ को वेइजिङ घोषणापत्र र वेइजिङ कार्यमञ्चलाई पनि मान्यता प्रदान गरी सोको प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न "लैङ्गिक समानता तथा महिला सशक्तिकरण" राष्ट्रिय कार्य योजना लागू गरेको छ । वर्तमान महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयको स्थापना लैङ्गिक समता तथा समानताप्रति सरकारको ठोस प्रतिबद्धताको एउटा सशक्त उदाहरण हो (मानव अधिकार प्रतिवेदन, २०६०) ।

वि.सं. २०६२/०६३ को बृहत जनसहभागितामा भएको आन्दोलनबाट नेपालको राजनीतिमा युगान्तकारी परिवर्तन भएको छ । देशमा विद्यमान वर्गीय, जातिय, क्षेत्रीय, लैङ्गिक समस्याहरूलाई समाधान गर्न राज्यको अग्रगामी पुर्नसंरचना गर्नको लागि संविधान सभाबाट नयाँ संविधान नबनेसम्मका लागि राजनैतिक सहमतिबाट नेपालको अन्तरिम संविधान, २०६३ जारी भएको छ । जसमा विभिन्न धाराहरूमा महिलासम्बन्धी कानुन बनाइएको छ । जस्तै धारा १३ मा 'समानताको हक' अन्तर्गत सबै नागरिक कानुनको दृष्टिमा समान हुन्छन् । प्रत्येक महिलालाई प्रजनन् स्वास्थ्य तथा प्रजनन्सम्बन्धी हक हुनेछ । कुनै पनि महिला विरुद्ध शारीरिक, मानसिक वा अन्य कुनै किमिमको हिंसाजन्य कार्य गरिने छैन र त्यस्तो कार्य कानूनद्वारा दण्डनीय हुनेछ र पैतृक सम्पत्तिमा छोरा र छोरीलाई समान हक हुनेछ भनिएको छ । धारा २१ मा 'सामाजिक न्यायको हक' मा महिलालाई समानुपातिक समावेश सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागी हुने हक रहेको छ भने धारा २९ मा 'शोषण विरुद्धको हक' मा प्रत्येक व्यक्तिलाई शोषणविरुद्धको हक हुनेछ । प्रथा, परम्परा र प्रचलनको नाममा वा कुनै पनि किसिमले कसैलाई शोषण गर्न पाइने छैन भनिएको छ । (नेपालको अन्तरिम संविधान, २०६३) ।

नेपाली समाजको रूपान्तरण प्रक्रियामा ध्यान दिनुपर्ने पक्षहरूमध्ये लैङ्गिक विभेद एक प्रमुख पक्ष हो । महिला विभेद हटाउन राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरबाट सरकारी एवम् गैरसरकारी निकाय तथा वैदेशिक संघसंस्थाहरूमार्फत महत्वपूर्ण प्रयासहरू भएका छन् । महिला जागृति अभियान, महिलाहरूको हकहितविरुद्धका नीति-नियम तथा कानुनहरूको

खारेजी, महिला अधिकार र महिला सम्बन्धी विकासका लागि तर्जुमा भएका नियम, कानुन तथा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरमा गरिएका प्रतिबद्धता, शिक्षा, स्वास्थ्य र रोजगारीमा महिलाको सुनिश्चितता, घरेलु हिंसा विरुद्धको आवाज, आमाको नामबाट पनि नागरिकताको सुनिश्चितता, सम्पत्तिसम्बन्धी अधिकारको सुनिश्चितता जस्ता प्रतिबद्धतालाई लैङ्गिक समानता र विकासका उपलब्धि मान्न सकिन्छ (महिलाको कानूनी स्थिति, २०५९) ।

महिलाहरू ऐतिहासिक कालदेखि भेदभावबाट पीडित छन् भन्ने कुरा सर्वविदितै छ । भेदभावका असरहरू यति व्यापक छन् कि तिनीहरू स्वाभाविकझैं लाग्दछन् । त्यसैले समानता र विभेदको अन्त्य नै महिलाको पहिलो मुद्दा हो भन्ने लाग्दछ । भेदभावका असरहरू निरन्तर र व्यापक रहने तर त्यसको उपचार नहुने हो भने समानता त्यसै प्रतिस्थापित हुन सक्दैन । त्यसैले भेदभाव र त्यसका असरहरूलाई समाप्त  गर्ने, महिलाको हालसम्म भोगी आएका अन्याय र भेदभावको क्षतिपूर्ति गर्ने र यथार्थमा धरातल खडा गर्ने नै हाम्रो समानताको लडाइका मुख्य मार्गनिर्देशक तत्व हुन् (मल्ल, २०६५ : ८८) ।

अन्तरिम संविधान, २०६३ ले पहिलोपल्ट महिलालाई हिंसाविरुद्धको अधिकार दिएको छ । "कुनै पनि महिलालाई हिंसा वा हिंसाजनक कार्य गर्न पाइने छैन । त्यस्तो कार्यलाई कानुनद्वारा दण्डनीय व्यवस्था गरिनेछ" (अन्तरिम संविधान, धारा २०) तर सरकारले कानुन नल्याउँदा सो संवैधानिक अधिकार प्रयोजनविहिन भएको छ । कुटपिट र दुर्व्यवहारका त कुरै छाडौं, दाइजो वा अरु निहुँमा जिउँदै जलाउनेलाई कारवाही गर्नसमेत कानुन छैन । कडा कानुन नहुँदा घरेलु हिंसाका घटना घट्नुको सट्टा बढ्दै गइरहेका छन् । प्रष्ट कानुन नहुँदा दोषी उम्किरहेका छन् भने सामाजिक अपराधले प्रश्रय पाइरहेका छन् (नेपालको अन्तरिम संविधान, २०६३) ।

विगतका प्रयासहरूका बाबजुद पनि पितृसत्तात्मक सामाजिक संस्कारले लैङ्गिक समस्या मुलुकको एक गम्भीर समस्याका रूपमा खडा छ । संसारले एक्काइसौ शताब्दीमा कोल्टे फेरिसक्दा पनि हाम्रो देशमा दाइजो प्रथा सामाजिक कुरीति समस्याको रूपमा देखा परेको छ । छोरा र छोरीमा गरिने फरक सामाजिकीकरण र भेदभावले लैङ्गिक असमानता विद्यमान रहेको छ । समाजमा पितृसत्ताका विभिन्न प्रथा, परम्परा र अन्धविश्वासले जरा गाडेको छ । त्यसैको परिणामा स्वरूप हिन्दू ब्राह्मण समाज दाइजो प्रथाबाट अछूतो रहन सकेन । त्यसैले दाइजो प्रथा र यसको संवेदनशीलतालाई बुझी उचित अध्ययन अनुसन्धान

गर्ने सोच बनाइएको छ । जसका आधार स्तम्भका रूपमा सैद्धान्तिक समीक्षा र साहित्यिक पुनरावलोकनलाई लिइएको छ ।

## २.२ पूर्वसाहित्य समीक्षा

नेपाली समाज बहुजाति, बहुभाषी, बहुसंस्कृति, बहुधार्मिक र भिन्न भौगोलिक अवस्थाको अनुपम सङ्गम स्थल हो । जहाँ भिन्न भाषा, जात, धर्म संस्कृति र भौगोलिक अवस्था रहअनुरूप भिन्न चाडपर्व, संस्कृति र संस्कारहरू रहेका छन् । 'विवाह' एक सर्वव्यापी संस्कार भएको हुँदा भिन्न परम्परा र मूल्य मान्यताका साथ समाजमा सम्पन्न हुने गर्दछ । तरपनि वैवाहिक संस्कारमा भने भिन्नता देख्न सकिन्छ । पूर्वी सीमान्त क्षेत्रका लेप्चाहरूमा अझै पनि 'केटाको पाइन हेर्ने' प्रथा रहेको छ भने पश्चिमी सीमान्त क्षेत्रका व्यासीहरूमा 'कन्या अपहरण र क्षतिपूर्ति' प्रथा देख्न सकिन्छ बराल, (२०५७) ।

बराल २०५७ ले 'सम्बन्ध विच्छेदका कारण-असर' शोधपत्रमा हिन्दू धर्म मान्ने तागाधारी जातिको विवाह र त्यसबाट सिर्जित सम्बन्ध विच्छेदका बारेमा अध्ययन अनुसन्धान गरेका छन् । सम्बन्ध विच्छेद हुनुको कारण र सम्बन्ध विच्छेदबाट व्यक्तिगत जीवनका साथै सामाजिक जीवनमा पर्ने असरका बारेमा अध्ययन अनुसन्धान गरेका छन् । जसमा सम्बन्ध विच्छेद हुनुका कारणहरूमध्ये दाइजो प्रथा पनि एक प्रमुख कारण भएको व्याख्या गरिएको छ । विवाहमा दिने र लिने दाइजोका कारण श्रीमान् श्रीमतीको सम्बन्ध विच्छेद भएका घटनाहरूलाई उल्लेख गरिएको छ (बराल, २०५७) ।

सामाजिक व्यवहार सुधार ऐन २०२८ ले विवाहमा तिलक, दाइजो, जन्त, भोज आदिमा प्रतिस्पर्धा, तडकभडक र फजुल खर्च बढ्न गएकोले मुठीभर धनी वर्गबाहेक अरु मध्यम वर्ग र निम्न वर्गमा यस प्रकारको व्यवहार चलाउन कठिन हुन गएको तथ्यलाई बुझेको देखिन्छ । यसै कारणले सामाजिक व्यवहार सुधार ऐन २०३३ लागू भएको पाइन्छ ( सुवेदी, २०५६) ।

सामाजिक व्यवहार सुधार ऐन, २०३३ अनुसार, सामाजिक व्यवहार भन्नाले विवाह, व्रतबन्ध, चूडाकर्म, पास्नी, न्वारन , जन्मदिवस, छैटी, बूढो-पास्नी र पितृ कार्य समेतलाई जनाउँछ । जहाँ सामाजिक व्यवहार सम्बन्धमा विवाह हुँदा दफा ३ मा तिलक लिन दिन नहुने र त्यस कार्यमा संलग्न हुनेलाई सजाय समेत तोकिएको छ । दफा ५ अनुसार, दाइजोमा नियन्त्रणका लागि विवाह हुँदा वा विवाहपछि दुलही पक्षबाट यति नगद, जिन्सी,

दाइजो जुनसुकै रूपमा दिनुपर्छ भनी दुलहा पक्षले कर लगाउन वा यति लिने दिने भनी दुवैले तय गर्न नहुने उल्लेख गरिएको छ । दफा ६ मा दुलहा पक्षको अन्य कुनै आर्थिक दायित्व व्यहोर्नमा दुलही पक्षलाई प्रतिबन्ध लगाएको छ । दफा ७ अनुसार, विवाहमा जन्तसम्बन्धी नियन्त्रणका लागि वाजावालालगायत एकाउन्न जनाभन्दा बढी जन्त वा वरियात लान नहुने उल्लेख छ । त्यसैगरी दफा ८ अनुसार, विवाह भोजमा नियन्त्रण र सजाय उल्लेख गरिएको छ । दफा ११ मा दाइजो आदि प्रदर्शन गर्न निषेध र सजाय उल्लेख गरिएको छ । सामाजिक व्यवहार सम्बन्धमा लैजाने वा पठाउने दाइजो लगायत कुनै पनि व्यवहार वा उपहार भडकिलो रूपमा प्रदर्शन गरी लैजान वा पठाउन नहुने उल्लेख छ । यसरी सामाजिक व्यवहार सुधार ऐनका विभिन्न दफामा विवाह वा विवाहपश्चात दिने लिने दाइजो सम्बन्धमा नियम र मापदण्ड उल्लेख भएका छन् जसअनुसार सामाजिक व्यवहार नभएमा दण्ड वा सजाय पनि उल्लेख गरिएको छ (मानन्धर र भट्टचन, २००१) ।

सामाजिक व्यवहार सुधार ऐन २०३३ लागू भए पनि यसले तोकेअनुसार कार्य हुन सकेको छैन र निश्चित मापदण्डभन्दा बढी दाइजो लिने, दिने, फजुल खर्च, तडकभडक गर्नेलाई कुनै किसिमको सजाय हुन नसकेको अवस्थामा दाइजो सम्बन्धमा बनाइएका ऐन, नियम र कानुन हात्तीको देखाउने दाँत जस्तै भएकाछन् । १९७८ मा सामाजिक परम्पराको रूपमा सुसम्पन्न हुने विवाहमा गरिने अनावश्यक खर्चलाई कटौती गर्न विभिन्न ऐनहरू लागू नभएको कुनै पनि निगरानी र चासो नदेखिएकोले सामाजिक व्यवहार सुधार ऐन सफल हुन नसकेको जानकारी गराउँदै बागमती अञ्चलमा “वाचडग” समूहले प्रहरी र स्थानीय समुदायको सहायता लिई विवाहमा वा विवाह पश्चात लिने दिने तिलक वा दाइजोको प्रत्यक्ष निगरानी गरी सामाजिक व्यवहार सुधार ऐनअनुसार काम भएको छ कि छैन भनी यो समूह क्रियाशील भएको उल्लेख गरिएको थियो (बेनेट, १९९८) ।

दाइजो, विवाह र लैङ्गिक सम्बन्धलाई हेर्दा मानव इतिहासको प्रारम्भिक कालमा समाज मातृसत्तामा आधारित थियो तर पछि सामाजिक परिवर्तनको प्रक्रियामा पितृसत्तात्मक ढाँचामा समाजको रूपान्तरण भएको देखिन्छ । विवाह र लैङ्गिक सम्बन्धलाई हेर्दा विवाहपछि महिलाको हैसियत अधीनस्थ भएको पाइएको छ । विशेष गरी हिन्दू सामाजिक व्यवस्था भएका समाजमा दाइजो प्रथाले महिलाहरूको सामाजिक जीवनमा नकारात्मक असर परेको छ । प्रशस्तै दाइजो दिन नसकेको छोरीको विवाह हुन नसक्ने अवस्थाको सिर्जना भएको छ । दाइजोकै कारण छोरीको भ्रूण हत्या, विवाहपछि बुहारीको हत्या, हिंसा र कुटपिटका घटना

घटेको देखिन्छन् । दाइजोकै कारण श्रीमान् श्रीमतीबीच सम्बन्ध विच्छेद भएका घटनाहरू पनि त्यतिकै छन् (आचार्य, २०६१ : ३००) ।

२०६४ कार्तिक २० गते कसगढ टोलकी हासरुन इद्रिसीलाई लोग्ने र सासूले मट्टीतेल खन्याएर आगो लगाए । मुख, घाँटी, छाती, हात र खुट्टा हेर्नै नसकिने गरी जलेको थियो । हासरुनका पति बसिमले विवाहपश्चात् ससुरालीसँग ५० हजार रूपैयाँ मागेका थिए जो पूरा नहुँदा हासरुनले चरम हिंसा भोग्नुपऱ्यो । त्यस्तै कार्तिक १५ गते सेतु विक चोकका इम्तिहाद हल्वाईले पत्नी साकिरा खातुनलाई जलाउने प्रयास गरे । शरीरभरि मट्टितेलले भिजेकी साकिरा भागेर ज्यान जोगाइन । साकिरालाई दाइजोको निहुँमा महिनौदेखि चरम शारीरिक यातना दिइएको थियो । परिवारले मोटरसाइकल र तीन लाख रूपैयाँ दाइजो माग्दै आएका थिए । त्यस्तै फुल्टेक्राकी जहिरा बानो सात वर्षअघि भारतीय पति सिराजद्वारा दाइजो नल्याएको भन्दै आगो लगाएकी थिइन् (नेपाल पत्रिका मंसिर, २०६४: १८) ।

सामन्तवादी पितृसत्तात्मक समाजको कु-प्रथाको रूपमा रहेको दाइजो र तिलकप्रथा समाजको विकासक्रम र परिवर्तन सँगै घट्नुपर्ने हो तर उल्टो चक्र घुमिरहेको छ । समाज रूपान्तरणको क्रममा वर्ग विभाजनसँगै महिलाहरू आर्थिक उत्पादनका साधनबाट वञ्चित भए जसले गर्दा सामन्त र जमिन्दारहरूले आफ्नी छोरीको विवाहमा अधिक धन, सम्पत्ति साथै सुसारे पठाउन थाले । समयको क्रमसँगै केटा पक्षबाट अनिवार्य सर्तको रूपमा माग गर्ने प्रचलन बढ्दै गयो । जुन प्रथाका कारण हाम्रो समाजमा थुप्रै नेपाली चेलीहरू घरेलु हिंसाका सिकार भएका घटना हामी सामु छर्लङ्ग छन् । यति मात्र होइन दाइजो दिन नसक्नुको पीडा कम गर्न गर्भमा नै छोरीको भ्रुण हत्या गरी जन्मनै नपाई मृत्यु दिन अभिभावक विवश छन् । यसबाट समाजमा रहेका गलत परम्परा, धर्म संस्कृति, मूल्य मान्यता र प्रथाले महिलाहरूको अवस्थालाई थप नाजुक बनाएको छ (अधिकारी, २०५७) ।

नेपालको संविधानले महिला र पुरुषलाई समान अधिकार दिए तापनि पैतृक सम्पत्ति, विवाह, सम्बन्ध विच्छेद, महिला विरुद्ध हुने हिंसा आदि पक्षका कानुनहरू पुरुष केन्द्रित रहेका छन् । कतिपय संशोधन गरिएका कानुनहरू कार्यान्वयनको अभावमा कागजी रूपमा नै थन्किएका छन् । एक्काइसौं शताब्दीको संघारमा आइपुग्दा महिला र पुरुष समान अधिकार र विकास निर्माण प्रक्रियामा सहभागिताको विकल्प छैन । महिलाका व्यक्तिगत समस्या र मुद्दाहरू महिलाका मात्र नभएर राष्ट्रिय समस्या र मुद्दाका रूपमा लिनु जरुरी छ ।

जबसम्म लैङ्गिक असमानता र भेदभाव कायमै रहन्छ तबसम्म सुशासन र स्वस्थ प्रजातन्त्र प्राय : असम्भव नै छ (मानन्धर र भट्टचन, २००१: ५९) ।

झा, (१९९७: ३२) ले महोत्तरी जिल्लामा दाइजो प्रथा सम्बन्धमा अध्ययन अनुसन्धान गरेका छन् । महिलालाई सामाजिक, आर्थिक, धार्मिक, शैक्षिक पक्षमा तल्लो स्थान दिइएको छ । छोरीको इच्छा र रोजाइलाई वेवास्ता गर्दै विवाहलाई नियन्त्रण गरिन्छ । महिलालाई जन्मेदेखि मृत्युसम्म कुनै न कुनै रूपमा भेदभाव गर्दै अधिकारविहिन बनाइन्छ । मिथिला क्षेत्रमा जसले विवाहमा प्रशस्त दाइजो आदानप्रदान गर्न सक्छ त्यसको सामाजिक स्थान उच्च रहने भएकोले व्यक्तिगत क्षमताको प्रदर्शन गरी उच्च हैसियत र प्रभुत्व देखाउनका लागि केटीको बाबुले दाइजो दिन नसके जग्गा जमिन बेचेर वा ऋण लिएर भए पनि दाइजो दिने गरेको पाइन्छ । कुनै जनावर वा वस्तुको मूल्य तोकेजस्तै कुनै पनि केटाको पैतृक सम्पत्ति, शिक्षाको अवस्था र जागिरको प्रकृतिअनुसार तिलक तोक्ने गरेको उल्लेख गरेका छन् (झा, १९९७) ।

वेनेट (१९८३) ले उच्च ब्राह्मण परिवारका महिलाको सामाजिक, सांस्कृतिक पक्षलाई आधार मानी महिलाको हैसियत अध्ययन गरेकी छन् । महिलालाई देवी वा दासीको रूपमा, शुद्धता र अशुद्धताको रूपमा पवित्र र अपवित्रताको रूपमा, कामुक वा खतराको रूपमा, मातृवात्सल्य र घर भडुवा जस्ता द्वैध भूमिका भएका भनी व्याख्या गरिएको छ । हिन्दू धर्मको उच्च ब्राह्मण परिवारमा महिलाको द्वैध भूमिका हुने, महिला, पुरुषद्वारा नियन्त्रित हुने, विभिन्न अवसरबाट महिलाहरू वञ्चित रहने जस्ता लैङ्गिक असमानता र भेदभावलाई स्पष्ट पार्दै छोरा पैतृक सम्पत्तिको उत्तराधिकारी हुने र छोरीलाई कन्यादान दिँदा दाइजो दिने गरेको उल्लेख गरेकी छन् (बेनेट, १९८३) ।

मेहता (१९९६ : १२, १५) ले भारतमा महिलाको अवस्था र कानुनका बारेमा विश्लेषण गरेका छन् । भारतीय महिलाको अवस्थालाई सबल बनाउन, पीडित दुर्बल र शोषित भारतका नारीको उत्थान, विकास र जीवनस्तर उकास्नका लागि कानुनी अधिकारको जानकारी गराउँदै विद्यमान अधिकार लिनका लागि सङ्घर्ष गर्न आग्रह गरेका छन् । हिन्दू धर्ममा आधारित पितृसत्तात्मक समाज भएकाले पुरुषका तुलनामा भारतका महिलाको अवस्था कमजोर रहेको छ । संविधान र कानुनमा समानता भए पनि लैङ्गिक भेदभाव यथावत नै छ । विद्यमान दाइजो प्रथा र यसबाट महिलाहरूमा परेको नकारात्मक असरलाई अंकुश लगाउन महिला कानुन लागू गरिएको थियो र आवश्यकताअनुसार

संशोधन पनि गर्दै लगियो । तरपनि महिलाहरूमा जागरुकताका कमी, जानकारीको अभाव, अधिकार लिनको लागि नलड्ने पुरानो बानीले दिन प्रतिदिन दाइजो प्रथा नियन्त्रणको बदला उल्टो विकसित हुँदै गइरह्यो । समान सहभागिताबाट सही निकास पाउन नसकिने अवस्था भएमा मात्र ऐन कानुनले महिलाको अवस्था सुधार हुनुको साटो झन विग्रने सम्भावना बताइएको छ (मेहेता, १९९६) ।

मजपुरीया (१९८९) ले नेपालमा रहेका जातजाति अनुसार वैवाहिक परम्परा भिन्न भिन्न प्रकृतिको रहेको उल्लेख गर्दै खासगरी हिन्दू विवाहका बारेमा अध्ययन र विश्लेषण गरेका छन् । विवाहमा प्रचलित दाइजो प्रथाको बारेमा विश्लेषण गर्दै सामाजिक, व्यवहार सुधार ऐन व्यवहारमा लागू हुन नसकेको उल्लेख गर्दै भारतको देखासिकीमा नेपालमा दाइजो प्रथा भित्रिएको बताइएको छ ।

पण्डित (१९९८) ले भारतीय महिलाको अवस्थाका बारेमा अध्ययन गर्दै महिलाको विवाह, शिक्षा, उच्च शिक्षा अनौपचारिक शिक्षाको अवस्थालाई विश्लेषण गरेकी छन् । शिक्षा, स्वास्थ्य, सम्पत्तिमा अधिकार आदि पक्षम महिलाको पहुँच, महिलाका लागि बनाइएका कानुन र महिला गतिशीलताका बारेमा अध्ययन गर्दै भारतीय समाजमा प्रचलित दाइजो प्रथाले महिलाको अवस्थामा पारेको प्रभावका बारेमा विश्लेषण गरिएको छ । उनले गरेको अध्ययनमा दाइजो प्रथाको पक्षका महिलाले विवाहमा अधिकारका रूपमा दाइजोलाई लिएका छन् । छोरा सरह समान अधिकार पाउने कुरा सिद्धान्त मात्र हो यथार्थ यही हो जो महिलाले भोगिरहेका छन् त्यसैले दाइजो अधिकार छोड्न चाहँदैनन् भने दाइजो प्रथा विपक्षका महिलाले दाइजोको असमझदारी बढाउने र सामाजिक समस्या ल्याउने तर्क राखेको अनुसन्धानमा उल्लेख गरेकी छन् ।

थापा (१९८५: २८) अनुसार, दक्षिण एसियाका विभिन्न मुलुकहरूका महिलाको अवस्थालाई चित्रण गर्दै नेपाली समाजमा सामाजिक विभेद र असमानताहरू विद्यमान रहेको विश्लेषण गरिएको छ । विगतदेखि नै नेपाली महिलाको स्वतन्त्रतालाई सामाजिक, आर्थिक, धार्मिक, कानुनी र राजनीतिक तत्वहरूले प्रभाव पार्दै आइरहेको पाइएको छ । सतीप्रथा, बालविवाह, अनमेल विवाह, बहुविवाह, बोक्सी, विधवा, बेचविखन, दाइजो प्रथा आदि सामाजिक तत्वहरूले नेपाली समाजका महिलाको हैसियत कमजोर बनाएको पाइएको छ ।

गुडे (१९९४ : ५१) अनुसार, विवाह व्यक्तिगत घटना नभएर सामाजिक घटनाको रूपमा लिने गरिन्छ र नातेदारीहरूबीच चासोको विषय बन्दछ । धेरैजसो सामाजमा

विवाहपश्चात् महिलालाई नयाँ भूमिका र समस्याको सामना गर्नुपर्ने हुन्छ । खासगरी अभिभावकले आफ्नो हैसियत अनुरूपको श्रीमान् छोरीको लागि खोज्दछन् । माग र पूर्तिको नियमअनुसार केटीलाई केटा खोज्ने र केटालाई केटी खोज्ने प्रक्रिया चल्दछ । प्रेम र विवाह सार्वजनिक घटनाको रूपमा लिइन्छ । त्यसैले मागी विवाहलाई समाजले मान्यता दिएको हुन्छ जहाँ बधूमूल्य र दाइजो प्रथा जस्ता परम्परा केटी वा केटाको मोलतोल हुने गर्दछ तर यसको प्रत्यक्ष प्रभाव महिलामाथि परेको पाइन्छ ।

वोउवार (२०६० : १८८) ले महिलालाई दोस्रो दर्जाको नागरिकको रूपमा गरेको व्यवहारलाई विश्लेषण गरेकी छन् । अधिकांश महिलाहरू या त विवाहित छन्, या कुनै बेला थिए या पुनः विवाहको योजना बनाइरहेका छन् भन्दै सामाजिक रूपमा विवाह नै त्यस्तो संस्था हो जसले महिलाको नियन्त्रण गरेको हुन्छ । आदिम समाजमा महिलालाई वस्तुको रूपमा दान गरिन्थ्यो । सभ्यताको विकाससँगै विवाह संस्थाले अनुबन्धको आधार ग्रहण गऱ्यो आज पनि दाइजो र उत्तराधिकारले महिलालाई परिवारमा दासीको रूपमै राखेको पाइन्छ । विवाहमा केटीका अभिभावकद्वारा केही दान दिइन्छ । जबकी केटाले पत्नीलाई ग्रहण गरोस पुरुषको तुलनामा स्त्रीमाथि विवाहको बन्धन जबरजस्ती लादिन्छ विवाहको अलावा स्त्रीको सामु अन्य कुनै मार्ग देखाइँदैन र विवाहको निर्धारित उद्देश्य नै महिलालाई बन्धनमा राख्नु हो भनी विश्लेषण गरेकी छन् ।


मानव समाजको आधा आकाश ढाक्ने महिलाहरूलाई सदैव दोस्रो दर्जाका नागरिकको रूपमा व्यवहार गरिँदै आएको छ । यद्यपि आधुनिक नारीहरू आफ्नो अधिकार र स्वतन्त्रताका लागि संघर्षरत छन् र स्थिति केही सुधारोन्मुख पनि छ, वास्तविकता हो कि हाम्रो पितृसत्तात्मक समाजमा जन्मजात रूपमा नै छोरीलाई भेदभाव गरिन्छ । उनीहरूलाई अरुको सम्पत्ति, अतिरिक्त खानेमुख र बोझको रूपमा लिइन्छ । अभिभावकहरू आफ्नी हुर्के बढेकी छोरीलाई विवाह गर्न हतारिन्छन् र विवाहपश्चात् छोरीको सुखका लागि बेहुलालाई धेरै महंगा वस्तुहरू (कपडा, गहना, घडी, रेडियो, टि.भी., मोटरसाइकल, कार, फ्ल्याट आदि) दाइजोका रूपमा हस्तान्तरण गर्दछन् (मइत्रा, १९९३ः १२) ।

उपरोक्त अध्ययन तथा कृतिहरूले दाइजो प्रथा सम्बन्धमा विभिन्न विधागत पक्षबाट केलाउने प्रयत्न भएको पाइएको छ । महिलाहरूले स्थिति र दाइजो प्रथाका बारेमा भिन्न भिन्न कोणबाट विश्लेषण गरिएको भए पनि वास्तविक महिलाहरूमा दाइजो प्रथाप्रतिको धारणा बुझेको देखिदैन । महिलाहरूको दाइजोप्रतिको दृष्टिकोण, सोचाइ र धारणा बुझ्ने

क्रममा विश्लेषकबाट केही मात्रामा मात्र अनुसन्धान गरेको पाइएको छ । ग्रामीण ब्राह्मण जातिका महिलाहरूमा दाइजो प्रथाप्रतिको धारणा बुझ्ने कुनै पनि त्यस्ता सान्दर्भिक अनुसन्धान नभएको परिस्थितिमा यो शोधकार्यबाट सामाजिक, सांस्कृतिक विकासमा टेवा पुऱ्याउने विश्वास लिइएको छ ।

## २.३ अध्ययनको अवधारणात्मक खाका

यस अनुसन्धानका दाइजो प्रथाप्रतिको धारणा बुझ्ने क्रममा दाइजोसँग सम्बन्धित अन्य चलहरूबीचको अन्तरसम्बन्धलाई पनि विश्लेषण गरिएको छ । यस अध्ययनमा व्यक्ति, परिवार, समुदाय र विवाह स्वतन्त्र चलको रूपमा सामाजिक संरचना र पारिवारिक संरचनाका विभिन्न स्वरूपहरू हस्तक्षेपी चलको रूपमा दाइजो प्रथाप्रतिको सकारात्मक र नकारात्मक धारणा आश्रित चलहरूका रूपमा लिएर चलहरूको अन्तरसम्बन्धलाई विश्लेषण गरिएको छ ।



प्रस्तुत खाकामा विवाह स्वतन्त्र चल हो । यो स्वतन्त्र चल माथि सामाजिक संरचनाका रूपमा रहेका सामाजिक मूल्य, मान्यता र दृष्टिकोण, सांस्कृतिक प्रथा र परम्परा, लैङ्गिक सामाजिकीकरण र पारिवारिक संरचनाका रूपमा रहेका व्यक्तिहरूको प्रवृत्ति, पुरुष सदस्यको धारणा, महिला सदस्यको धारणा, स्रोत साधनमा पहुँच आदि हस्तक्षेपी चलहरूले प्रत्यक्ष प्रभाव पार्दछन् र दाइजो प्रथाप्रति सकारात्मक धारणा र दाइजो प्रथाप्रति नकारात्मक धारणाले अप्रत्यक्ष प्रभाव पार्दछन् र यिनै स्वतन्त्र, हस्तक्षेपी र आश्रित चलहरूबीचको आपसी अन्तरक्रियात्मक अन्तरसम्बन्ध विकसित हुँदा दाइजो प्रथाप्रतिको धारणामा सकारात्मक वा नकारात्मक धारणाको परिणाम देखिएको छ ।

# अध्याय-तीन

# अनुसन्धान विधि

यस खण्डमा शोधपत्रको अनुसन्धानमा प्रयोग गरिएका विधिहरूका बारेमा उल्लेख गरिएको छ । अनुसन्धानको क्रममा संख्यात्मक र गुणात्मक तथ्यांक र सुचना संकलन गर्न विभिन्न विधिहरू अपनाइएका छन् । यस खण्डमा शोधपत्रको अध्ययन क्षेत्र छनौटको औचित्य, प्रकृति र स्रोतहरू, तथ्याङ्क संकलन विधि, तथ्यांकको विश्लेषण र प्रस्तुतीकरणलाई प्रस्तुत गरिएको छ ।

## ३.१ अध्ययन क्षेत्र छनौटको औचित्य

ब्राह्मण जातिय विवाहमा दाइजो प्रथा अहिलेको संवेदनशील समसायिक विषय हो । नेपालका अधिकांश हिन्दू धर्म मान्ने ब्राह्मण जातिहरूमा कुनै न कुनै रूपको दाइजो प्रथा प्रचलित छ । नेपालमा मात्र होइन छिमेकी राष्ट्र भारतमा समेत विवाहमा दाइजो प्रथा कायम रहेको पाइन्छ । विवाहको अवसरमा केटी पक्षबाट दाइजो दिने र केटा पक्षबाट दाइजो लिने प्रचलन वर्तमानमा मात्र होइन विगतदेखि नै प्रथा परम्परा र संस्कारको रूपमा चल्दै आइरहेको छ ।

ब्राह्मण समुदायको बाहुल्यता रहेको यस गा.वि.स. मा दाइजोको लेनदेन बढी प्रचलित रहेको कारणले यस सम्बन्धी अध्ययन गर्ने र त्यहाँका महिलाको धारणा बुझ्ने प्रयास स्वरूप स्याङ्जा जिल्लाको आरुचौर गा.वि.स. भित्रको वडा नं. २ र ३ का ब्राह्मण जातिका महिलाहरूलाई उद्देश्यमुलक नमुना छनौट विधिबाट अध्ययन क्षेत्रको छनोट गरिएको हो ।

## ३.२ अनुसन्धान ढाँचा

यस अनुसन्धानको उद्देश्य प्राप्तिका लागि दुई किसिमका अनुसन्धान ढाँचा प्रयोग गरिएको छ । अध्ययन क्षेत्रको प्रतिनिधिहरूको विस्तृत विवरण लिनका लागि सामाजिक, अीर्थक, शैक्षिक अवस्था, उमेर, पारिवारिक संरचना, किसिम वा कुनै खास स्थिति आदिका सम्बन्धमा वर्णनात्मक अनुसन्धान ढाँचा प्रयोग गरिएको छ भने महिलाहरूको दाइजो

प्रथाप्रतिको धारणा बुझ्न र दाइजो प्रथाले महिलाको अवस्थामा पारेको प्रभावको अध्ययन गर्न अन्वेषणात्मक अनुसन्धान ढाँचा प्रयोग गरिएको छ।

## ३.३ तथ्याङ्कको प्रकृति र स्रोतहरू

अनुसन्धानमा विशेष गरी प्राथमिक र द्वितीय स्रोतबाट तथ्याङ्क र सूचनाहरू संकलन गरिएको छ। प्राथमिक स्रोतबाट तथ्याङ्क संकलन गर्दा गुणात्मक र संख्यात्मक दुवै किसिमका तथ्याङ्कहरू संकलन गरिएको छ भने गुणात्मक तथ्यांकलाई विशेष प्राथमिकता दिइएको छ र आवश्यकता अनुसार संख्यात्मक तथ्यांक पनि संकलन गरिएको छ। प्राथमिक तथ्यांक संकलन गर्नका लागि अध्ययन क्षेत्रमा शोधकर्ताले अवलोकन, अर्न्तवार्ता, अर्न्तवार्ता अनुसूची र समूह छलफल आदि विधिहरू अपनाइएको छ। द्वितीय तथ्यांक र सूचनाहरू संकलन गर्न विभिन्न लेख, रचना, समीक्षा, प्रकाशन, अभिलेख, पत्रपत्रिका, गा.वि.स. प्रतिवेदन, प्रकाशित र अप्रकाशित स्रोतहरू तथा अन्य सम्बन्धित साहित्यको सहयोग लिइएको छ।

## ३.४ जनसङ्ख्या र नमुना छनौट

यस अनुसन्धानमा स्याङ्जा जिल्लाको आरुचौर गा.वि.स. का नौ वटा वडाहरू मध्ये २ र ३ वडाहरूलाई अध्ययन क्षेत्रको रूपमा लिइएको छ। वडा नं. २ र ३ बाट नमूना छनौट विधिबाट ब्राम्हण जातिलाई मात्र छुट्याइएको छ। वडा नं. २ र ३ का विवाहित महिलाहरू क्रमश : १७४ र १३५ गरी जम्मा ३०९ जना रहेका छन्। जस मध्येबाट उद्देश्यमूलक नमूना छनोट विधि प्रयोग गरी २०% भन्दा बढी ७० जना विवाह उमेर समूह (१५-२५) वर्षका महिलाहरूलाई मात्र प्रतिनिधिको रूपमा छनोट गरिएको छ।

## ३.५ पूर्व परीक्षण

महिलाहरूमा दाइजोप्रतिको धारणा बुझ्नका लागि बनाइएको प्रश्नावली अनुसूचीको सही मूल्यांकनका लागि के कस्ता प्रश्नहरू सान्दर्भिक हुन्छन् र विश्वसनीय सूचना संकलन गर्न मद्दत गर्दछन् भन्ने थाहा पाउन आरुचौर गा.वि.स. को वडा नं. २ मा अवस्थित तालपोखरी गाउँका सदस्यहरूमा अर्न्तवार्ता अनसूचीमार्फत १० जना महिलाहरूको अन्तवार्ता लिइएको थियो। उक्त परीक्षणपश्चात केही प्रश्नहरू जटिल भएको र केही

प्रश्नहरू असान्दर्भिक भएको महसुस गरी ती प्रश्नहरूलाई सरलीकृत गर्ने वा हटाउने गरिएको थियो । यसरी अध्ययनका क्रममा आवश्यक पर्ने सूचना भरपर्दो, विश्वसनीय ढंगबाट प्राप्त हुने विश्वासपश्चात् मात्र पूर्व परीक्षण गरिएका अर्न्तवार्ता अनुसूचीलाई प्रयोग गरिएको थियो ।

## ३.६ बैद्यता र विश्वसनीयता

अवलोकन, अर्न्तवार्ता र समूह छलफल विधि अपनाएर गरिएको अनुसन्धान भएकाले तथ्यांकबाट प्राप्त जानकारीलाई संख्यात्मक र गुणात्मक विश्लेषण गरी निष्कर्षमा पुग्न सहयोग पुऱ्याउने हुनाले लैङ्गिक मुद्दाको अर्थपूर्ण विश्लेषण गर्न सहयोग गरेको छ । पूर्व परिक्षण गरिएका प्रश्नावली वा अन्तरवार्ता अनुसूची प्रयोग गरी त्यसबाट प्राप्त सूचनालाई आधार मानिएकोले यो अनुसन्धान वैद्य र विश्वसनीय छ ।

## ३.७ तथ्यांक संकलन विधि

तथ्यांक संकलन विधि छनौट गर्दा अनुसन्धानको विषय वा समस्याको प्रकृति र उद्देश्यलाई मुल्याङ्कन गर्दै समय, स्रोत र साधनको पर्याप्ततालाई मध्यनजर गरी अनुसन्धानको सही परिणाम निकाल्न तथ्य र विश्वसनीय तथ्यांक तथा सूचना संकलनमा विशेष जोड दिइएको छ । अनुसन्धानमा प्रयोग गरिएको प्रविधि र औजारको होशियारी पूर्वक छनौट गरी निम्न विधिहरूको प्रयोग गरिएको छ ।

### ३.७.१ अर्न्तवार्ता अनुसूची

ग्रामीण महिलाहरूमा दाइजो प्रथाप्रतिको धारणा बुझ्नका लागि सम्बन्धित विषयवस्तुमा आधारित रहेर विभिन्न प्रकारका सूचीबद्ध प्रश्नहरूलाई उत्तरदाता प्रतिनिधिहरू समक्ष पुऱ्याइएको थियो । असंरचित अन्तरवार्ता विधि प्रयोग गरिएको थियो । खुला र बन्द प्रकृतिका प्रश्नहरू रहेका थिए भने बन्द प्रकृतिका प्रश्नहरू बढी प्रयोग भएका छन् । यसरी लिइएको अन्तवार्ताबाट विषयवस्तुसँग सम्बन्धित प्राथमिक सूचनाहरू प्रशस्त प्राप्त गर्न सकिएको छ र त्यस क्षेत्रको सामाजिक, सांस्कृतिक, धार्मिक, लैङ्गिक, शैक्षिक, आर्थिक अवस्थाको जानकारी लिन सकिएको छ ।

### ३.७.२ समूह छलफल

समूह छलफल वडा नं. २ का आमा समूहका सदस्यहरू, युवा क्लवका सदस्यहरू, स्थानीय सामाजिक कार्यकर्ता, समाजसेवीहरू, समाजका बूढापाका व्यक्तिहरूको प्रतिनिधित्व गरी ५-५ जनाको समूहमा ३ वटा छलफल संचालन गरिएको थियो । उक्त छलफलमा अनुसन्धानको विषयलाई लिएर विगतमा दाइजो प्रथा कस्तो ढाँचा, स्वरूप र प्रकृतिको थियो र वर्तमानमा कस्तो अवस्थामा रहेको छ र आम समुदायमा दाइजो प्रथा प्रति कस्तो धारणा छ भन्ने बारेमा छलफल भई संचालन भएको थियो, जसबाट अन्तवार्ताबाट प्राप्त गर्न नसकिएका महत्वपूर्ण सूचना प्राप्त गर्न सकिएको थियो ।


### ३.७.३ अवलोकन

कार्य क्षेत्रको समयमा अन्य विधिहरूको प्रयोग सँगसँगै अवलोकन विधिको पनि प्रयोग गरिएको छ । शोधकर्ता अध्ययन क्षेत्रमा दैनिक अन्तक्रियात्मक रूपमा सम्बन्धित भएकाले त्यस क्षेत्रको विवाह संस्कार, दाइजो प्रथा र महिलाहरूको अवस्थाको बारेमा विभिन्न समय र घटनासँग परिचित रहन र अवलोकन गर्न अवसर पाएको छु । अझै पनि सही, सत्य र तथ्य सूचना संकलन गर्नको लागि स्थानीय स्तरमा भएका विवाहहरूमा समावेश भई प्रत्यक्ष अवलोकन गर्ने अवसर मिलेको थियो । यसरी यस अनुसन्धान कार्यमा तथ्यांक संकलन विधिका रूपमा अवलोकन विधि पनि महत्वपूर्ण रहेको छ ।

## ३.८ तथ्यांकको विश्लेषण एवम् प्रस्तुतीकरण

संकलित तथ्यांकहरूलाई विश्लेषण गरेपछि मात्र अध्ययनको वास्तविकता उजागर हुने हुँदा विश्लेषण पक्षको विशेष महत्व रहन्छ । अनुसन्धानबाट प्राप्त भएका तथ्यांकहरूलाई संख्यात्मक र गुणात्मक दुवैको छुट्टाछुट्टै विश्लेषण गरिएको छ । तथ्यांकहरूलाई सम्पादन गरी सांकेतीकरण, वर्गीकरण र तालिकीकरणको माध्यमबाट तथ्यांकको विश्लेषण गरिएको छ । यसरी विश्लेषित तथ्यांकहरूलाई आवश्यकताअनुसार वर्णनात्मक व्याख्याका साथसाथै विविध तालिकाबाट तथ्यांक प्रस्तुत गरिएको छ । तथ्यांकलाई अझ आनन्दमय बनाउन आवशयक फोटोग्राफ पनि राखिएको छ ।


स्याङ्जा जिल्ला
अध्ययन क्षेत्र
कास्की जिल्ला
पर्वत जिल्ला
पर्वत जिल्ला
तनहुँ जिल्ला
तनहुँ जिल्ला
गुल्मी जिल्ला
पाल्पा जिल्ला
पाल्पा जिल्ला
पाल्पा जिल्ला
N
W
E
S
आरुखर्क
फेदिखोला
पौवेगौडे
टक्सार
आरुचौर
पञ्चमुल
फापरथुम
राणाकोट
दरौं
पुतलीबजार नगरपालिका
जिल्ला सदरमुकाम
अर्जुनचौपारी
सिमल
कालिका
कोट
भञ्ज्याङ
स्वरेक
दार्सिङ
दहथुम
पेल्काचौर
बिरुवा
अर्चले
ओरस्टे
किचनास
मनकामना
माफकोट
एलादी
वालिङ
नगरपालिका
जगत
भञ्ज्याङ
केवरे
भञ्ज्याङ
भल्याङकोट
चिलेवास
क्याङमी
सेखाम
रत्नपुर
साखर
पिडिखोला
सिर्सेकोट
पेलाकोट
निबुवाखर्क
तीनदोवाटे
जगतदेवी
पवनाजी
कुवाकोट
मालुङ्गा
आलम
देवी
चण्डी
भञ्ज्याङ
बिर्घा
अर्चले
श्रीकृष्ण
गण्डकी
सेती
दोभान
बागे
फाटुके
तुल्सी
भञ्ज्याङ
चित्रे
भञ्ज्याङ
छाङछाङ
दिली
0
2,650
5,300
10,600
15,900
21,200
Meters


MAP OF STUDY AREA, AARUCHOUR VDC (SYANGJA)
N
Pakhapani VDC
Karkineta VDC
Bhangara VDC
Arjunchaupari VDC
Sataun VDC
Daraun Sirubari VDC
Panchamul VDC
Rapakot VDC
Aaruchour V.D.C.
INDEX
V.D.C.
V.D.C. BOUNDARY
WARD BOUNDARY
TEMPLE

# अध्याय-चार

## भौगोलिक एवं सामाजिक, आर्थिक र जनसांख्यिक अवस्था

यस खण्डमा अध्ययन क्षेत्रको भौगोलिक, जनसांख्यिक एवं उक्त अध्ययन क्षेत्रका महिलाहरूको सामाजिक, आर्थिक अवस्थाको संक्षिप्त परिचय दिइएको छ ।

### ४.१ अध्ययन क्षेत्रको भौगोलिक अवस्था

शोधपत्रको अध्ययन क्षेत्रको रूपमा आरुचौर गाउँलाई लिइएको छ । आरुचौर गा.वि.स. पर्वतको भंगारा गाविस र ग्रामीण पर्यटन केन्द्र शिरुवारीको विचमा पर्छ । स्याङ्जा सदरमुकाम देखि उत्तर पश्चिम भू-भागमा अवस्थित आरुचौर करिब २०१६ वर्ग किलोमिटरमा फैलिएको छ । समुन्द्री सतहबाट करिब ७०० देखि १५०० मिटरसम्मको उचाइमा अवस्थित मनोरम प्राकृतिक दृश्यले भरिपूर्ण यो क्षेत्र पूर्वमा पञ्चमुल गा.वि.स., पश्चिममा भंगरा, उत्तरमा पञ्चासे दक्षिणमा रापाकोट, गा.वि.स.का बीचमा रहेको छ ।

समशीतोष्ण हावापानी रहेको यस गाउँमा कुल भू-भागको ३३.३७ प्रतिशत अर्थात् ४०३४ हेक्टर वनजंगल रहेको छ । गाउँको मध्य भागबाट कच्ची सडक मार्फत प्रत्येक वडाहरूमा यातायातको सुविधा उपलब्ध छ । धार्मिक दृष्टिकोणले डहरे डेउराली, पञ्चासे र पर्यटकीय दृष्टिकोणले छिमेकी गा.वि.स. शिरुवारी ग्रामीण पर्यटन केन्द्र, चन्द्रकला सांस्कृतिक प्रतिष्ठान आदि प्रख्यात रहेका छन् भने विगतमा आरुका बोट बढी मात्रामा रहेका बगैचा भएकोले यी दुई आरु र वगैचालाई समीकरण गरी आरुचौर गा.वि.स. को नामाकरण गरिएको स्थानीय बासिन्दाले बताउँछन् ।

कास्की जिल्लासँग प्रत्यक्ष यातायात जोडिएको गाउँ भएकाले पोखरासँगै अन्तरसम्बन्धित भएर यहाँका मानिसहरूले आधारभूत सुविधाहरू उपलब्ध गरेका छन् । सूचना र संचारका लागि ताररहित टेलिफोन र मोवाइल सेवा प्रयोग गरेको पाइन्छ भने विद्युतको सुविधा रहेको हुँदा रेडियो र टेलिभिजन प्राय : सबै घरमा देख्न सकिन्छ । सामान्यतया खाना पकाउन दाउराको प्रयोग र गोबरग्याँसको प्रयोग गरिएको छ भने थोरै मात्रामा एल.पि ग्याँसको प्रयोग गर्दछन् ।

### ४.१.१ अध्ययन क्षेत्रको सामजिक र आर्थिक अवस्था

सामाजिक संरचना निर्माणका लागि आधारभूत संस्थाहरू भनेका नै विवाह, परिवार र नातेदार हुन् । यिनै आधारभूत संस्थाका आधारमा सामाजिक, आर्थिक, सांस्कृतिक, राजनैतिक, धार्मिक जस्ता बृहत् संस्थाहरू सक्रिय छन् । आधारभूत संस्था र बृहत् संस्थाहरू अन्तर सम्बन्धित र अन्तर प्रभावित भएका कारण कुनै एउटा संस्थामा आएको परिवर्तनले अन्य संस्थाहरूमा स्वतः परिवर्तन हुन पुग्दछ । संसारका कुनै पनि समाज, परिवारविना बन्न सक्दैनन् । परिवारको स्थापनाले परिवारका सदस्यको आर्थिक, सामाजिक, मनोवैज्ञानिक र शारीरिक आवश्यकता परिपूर्ति गर्दछ । यही परिवारको संरचनाको लागि विवाह आवश्यक छ । संसारका भिन्न भिन्न समाजमा विवाहको प्रकृति, विवाहप्रतिको सोचाइ, भिन्न-भिन्न खालको पाउन सकिन्छ तर सबैको साझा उद्देश्य भने परिवारको निर्माण गर्नु नै हो ।

आरुचौर ग्रामीण क्षेत्रको परिवेशलाई हेर्दा यहाँ हिन्दू धर्म मान्ने ब्राम्हण जातिको विवाहमा दाइजो प्रथा, प्रचलित रहेको छ । खास गरी आरुचौर गाउँमा मागी विवाह प्रचलनमा रहेको र अभिभावकले नै विवाहको निर्णय गर्ने गरेको पाइएको छ । यसरी हुने मागी विवाहमा लमीको भूमिका रहने र केटापक्ष तथा केटीपक्ष बीचमा दाइजोको लेनदेन हुने गरेको छ । अति थोरै मात्रामा प्रेम विवाह हुने गरेको र अन्तर जातीय विवाहलाई समाजमा नराम्रो दृष्टिले हेर्ने गरिएको छ । पुनर्विवाहको सवालमा पुरुष र महिला दुवैलाई निषेधित जस्तै छ । किनभने अध्ययन क्षेत्रमा पुर्नविवाह र विधवा विवाह प्रचलनमा देखिएको छैन । अध्ययन क्षेत्रमा मनाउने चाडपर्वहरू जस्तै ऋषि पूर्णिमा, तीज, दशै, तिहार, माघे संक्रान्ति, पुसे पन्ध्र, श्रीपञ्चमी, शिवरात्रि, फागु पूर्णिमा, चैते दशैं आदि रहेका छन् ।

विशेष गरी महिलाहरूले तीजमा आफ्नो पतिको सु-स्वास्थ्य र दीघार्युका लागि निःराहार व्रत बस्ने गर्दछन् । अध्ययन क्षेत्रमा पितृसत्तात्मक सामाजिक संरचना रहेको छ । छोरा र छोरीको शिक्षामा गरिने लगानीमा समानता रहेको र छोरीलाई भने १५ देखि २० वर्षभित्र नै विवाह गरिदिने चलन रहेको छ । विवाहमा अभिभावकको निर्णय नै अन्तिम निर्णय हुने गरेको र विवाहका लागि आवश्यक योग्यता हासिल गरेपछि छोरीलाई विवाह गरिदिनु अभिभावकको दायित्व भएको र आर्थिक सहयोगका लागि विवाहमा दाइजो दिने चलनको व्यापकता रहेको छ ।

अध्ययन क्षेत्रको आर्थिक अवस्थालाई अध्ययन गर्दा यहाँका महिलाहरूको अवस्था दयनीय देखिन्छ । प्राय महिलाहरू गृहिणीको रूपमा घरायसी कार्यमा तल्लिन रहनुपर्ने हुँदा

आयआर्जनको अवस्था कमजोर छ । विवाह महिलाका लोग्ने पुरुषहरू वैदेशिक रोजगार, स्वदेशी जागिरमा आवद्ध रहेकाले महिलाहरूले छोराछोरीको स्याहार सुसार र घरायसी कामकाज साथै कृषि पेशामा संलग्न हुनुपर्ने बाध्यता छ । गृहिणीको कारणले शैक्षिक अवसरबाट बञ्चित हुनुपरेको र जागिर व्यवसाय स्वावलम्बी पेशा अनुसरण गर्न नसकेको अवस्था विद्यमान छ ।

### ४.१.२ जनसांख्यिक अवस्था

वि.सं. २०५८ सालको जनगणनाअनुसार यस गा.वि.स. मा ५५० घरधुरीमा करिब ३१८५ जनसंख्या रहेकोमा पुरुष १४९१ र महिला १६९४ रहेका छन् । यस गा.वि.स. मा बसोबास गर्ने जातजातिहरूमा ब्राह्मणको बाहुल्यता रहेको र दलित जनसंख्या ५४६, क्षेत्री ९४६ रहेका छन् । अध्ययन क्षेत्रको रूपमा आरुचौर गा.वि.स. वडा नं. २ र ३ छानिएका छन् । जहाँ ब्राह्मण जातिकै बाहुल्यता रहेको छ । यस अध्ययनमा पनि ब्राह्मण जातिलाई मात्र समेटिएको छ । वडा नं. २ र ३ मा जम्मा ब्राह्मण जातिका महिलाहरूको जनसंख्या ३०९ रहेको छ । त्यहि जनसंख्याबाट २०% भन्दा बढी महिला उत्तरदाताको रूपमा उद्देश्यमूलक नमुना छनोट विधिबाट विवाहित महिलाहरूलाई प्रतिनिधिको रूपमा छनोट गरी हिन्दू धर्म मान्ने ब्राम्हण जातिमा छोरी वा महिलाप्रति रहेको व्यवहार, दृष्टिकोण र धारणालाई अध्ययन गरिएको छ ।

## ४.२ पारिवारिक अवस्था

विवाह सामाजिक संस्था भएकोले विवाहपश्चात सन्तान जन्माउने प्रक्रियाअनुरूप पारिवारिक जीवनको शुरुवात हुन्छ । कुनै परिवारमा धेरै सदस्यहरू हुन्छन् भने कुनै परिवारमा थोरै सदस्यहरू हुन्छन् । कतिपय समुदायको पारिवारिक संरचना एकल परिवार जसमा २-४ जना सम्म सदस्यहरू रहेका हुन्छन् जसलाई सानो परिवार भनिन्छ । त्यस्तै ४-६ जनाको परिवारलाई मध्यम परिवार भनेर बुझिन्छ भने ६ भन्दा धेरै सदस्य रहेको परिवारलाई ठूलो परिवारको रूपमा लिइन्छ । अध्ययन क्षेत्रको पारिवारिक अवस्थालाई पारिवारिक संरचना र परिवारको आकारको आधारमा अध्ययन गरिएको छ ।

### ४.२.१ पारिवारिक संरचना

परिवारभित्र विभिन्न सदस्यहरू हुन्छन् । परिवार पनि एउटा सामजिक संस्था हो । परिवारका सदस्यको आधारमा परिवारको आकारको निर्धारण गर्न सकिन्छ । सामाीजक संस्था भएकोले परिवारले समाजको हरेक विकासमा उचित योगदान दिनुपर्ने हुन्छ । सामाजिक विकास र उत्थानमा सदस्यहरूको प्रभावकारी भूमिका रहने र छोटो, सिमित र बौद्धिक सदस्य भएको परिवारले समाजको गुणस्तरीय संस्कार र प्रचलनको बोध गराउने हुँदा परिवार र सामाजिक नीति नियमको कार्यन्यवनबीच गहिरो सम्बन्ध हुन्छ । उत्तरदाताको परिवारको संरचना तालिकामा देखाइएको छ ।

**तालिका ४.१**

**उत्तरदाताको पारिवारिक संरचना**

| परिवारको संरचना | उत्तरदाता | प्रतिशत |
|---|---|---|
| एकल परिवार | ३० | ४४.३ |
| संयुक्त परिवार | ४० | ५५.७ |
| जम्मा | ७० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०६८

तालिका ४.१ अनुसार ४४.३ प्रतिशत महिला एकल परिवारमा बस्दछन् भने ५५.७ प्रतिशत महिलाहरू संयुक्त परिवारमा बस्ने गर्दछन् ।

### ४.२.२ पारिवारिक आकार

परिवारमा बस्ने सदस्यहरूको संख्याका आधारमा परिवारको  आकारलाई सानो, मध्यम र ठूलो आकारमा वर्गीकरण गरिएको छ । जसमा २ देखि ४ सदस्यहरू रहेको परिवारलाई सानो परिवारका रूपमा, ४ देखि ६ जना सदस्यहरू भएको परिवारलाई मध्यम परिवारको रूपमा र ६ देखि माथिको संख्यामा रहेको परिवारलाई ठूलो परिवारको रूपमा मानिएको छ । उत्तरदाताको पारिवारिक आकार तल तालिकामा देखाइएको छ ।

**तालिका ४.२**

**उत्तरदाताको पारिवारिक आकारको आधारमा वर्गीकरण**

| परिवारको आकार | उत्तरदाता | प्रतिशत |
|---|---|---|
| सानो परिवार (२-४) | १४ | २० |
| मध्यम परिवार (४-६) | ४२ | ६० |
| ठूलो परिवार (६-माथि) | १४ | २० |
| जम्मा | ७० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०६८

तालिका ४.२ अनुसार ६० प्रतिशत उत्तरदाताको मध्यम आकारको परिवार रहेको पाइयो भने २० प्रतिशत उत्तरदाताको सानो आकारको परिवार रहेको पाइयो र त्यसै गरी २० प्रतिशत उत्तरदाताहरूको मात्र ठूलो आकारको परिवार रहेको भेटियो ।

## ४.३ उत्तरदाताको व्यक्तिगत विवरण

व्यक्ति फरक-फरक वातावरण र संस्कारमा हुर्केको हुनाले उसको क्षमता, रुचि, चाहना र योग्यता अर्को व्यक्तिसँग नमिल्न सक्छ । वातावरण र वंशानुक्रमले व्यक्तिको सिकाइको परिपक्कतामा प्रभाव पार्ने भएकाले व्यक्तिगत विकास घरायसी र पारिवारिक स्तरमा निर्भर रहन्छ । उत्तरदाताको व्यक्तिगत विभिन्नता, शैक्षिक योग्यता र उमेरअनुसारको चालचलन र वैवाहिक स्थितिलाई व्यक्तिगत विवरणभित्र अध्ययन गरिएको छ ।

### ४.३.१ शैक्षिक तथा उमेरको विवरण

शिक्षा मानिसको ज्ञान, सीप, क्षमता, दक्षता विकास गर्ने शशक्त माध्यम हो । समाजको समग्र विकास गर्न समाजमा रहेका व्यक्तिहरूको शैक्षिक स्तर पनि उच्च हुनुपर्ने हुन्छ । शिक्षित व्यक्तिबाट समाजको नेतृत्व र चालचलनमा व्यापक सुधार गरी वैज्ञानिकतामा आधारित सामाजिक संस्कार निर्माण गर्नमा सहयोग पुग्दछ । उमेर अनुसार शिक्षा पनि फरक फरक हुने हुँदा उत्तरदाताको उमेर र शैक्षिक स्तरको विवरण तल तालिकामा देखाइएको छ ।

## तालिका ४.३

## उत्तरदाताको उमेरगत आधारमा शैक्षिक स्तर

| उमेर समूह ( वर्ष) | निरक्षर | साक्षर | एस.एल.सी भन्दा कम | एस.एल.सी पास | आई.ए. पास | बी.ए. पास | बी.ए. भन्दा माथि | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| १५-२० | - | - | - | ४ | - | - | - | ४ | ५.७ |
| २१-३० | १ | - | १३ | ११ | ८ | १ | १ | ३५ | ५०.० |
| ३१-४० | २ | ६ | ६ | ६ | १ | - | - | १८ | २५.७ |
| ४१-५० | ४ | २ | - | - | - | - | - | ६ | ८.७ |
| ५० भन्दा माथि | ७ | - | - | - | - | - | - | ७ | १०.० |
| जम्मा % | १४ (२०.०) | ८ (११.४) | १९ (२७.१) | १८ (२५.७) | ९ (१२.९) | १ (१.४) | १ (१.४) | ७० (१००) | १००% |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८

तालिका ४.३ अनुसार महिलाको उमेरगत संरचना र शिक्षाको स्तरलाई देखाएको छ । यस अध्ययनबाट ५० प्रतिशत उत्तरदाताहरू २१ देखि ३० वर्षको समूहमा पर्दछन् भने २५.७ प्रतिशत उत्तरदाता ३१ देखि ४० वर्षको समूहमा पर्दछन् । त्यसैगरी १० प्रतिशत ५० भन्दा माथिको उमेर समूहमा पर्दछन् ८.७ प्रतिशत र ५.७ प्रतिशत क्रमश : ४१ देखि ५० र १५ देखि २० वर्षको उमेर समूहमा पर्दछन् । महिलाको शैक्षिक स्तरलाई हेर्दा २७.१ प्रतिशत महिलाहरू एस.एल.सी भन्दा कम पढेका छन् भने २५.७ प्रतिशत एस.एल.सी पास भएका छन् । २०.० प्रतिशत महिलाहरू निरक्षरको अवस्थामा रहेका छन् भने ११.४ प्रतिशत साक्षर मात्र रहेका छन् । त्यसैगरी उच्च शिक्षा हासिल गर्ने क्रममा आई.ए. पास १२.९ प्रतिशत रहेको छ भने वि.ए. पास र वि.ए भन्दा माथि क्रमश १.४ र १.४ प्रतिशत रहेका छन् ।

**वैयक्तिक अध्ययन-एक**

आरुचौर गा.वि.स वडा नं. २ निवासी वर्ष २० की उत्तरदाता सोही वडाको महिला समूहकी सचिव हुन् । उनको विवाह २०६५ सालमा भएको हो र उनको विवाह गर्दाको उमेरमा १०+२ पढ्दै गरेकी थिइन । उनका बाबुआमा कृषि पेशामा आवद्ध हुनुहुन्छ । विवाहमा दाइजो नल्याएका कारण उनका श्रीमानले कहिले कुटपिट गर्ने, कहिले सम्बन्धिविच्छेद गर्ने धम्की दिएको कारण १०+२ को अध्ययन पनि पूरा गर्न नपाएको गुनासो गर्दछिन् । बाबुआमाले पनि दाइजो दिन नसक्दा छोरीले महिला हिंसा सहनु परेको बताउने यी उत्तरदाता आफूले भोग्नु परेको हिंसाजन्य गतिविधिबाट सुरक्षित रहन आमासमूहको सचिवको नेतृत्व समालेको बताउँछिन् । आमा समूहको सचिव भएपश्चात वडा नं. २ मा महिला सशक्तिकरणको प्रयासमा तल्लिन रही महिलाका हिंसाजन्य गतिविधिको विरुद्धमा कडा आवाज बुलन्द गर्दै आएकोले घरबाट पनि पहिले जस्तै हिंसाजन्य क्रियाकलाप सहनु नपरेको बताउँदछिन् ।

अहिले उनका श्रीमान, सासुससुरा र अन्य सदस्यहरूले समेत हरेक गतिविधि र क्रियाकलापमा उनकै सल्लाह बमोजिम संचालन गर्दै आएका तथ्यले सामाजिक संरचना र अपराध/हिंसाजन्य घटनाको न्यूनिकरणका लागि समाजमा नेतृत्व लिई सोही अनुसारको गतिविधिलाई सक्रिय बनाउनुपर्ने धारणा बताईन । विवाहमा दाइजो लेनदेन गरी न्यूनतम रकम सम्मका लागि मात्र छुट र बढी लेनदेन गर्ने दुवैपक्षलाई दण्ड र दाइजो कम ल्याउनेलाई पुरस्कार दिने प्रणालीको समेत शुरुवात आफ्नो महिला समूहको निर्णय रहेको कुरा सचिवको हैसियतबाट आफूले निर्णय गराएको महत्वपूर्ण कुरा बताईन ।

समाजमा दाइजो विरुद्ध नागरिक चेतनामूलक कार्यक्रम संचालन गर्ने नेतृत्व आफूले लिई हरेक हप्ताको शुक्रबार विहान प्रत्येक टोलटोलमा अभिमुखीकरण कार्यक्रम संचालन गर्न समेत फुर्सद निकालेकी यी उत्तरदाताले आफू दाइजोका कारण अपमानित हुनुपरेको घटनाले बढी जागरुक र उत्साहित बनाएको बताउँछिन् । सामाजिक नेतृत्व समेत वहन गरेकी यी महिलालाई अहिले घरपरिवारका सदस्यले समेत सामाजिक सेवामा लाग्ने फुर्सद मिलाइदिने गरेको कुरा समेत स्पष्ट पारिन । विवाह गरेका प्रत्येक महिलाले आफ्नो हिंसा र अपमानजनक व्यवहार प्रष्टरूपमा बाहिर ल्याइ त्यसका बारेमा खुला बहस गरी चेतनामूलक कार्यक्रम संचालन गरी आफ्नो क्षमता अभिवृद्धि गरेमा समाजमा महिला हिंसाको अन्त्य हुने कुरामा उनी पूर्ण विश्वास गर्दछिन् ।

### ४.३.२ पेसा र वैवाहिक अवस्था

मानिस सामाजिक प्राणी भएकोले यसले आफ्ना सामाजिक र व्यक्तिगत आवश्यकता पूरा गर्न एउटा व्यवसाय, जागीर वा कुनै उत्पादनमूलक कार्यमा सहभागी हुनुपर्ने आवश्यकता रहन्छ, जसलाई पेशा भनेर भनिन्छ । पेशाले मानिसलाई आत्मनिर्भर बनाई स्वावलम्बी र लगनशील र सृजनात्मक धारणा मार्फत समाजको विकासमा सहयोग पुऱ्याउँछ । महिलाहरू प्रायः विवाह पश्चात घरायसी कामकाजमा व्यस्त रहनेहुँदा पेशाप्रति संलग्न रहने अवसर कम हुन्छ । उत्तरदाताको पेशा र वैवाहिक स्थितिलाई तल तालिकामा देखाइएको छ ।

**तालिका ४.४**

**उत्तरदाताको पेसा र वैवाहिक स्थितिको संरचना**

| **वैवाहिक स्थिति** | **पेशा** | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | **गृहिणी** | **व्यापार** | **मजदुरी** | **सेवा** | **अन्य** | **जम्मा** | **प्रतिशत** |
| नवविवाहित | २० | ५ | १ | १ | १ | २८ | ४० |
| श्रीमान् विदेश गएको | १० | - | - | - | - | १० | १४.३ |
| सम्बन्ध विच्छेद भएको | ४ | - | - | - | - | ४ | ५.७ |
| विधवा | ७ | - | - | - | - | ७ | १० |
| परिवारसँग बसेको | २० | १ | - | - | - | २१ | ३० |
| जम्मा | ६१ | ६ | १ | १ | १ | ७० | १०० |
| **प्रतिशत** | (८७.१) | (८.५) | (१.४) | (१.४) | (१.४) | (१००) | |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८

तालिका ४.४ अनुसार ८७.१ प्रतिशत उत्तरदाता रहेका छन् भने ८.५ प्रतिशतले व्यापार गर्दछन् । मजदुरी, सेवा र अन्यमा १.४ प्रतिशत, १.४ प्रतिशत रहेका छन् ।

## *वैयक्तिक अध्ययन-दुई*

*आरुचौर गा.वि.स. वडा नं. ३ मा बसोबास गर्दै आइरहेकी वर्ष २१ की उत्तरदाता पारालीगल कमिटी (आरुचौर गा.वि.स.) की अध्यक्ष हुन् । उनले १०+२ सम्मको अध्ययन पूरा गरेकी छन् । आरुचौर गा.वि.स. को कर्मथलो बनेको छ । उनका श्रीमान्‌को जागिर पेशा केही छैन् । बाबुआमा पनि कृषि पेशामा आवद्ध छन् । आर्थिक आयआर्जनको स्रोत केही पनि छैन । श्रीमान्‌ले विवाह गरेको ६ महिनापछि दाइजोको कमीका कारणले उनलाई कुटपिट हेला र अपमानजनक व्यवहार गर्दै आएको र सोही व्यवहार सहन परेकाले सासुससुराबाट समेत कुलघरान अनुसार तेरा माइतीले दाइजो नदिएकाले यस घरमा तेरो बस्ने अधिकार छैन भन्ने जस्ता पटक पटकका अभद्र व्यवहार आफूले सहनु परेको कुरा बताउँछिन् ।*

*यस्ता पटक पटकका व्यवहारलाई सहेकी यी उत्तरदाताले अन्त्यमा सामाजिक संघसंस्था र पञ्चभलाद्मी समक्ष आफ्नो हिंसाजनक व्यवहारलाई निर्मूल गर्न अनुरोध गरी कचहरी समेत राखेकी यी महिलाले नारी चेतनामूलक संघसंस्थाको सहयोगमा आफू अहिले सम्मानजनक जीवन विताउन सफल भएकी धारणा बताउँछिन् । उनको घरपरिवारबाट पनि अहिले उनलाई सम्मानजनक व्यवहार गरिएको छ भन्ने कुरा स्पष्ट पारिन् ।*

*आफूले हिंसाजन्य व्यवहारबाट मुक्ति पाई समाजमा महिला हिंसाका विरुद्धमा आवाज उठाइ समग्र महिलालाई न्यायिक कारवाहीका लागी आफू पारालीगल कमिटीकी अध्यक्ष भएकी र समाजका अन्य समाजसेवीहरूले समेत उनको पहलमा नारी विकास र प्रतिष्ठाको लागि सहकार्य गर्दै आएकोले आफूले यस पारालीगल कमिटीको संस्थापक अध्यक्षको जिम्मेवार बहन गरेको कुराले आफू समाजका सबै महिला हिंसाजन्य व्यवहार निमूल गर्न निरन्तर रूपमा लागी परेको र यससँग सम्बन्धित विभिन्न निकायहरूमा समन्वय स्थापित गरी महिला चेतनामूलक गोष्ठी, सेमिनार र प्रशिक्षण मूलक कार्यक्रम संचालन गर्न सफल भएको कुरा स्पष्ट पारिन् ।*

### ४.३.३ वैवाहिक उमेर

विवाह सामाजिक संस्था हो । जीवनलाई सार्थक तुल्याउन निश्चित उमेरमा विवाह गरी सन्तान जन्माउन लगायत हरेक समस्याको साझा समाधान गर्ने प्रयास स्वरूप स्थापित मान्यताको रूपमा विवाहलाई लिइन्छ । ग्रामीण परिवेश भएको हुँदा ब्राम्हण जातिमा छोरीलाई सकेसम्म छिटो कन्यादान दिई ढुक्क हुने परम्परा विद्यमान रहेको छ । उत्तरदाताको विवाह उमेर तल तालिकामा देखाइएको छ ।

**तालिका ४.५**

**उत्तरदाताको वैवाहिक उमेरको अवस्था**

| विवाहको उमेर (वर्ष) | उत्तरदाता | प्रतिशत |
|---|---|---|
| १५-२० वर्षमा विवाह भएका | ५८ | ८२.९ |
| २०-२५ वर्षमा विवाह भएका | १२ | १७.१ |
| जम्मा | ७० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८

तालिका ४.५ अनुसार ८२.९ प्रतिशत उत्तरदाताको १५-२० वर्षमा विवाह भएको पाइयो भने १७.१ प्रतिशत उत्तरदाताको २०-२५ वर्षमा विवाह भएको पाइयो ।

### ४.३.४ उत्तरदाताको विवाहको समयमा शिक्षाको स्तर

शिक्षाले मानिसलाई विभुषित गर्ने हुँदा विवाहमा शैक्षिक स्तरले सामान्यत महिला र पुरुष दुवैलाई आफ्नो समझदारी विकासमा सहयोग पुऱ्याइ सहिष्णुभावको साथै पेशागत मर्यादालाई विकास गर्न सहयोग गर्छ । अध्ययन क्षेत्रका उत्तरदाताको विवाहको समयमा शिक्षाको स्तरलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.६**

**उत्तरदाताको विवाहको समयमा शैक्षिक स्तरको अवस्था**

| शिक्षाको स्तर | उत्तरदाता | प्रतिशत |
|---|---|---|
| निरक्षर | १५ | २१.४ |
| एस्.एल्.सी. भन्दा कम | २७ | ३८.६ |
| एस्.एल्.सी. पास | १४ | २०.० |
| आइ.ए पढ्दै | ११ | १५.७ |
| वि.ए. पढ्दै | २ | २.८ |
| एम्.ए.पढ्दै | १ | १.५ |
| जम्मा | ७० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८

तालिका ४.६ अनुसार अधिकांश उत्तरदाताहरूको विवाहको समयमा शिक्षाको स्तर एस.एल.सी. भन्दा कम रहेको पाइयो । ३८.६ प्रतिशत महिलाहरूको विवाह एस.एल.सी भन्दा कम पढ्दापढ्दै भएको छ भने २० प्रतिशत उत्तरदाताको एस.एल.सी. पास, १५.७ प्रतिशत उत्तरदाताको आइ.ए. पढ्दै गर्दा, २.८ प्रतिशतको वि.ए. पढ्दै गरेको अवस्थामा र १.५ प्रतिशत उत्तरदाताको एम.ए. पढ्दै गर्दा विवाह भएको पाइयो ।

**वैयक्तिक अध्ययन-तीन**

*आरुचौर गा.वि.स. वडा नं. ३ मा बसोबास गर्दै आइरहेकी वर्ष २३ की उत्तरदाता साधारण लेखपढ गर्न जान्ने कुशल गृहिणी हुन् । यिनको विवाह २०६४ सालमा भएको कुरा बताउँछिन् । ढिलो स्कुल पढ्न शुरु गरेकी यी महिला स्कुल पढ्दापढ्दै आफूसँग पढ्ने केटासाथीसँग प्रेम विवाह भएको बताउँछिन् । विवाह समयमा केटाले विभिन्न आश्वासन दिएर विवाह गरेको पनि विवाह पश्चात केटाका बाबुआमाले स्विकार नगर्दा भागेर शहर पलायन हुनुपरेको धारणा बताउँछिन् ।*

*श्रीमान्को जागिर पेशा नहुँदा शहरमा जीवनयापन गर्न आर्थिक अभाव भएकोले धेरै संघर्ष गरी दुई वर्षसम्म भाडामा बसी जेनतेन निर्वाह गरेको बताउँछिन् । केटाका बाबुआमाले दाइजो नल्याएका कारणले स्विकृति नदिँदा तैले यो श्रीमान् छोड्नुपर्छ भनि दवाव दिंदै आइरहेकाले छोरालाई गोप्य रूपले लगानी गरी विदेश पठाएको र हालसम्म श्रीमान्को पत्तो खबर नपाएको गुनासो गर्दछिन् । अहिले उनले निवेकको भरमा एकल जीवन विताउन बाध्य भएकी र श्रीमान्को कुनै पत्तो खबर र सहयोग नपाएको तर श्रीमान्ले आफ्ना बाबुआमालाई विदेशबाट पैसा पठाउने गरेको थाहा पाएको घटना स्पष्ट पारिन् । प्रेम विवाह भएर पनि दाइजोका कारणले अपमानित जीवन बिताउन परेको यो तितो धारणा महिला कल्याणकारी संघसंस्थामा समेत जाहेर गरेको धारणा बताउँछिन् । श्रीमान्को विदेश बसाइको कारणले महिला कल्याणकारी संघसंस्थाले समेत ती महिलालाई स्पष्ट न्याय दिलाउन नसकेको र घरका बाबुआमालाई सोध्दा श्रीमतिले नै मेरो छोरालाई संगै बस्न नदिएको जस्ता उल्टै आपत्तिजनक दोष थुपार्ने कुराले यी महिला महिलाहिंसाबाट पीडित रहेको कुरा स्पष्ट बताउँछिन् ।*

### ४.३.५ विवाहको प्रकार

विवाह सामाजिक संस्थासँग सम्बन्धित विषय वस्तु भएकाले समाजको विकास र विस्तारमा अतुलनीय योगदान रहेको छ । विवाहले महिला र पुरुषबीच समझदारी विकास गरी कुशल जीवन उपयोगी धारणालाई आत्मसाथ गर्न सहयोग पुऱ्याउँछ । अध्ययन क्षेत्रमा गरिएको विवाहसम्बन्धी तथ्यांकलाई तल तालिकामा देखाइएको छ ।

**तालिका ४.७**

**उत्तरदाताहरूको विवाहको प्रकार**

| विवाहको प्रकार | उत्तरदाता | प्रतिशत |
|---|---|---|
| मागी विवाह | ६३ | ९० |
| प्रेम विवाह | ७ | १० |
| जम्मा | ७० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८

तालिका ४.७ अनुसार ७ जना उत्तरदाताले मात्र प्रेम विवाह गरेको पाइयो भने मागी विवाह गर्ने उत्तरदाताको संख्या ६३ जना रहेको पाइयो ।

**वैयक्तिक अध्ययन-चार**

*आरुचौर गा.वि.स. वडा नं. ३ मा बस्ने वर्ष २४ की उत्तरदाताले +२ सम्मको अध्ययन गरिसकेकी छिन् । उनको विवाह २०६७ सालमा भएको थियो । उनका श्रीमान् जागिरको सिलसिलामा अन्य जिल्लामा कार्यरत रहेको धारणा बताउँछिन् । विवाहको समयमा दाइजोको रूपमा बैंक व्यालेन्स गरिदिएको तर श्रीमान्‌को सानो तिनो जागिरले घरायसी खर्च टर्न नसकी घरका श्रीमान् सासुससुराले समेत उनको नाममा रहेको बैंक व्यालेन्सलाई घरायसी प्रयोजनको लागि खर्च गर्नुपर्ने माग राखी समय समयमा दवाव, यातना र कुटपिट जस्ता हिंसा सहनुपरेको धारणा बताउँदछिन् । यो बैंक व्यालेन्स मेरो आफ्नो नीजि पेवा भएकाले मेरो इच्छाअनुसार नै खर्च गरिनुपर्ने उनको धारणा रहेको छ । तर घरका परिवारले उनको यो धारणालाई पटक्कै सुनुवाइ नगरेको र विवाद चर्किंदै जाँदा घरमा द्वन्द्व चलेको बताउँछिन् । द्वन्द्वका कारण बैंक व्यालेन्स गरेको रकम उनले सबै घरपरिवारलाई दिएको र उक्त रकम पनि थोरै भएको भनी उनलाई घरबाट निकाल्ने जस्ता हिंसाजनक गतिविधिले आफ्नो अध्ययनलाई अगाडि बढाउन नपाएको गुनासो गरिन ।*

*उनले दिएको रकम घरपरिवारका सबै सदस्यहरूले बाडीबाडी खाएको र रकम थोरै भएको भनी उनलाई पटक पटक माइतीमा गई अरु थप रकम लिएर आउन भनी धम्क्याउने कुराले उनी ज्यादै पिडामा परेको यो दुखद घटनाले बाबुआमाले छोरीको घर विर्गन्छ भनी थप रकम दिएर छोरीको घरबार सपार्न बाबुआमाले गरेको प्रयासलाई दुःखका साथ बताउँछिन् । घरपरिवारले भनेजति रकम माइतबाट लिएर घरपरिवारलाई बुझाएको समयदेखि अहिलेसम्म आफूलाई घरपरिवारबाट सम्मानजनक व्यवहार गरेको कुराले दाइजो घरपरिवार र सम्बन्धित पक्षको रकम असुल्ने प्रयास हो भनी प्रष्ट पारिन् । यी महिलाले आफ्नो बैंक व्यालेन्समा कुनै हैसियत र पहुँच नभएको बताउँदै भविष्यमा घरपरिवारबाट अन्य हिंसाजनक व्यवहार गरेमा आफू बाँच्ने कुनै आधार नरहेको कुराले आफू पिरोलिरहनु परेको धारणा स्पष्ट राखिन् ।*

### ४.३.६ विवाहको प्रकृति

विवाहको प्रकृतिको आधारमा उत्तरदाताहरूलाई विवाह उनीहरूको चाहेको समयमा भएको थियो कि थिएन भनी गरिएको अध्ययनलाई तालिकामा देखाइएको छ ।

**तालिका ४.८**

**विवाह प्रति मञ्जुर र बाध्यात्मक धारणा**

| विवाहको प्रकृति | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| विवाहमा मञ्जुर | ३५ | ५० |
| विवाहमा बाध्यात्मक | ३५ | ५० |
| जम्मा | ७० | १००.००% |

स्रोतः स्थलगत सर्वेक्षण, २०६८

तालिका ४.८ अनुसार बाबुआमाको सल्लाहअनुसार मञ्जुर भई विवाह गर्ने उत्तरदाताको संख्या ३५ जना पाइयो भने बाबु आमाको सल्लाह मान्न बाध्य भएका उत्तरदाताको संख्या ३५ जना देखियो ।

**वैयक्तिक अध्ययन-पाँच**

*आरुचौर गा.वि.स. वडा नं. २ मा बस्ने वर्ष १५ की महिला उत्तरदाता सामान्य लेखपढ गर्न जान्दछिन् । मागी विवाहको प्रकृतिअनुरूप विवाह बन्धनमा बाधिएकी यी महिलाको आर्थिक अवस्था अत्यन्तै नाजुक छ । केटापक्षबाट माग भएबमोजिम दाइजो दिने र केटी पक्षबाट केटीलाई भनेजति पढाइदिने सर्तमा विवाह भएको यी महिलाले विवाह पश्चात क्याम्पस पढ्ने खर्च र समय उपलब्धि नभएको र सहमतिअनुसार घरपरिवारबाट व्यवहार नभएको धारणा सुनाइन । विवाहपश्चात उनका श्रीमान् र सासुससुराले ल्याएको दाइजो थोरै भयो भने आफूहरूले क्याम्पस पढ्ने अवसर र खर्च दुवै उपलब्ध गराउन नसक्ने धारणा बताएपछि उनी घरायसी कामकाजमा मात्र तल्लिन रहन दवाव दिइरहने कुराले उनी आफ्नो अध्ययनलाई निरन्तरता दिन नसकी घरायसी कामकाजमा नै व्यस्त रहनपरेको धारणा स्पष्ट सुनाइन् ।*

*दाइजोले उनका परिवारका सदस्यहरूलाई अन्य विभिन्न गतिविधिहरू सञ्चालन गर्न सहयोग पुगिरहेको र त्यसबाट आफू बञ्चित भएको धारणाले महिलालाई किनबेच गर्ने यो सामाजिक परिपाटीको विभेदकारीनीतिलाई राज्यबाट नै कानूनी उपचार नगरेको खण्डमा अधिकांश महिलाहरू दाइजोको कारणबाट पीडित र हिंसाजन्य व्यवहार सहन बाध्य भएको कुरा बताइन् । उनका बाबुआमाले म छोरीलाई पढाउँछुभन्दा पनि घरपरिवारबाट समय उपलब्ध गराउन नसकेका कारणले उनी शिक्षाबाट बञ्चित भएको साथै पढ्ने कुराले श्रीमान् र सासुससुरा समेत उनीबाट टाढिएका कारण घरमा द्वन्द्व र कलह मच्चिएर विकृतिको रूप लिएको कारणले आफू पढ्ने इच्छालाई सदाका लागि छोड्नुपरेको धारणा सुनाइन् ।*

## अध्याय-पाँच

# दाइजो प्रथाको अवस्था र धारणा विश्लेषण

यस खण्डमा अध्ययन केन्द्रित दाइजो कै विषयमा तथ्याङ्क र तालिकाको माध्यमबाट विश्लेषण गरिएको छ । अध्ययन क्षेत्रमा प्रचलित दाइजो प्रथाको अवस्था र धारणा विश्लेषणलाई मुख्य आधार मानी अनुसन्धान गरिएको छ ।

## ५.१ करकापबाट विवाह गर्न पुगेका उत्तरदाताको धारणा

हिन्दु धर्ममा विवाह संस्कार महिलाहरूको स्वेच्छा र स्वतन्त्रतामा निर्भर रहदैन । विवाहमा बाबुआमाको प्रत्यक्ष नियन्त्रण र निर्देशन रहेको हुन्छ । अध्ययन क्षेत्रमा करकापबाट विवाह गर्न पुगेको उत्तरदाताको धारणा तल तालिकामा देखाइएको छ ।

**तालिका ५.१**

**करकापले विवाह गर्न पुगेका उत्तरदाताको धारणा**

| विवाह गर्न नचाहेको धारणा | उत्तरदाता | प्रतिशत |
|---|---|---|
| विवाहपूर्व अरु पढ्ने इच्छा | १९ | ५४.३ |
| स्वेच्छाले विवाह गर्ने | ६ | १७.१ |
| आत्मनिर्भर बन्न चाहने | ६ | १७.१ |
| आत्मनिर्भर बन्न नचाहने | ४ | ११.५ |
| जम्मा | ३५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८

तालिका ५.१ अनुसार करकापमा विवाह गर्न पुगेका महिलाहरूमा अध्ययन गर्ने इच्छा राख्नेहरू सबैभन्दा धेरै ५४.३ प्रतिशत रहेको देखिएको छ भने स्वेच्छाले विवाह गर्न चाहने र आत्मनिर्भर भई विवाह गर्न चाहनेहरू क्रमश : १७.१ र १७.१ प्रतिशत रहेका छन् । यसरी समाजमा प्रचलनमा रहेको मागी विवाहमा महिलाहरूको व्यक्तिगत इच्छाको अवमूल्यन गरेको पाइएको छ । शिक्षा जस्तो आधारभूत आवश्यकता समेत पाएका छैनन् भने विवाह कहिले र कसरी गर्ने भन्ने बारेमा व्यक्तिगत स्वतन्त्रता छैन । महिलाहरूलाई

वस्तुको रूपमा प्रयोग गरिएको छ । उनीहरू आफ्नो लागि होइन अरुका लागि जीवन वितोइरहेका अनुभव सुनाउँछन् ।

## ५.२ छोरीलाई दाइजो र अंश सम्बन्धी धारणा

मानिसले स्वतन्त्रतापूर्वक बाँच्नका लागि चाहिने सबैभन्दा ठूलो अधिकार उसको आर्थिक अधिकार हो । अरुको दया मायाको भर नपरी आफ्नो जीवन र जीविकाका निम्ति चाहिने आधारभूत आवश्यकता पूरा गर्न पाउनु नै आर्थिक अधिकार हो। यो अधिकार मानिसको पैतृक सम्पत्तिमार्फत वा असल शिक्षा तालिम र इलमहरूमार्फत् रोजगारीबाट प्राप्त गर्न सक्दछन् । छोराले जन्मनासाथ बाबुको सम्पत्तिमा अंश-हक पाउने, तर छोरीको कुनै अधिकार रहँदैन, विवाहपछाडिको घरायसी सम्पत्तिमा पनि पुरुषकै अधिकार नियन्त्रण रहने नेपालको कानुनी परम्परा छ । अध्ययन क्षेत्रका उत्तरदाताहरू छोरीका लागि आर्थिक अधिकारका रूपमा दाइजो वा अंश लगायत शिक्षा रोज्ने सवालमा उत्तरदाताको धारणा तल तालिकामा देखाइएको छ ।

**तालिका ५.२**

**छोरीलाई दाइजो र अंशसम्बन्धी धारणाको वर्गीकरण**

| विवरण | उत्तरदाता | प्रतिशत |
|---|---|---|
| दाइजो दिन उपयुक्त | ६ | ८.५ |
| अंश दिनु उपयुक्त | ५० | ७१.५ |
| अन्य (राम्रो शिक्षा, तालिम, सीप) | १४ | २० |
| जम्मा | ७० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८

तालिका ५.२ अनुसार अहिलेको परिस्थितिमा ८.५ प्रतिशत उत्तरदाताहरू छोरीलाई दाइजो दिनुपर्छ भन्ने धारणा राख्दछ भने ७१ प्रतिशत उत्तरदाताहरू छोरीलाई आर्थिक अधिकारको रूपमा छोरासरह पैतृक सम्पत्ति वा अंश दिनुपर्छ भन्ने धारणा राख्दछन् तर २० प्रतिशत उत्तरदाताहरू दाइजो र अंश दुवै स्वीकार गर्दैनन् यी दुवै आर्थिक अधिकारले महिलालाई रणनीतिक आवश्यकता पूर्ति गर्न सक्दैनन् र महिलालाई पीडित बनाउँछ भन्ने मत  राख्दछन् । त्यसैले असल शिक्षा, तालिम र सीपबाट महिलालाई आत्मनिर्भर बनाउनमा प्रेरित गर्नुपर्छ भन्ने उनीहरूको धारणा छ ।

## ५.३ दाइजोका आधारमा वैवाहिक अभ्यास

महिलाको नीजि सम्पत्ति, पेवा वा आफ्नो स्वामित्वभित्र रहेको जग्गा, जिन्सी वा नगद रकमलाई दाइजोको रूप मान्न सकिन्छ । आफ्नो स्वामित्वभित्र रहेको सम्पत्ति माथि भोग चलन र परिचालन गर्ने कुराको निर्णय स्वयम महिलामा केन्द्रित रहेको हुन्छ । विवाह पश्चात माइती, मावली वा अन्य नातेदारबाट महिलाले लिएको आएको नीजि सम्पत्ति नै दाइजो ठहर्छ । अध्ययन क्षेत्रका उत्तरदाताको विवाह र दाइजोको अवस्था तल तालिकामा देखाइएको छ ।

**तालिका ५.३**

**महिलाहरूको विवाहको प्रकार र दाइजोको विवरण**

| विवाहको प्रकार | मागी विवाह | % | प्रेम विवाह | % | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| दाइजो ल्याउने विवाह | ५१ | ७७.३ | १ | २५ | ५२ | ७४.३ |
| दाइजो नल्याउने विवाह | १५ | २२.७ | ३ | ७५ | १८ | २५.७ |
| जम्मा | ६६ | १०० | ४ | १०० | ७० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८

तालिका ५.३ अनुसार ६६ जना उत्तरदाताको मागी विवाह भएकोमा ७७.३ प्रतिशत दाइजो ल्याएका र २२.७ प्रतिशत दाइजो नल्याएका पाइयो भने ४ जना उत्तरदाताको प्रेम विवाह भएकोमा २५ प्रतिशत दाइजो ल्याएका र ७५ प्रतिशत दाइजो नल्याएका पाइयो । समग्रमा ५२ जना दाइजो ल्याउने र १८ जना दाइजो नल्याउने उत्तरदाताको दाइजो ल्याउने प्रतिशत ७४.३ र दाइजो नल्याउने उत्तरदाताको प्रतिशत २५.७ रहेको पाइयो ।

## ५.४ दाइजो र परिवारको सम्बन्ध

विवाहमा केटी पक्षबाट केटा पक्षलाई दाइजो दिने गरिन्छ । तर दाइजोको मात्रा र यसको स्वरूप भने फरक प्रकृतिको हुने गर्दछ । महिलाहरूका दाइजोप्रतिको धारणा बुझ्ने क्रममा माईतीबाट ल्याएको दाइजो र घरका परिवारका सदस्यहरूसँगको सम्बन्ध एक आपसमा सम्बन्धित हुने गर्दछ । केटा पक्षले आशा गरेबमोजिम केटी पक्षबाट दाइजो नपाउँदा असन्तुष्टि हुने गर्दछ भने केटी पक्षले पनि दाइजो दिन नसक्नाका कारण घरका

सदस्यहरूको सम्बन्धमा असर पर्न सक्छ । विवाहपछाडि कुनै पनि महिलाले श्रीमान्को परिवारसँग सम्पूर्ण बाँकी जीवन बिताउनुपर्ने हुन्छ । तर दाइजोको नाममा परिवारमा सम्बन्ध राम्रो वा नराम्रो हुन सक्छ । अध्ययन क्षेत्रमा गरिएको अनुसन्धानमा उत्तरदाताका परिवारसँगको सम्बन्धलाई निम्न तालिकामा देखाइएको छ ।

**तालिका ५.४**

**दाइजो र परिवारको सम्बन्ध**

| परिवारको सम्बन्ध | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| राम्रो | ३५ | ५० |
| नराम्रो | २८ | ४० |
| ठिक्क सम्बन्ध | ५ | ७.१ |
| सम्बन्धको ज्ञान नभएको | २ | २.९ |
| जम्मा | ७० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८

तालिका ५.४ अनुसार उत्तरदाताले विवाहमा ल्याएको दाइजोबाट घर परिवारमा राम्रो सम्बन्ध भएको ५० प्रतिशत रहेका छन् । परिवारमा सम्बन्ध नराम्रो भएको महसुस गर्नेहरू ४० प्रतिशत रहेका छन् भने आफ्नो र परिवार बीचको सम्बन्ध ठिक्क रहेको र सम्बन्धको ज्ञान नभएको बताउने उत्तरदाता क्रमश : ७.१ र २.९ प्रतिशत रहेको पाइयो ।

## ५.५ दाइजोप्रति परिवारका सदस्यको चासो

अध्ययन क्षेत्रमा महिलाको विवाहमा माइती पक्षबाट घरमा दाइजो लैजाने गरेको पाइएको छ । घरका सदस्यहरू दाइजोप्रति चासो देखाउने गरेको पाइन्छ । हरेक अभिभावकले आफ्नो छोरा वा छोरीको विवाह राम्रो  कुलमा होस् भन्ने चाहन्छन्, जसले गर्दा समाजमा उसको राम्रो प्रशंसा हुने गर्दछ । विवाह निजी मामिला नभएर नातेदार र समाजको पनि विवाहप्रति चासो हुने गर्दछ । सम्पन्न परिवारमा छोरी दिन सक्ने र सम्पन्न परिवारबाट बुहारी ल्याउने व्यक्ति समाजमा प्रतिष्ठित स्थानमा भएको पाइन्छ । छोराछोरीको विवाहमा गरेको कारोवारले उसको सामाजिक हैसियत बन्ने गर्दछ । दाइजोलाई इज्जतको वैकल्पिक नामको रूपमा लिने गरिन्छ । प्रत्यक्ष रूपमा इज्जत राख्नुपर्छ भन्ने भनाइलाई अप्रत्यक्ष रूपमा दाइजो मागेको बुझ्नु पर्दछ । विवाहको लागि तयार वर वा वधुको

व्यक्तिगत स्थानभन्दा पनि परिवार आर्थिक रूपमा कस्तो हैसियतको हो भन्ने चासो लिने गरिन्छ । अध्ययन क्षेत्रका पारिवारिक सदस्यहरूको दाइजो प्रतिको चासोलाई तल तालिकामा देखाइएको छ ।

**तालिका ५.५**

**दाइजोप्रति परिवारका सदस्यहरूले देखाएको चासो**

| परिवारका सदस्य | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| सासू | २१ | ३० |
| ससुरा | १० | १४.२९ |
| श्रीमान् | १० | १४.२९ |
| नन्द/देवर | १० | १४.२९ |
| ज्ञान नभएका | ७ | १० |
| भन्न नचाहेका | १२ | १७.१३ |
| जम्मा | ७० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८

तालिका ५.५ अनुसार दाइजोप्रति चासो देखाउने परिवारका सदस्यहरूमा विशेष गरी सासू रहेका छन् । उत्तरदाताका परिवारका सदस्यहरू मध्ये ३० प्रतिशत सासूले दाइजोप्रति चासो देखाउने गरेका छन् भने १४.२९ प्रतिशतका ससुराले दाइजो प्रति चासो देखाएका छन् । श्रीमान् र नन्द/देवरले दाइजो प्रति क्रमश : १४.२९ र १४.२९ प्रतिशत चासो देखाउने गरेका छन् । आफ्नो परिवारमा दाइजोप्रति कसले बढी चासो देखाउँछन् भन्ने ज्ञान नभएको १० प्रतिशत रहेका छन् भने १७.१३ प्रतिशत दाइजोका बारेमा केही बताउन चाहँदैनन् ।

## ५.६ दाइजो र महिलाको अवस्था

विश्व सृष्टिको आधा स्रोतको रूपमा रहेका नारी शक्ति जसले गर्दा सृष्टिलाई निरन्तर अगाडि बढाउन सम्भव हुन्छ । यद्यपि पुरुष र महिला एक अर्काका पुरक हुन कुनै एकको उपस्थितिविना विश्व मानवजगत्को कल्पना गर्न सकिँदैन तापनि स्वहितभन्दा बढी बालबच्चा र परिवार आदिप्रतिको सामाजिक दायित्व बोधमा पत्नी, आमा, छोरी आदिको

भूमिकासँगै आफूलाई समर्पित गरेका वर्गको रूपमा महिला हाम्रो समाजमा चिनिएका छन् । पुरुष र महिलाको जैविकीय फरकलाई आधार मानेर विगतदेखि महिलाको सामाजिक भूमिका र दायित्वलाई फरक ढंगले परिमार्जित गरिंदै आएको छ । वर्तमान समाजले चाहेको आदर्श नारी तयार गर्ने नाममा बालिकाहरू माथि विभिन्न मूल्यहरू थुपार्ने क्रम सुरु हुन्छ । विभिन्न धार्मिक, परम्परा, रीतिरिवाज, चालचलनले गर्दा महिलाहरूको छुट्टै अस्तित्व नभएर पुरुषको सहयोगीका रूपमा रहेका छन् । अध्ययन क्षेत्रमा दाइजो नल्याउने वा कम ल्याउने महिलाहरूको अवस्थालाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ५.६**

**दाइजो र उत्तरदाताको अवस्थाबारे धारणागत विवरण**

| दाइजो | धारणागत विवरण | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| दाइजो ल्याउने उत्तरदाताको सकारात्मक अवस्था | सामाजिक प्रतिष्ठाको अनुभव | ३ | ४.४ |
| | आर्थिक उपार्जनमा सहयोग | ६ | ८.५ |
| | शिक्षालाई निरन्तरता दिनमा सहयोग | ४ | ५.७ |
| | घर परिवारबाट राम्रो व्यवहार | ६ | ८.५ |
| दाइजो नल्याउने वा कम ल्याउने उत्तरदाताको नकारात्मक अवस्था | सामाजिक रूपमा हेपिएको अनुभव | ५ | ७.२ |
| | आर्थिक स्रोतमा पहुँच नहुनु | १४ | २० |
| | शिक्षालाई निरन्तरता दिन नपाउनु | १४ | २० |
| | शारीरिक वा मानसिक तनाव हुनु | १८ | २५.७ |
| **जम्मा** | | ७० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८

तालिका ५.६ अनुसार ग्रामीण महिला र दाइजोको सम्बन्धलाई हेर्दा दाइजो ल्याउने र दाइजो नल्याउने वा कम ल्याउने महिलाहरूमा सकारात्मक र नकारात्मक प्रभाव परेको धारणा प्राप्त भएको छ । जसमध्ये दाइजो ल्याउनाले घरपरिवारबाट राम्रो व्यवहार पाउनेहरू ८.५ प्रतिशत रहेका छन् भने आर्थिक उपार्जन गर्नमा सहयोग मिलेको ८.५ प्रतिशत रहका छन् । त्यस्तै ४.४ प्रतिशत र ५.७ प्रतिशतले भने सामाजिक प्रतिष्ठा पाएको अनुभव र शिक्षालाई निरन्तरता दिनमा सहयोग मिलेको धारणा दिएका छन् ।

## ५.७ महिलाको अवस्थामा दाइजोको भूमिकासम्बन्धी धारणा

दाइजो परम्परागत रूपमा विवाहमा माइतीका तर्फबाट पाउने चल वा अचल आर्थिक सहयोग हो । यस मार्फत कतिपय महिलाले सहयोग पाएका छन् भने कतिपय परिस्थितिमा सहयोग नपाएको अवस्था छ । दाइजोले महिलाको शैक्षिक, आर्थिक क्षेत्रमा सहयोग पुऱ्याउने धारणाले माइती तर्फबाट गरिएको लगानी भएता पनि घरको सामान्य कामकाज सम्पन्न गर्न दाइजो प्रयोग हुने तर महिलाले स्वयम प्रयोग गर्न नपाउने अवस्थाले दाइजोको भूमिकाको औचित्य नभएको प्रष्ट हुन्छ । दाइजोले महिलाको अवस्था सुधार गर्न वा ह्रास गर्न खेलेको भूमिकालाई तालिकामा देखाइएको छ ।

**तालिका ५.७**

**महिलाको अवस्थामा दाईजोको भूमिका सम्बन्धी धारणा**

| भूमिको अवस्था | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| महिलाको अवस्था कमजोर पार्न सहयोगी | ५६ | ८० |
| महिलाको अवस्था सुधार गर्न सहयोगी | १४ | २० |

स्रोतः स्थलगत सर्वेक्षण, २०६८

तालिका ५.७ अनुसार दाइजोले महिलाको अवस्था सुधार गर्न सहयोगी भूमिका निर्वाह गर्छ भन्ने उत्तरदाताको संख्या १४ जना पाइयो भने महिलाको अवस्था कमजोर पार्न सहयोग गर्छ भन्नेमा उत्तरदाताको संख्या ५६ जना पाइयो ।

## ५.८ दाइजो र समाजका घटनासम्बन्धी धारणा

समाजमा विवाहमा माइती पक्षबाट दाइजो नल्याएर वा सोचेभन्दा कम ल्याएर महिलाहरू घरमा विभिन्न किसिमका हिंसा भोग्ने गरेका छन् । त्यस्ता घटनाहरू प्राय : बाहिर नआउने र उत्कर्षमा पुगेका घटनामात्र चर्चामा आउने गर्दछन् । राज्यका सम्बन्धित पक्ष मुकदर्शक भएर यसको समाधान गरेको देखिदैन । अध्ययन क्षेत्रका उत्तरदाताहरूले दाइजो नल्याएर घरेलु हिंसाका विभिन्न स्वरूपबाट पीडित भएको धारणालाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ५.८**

**दाइजोका कारण घटित हिंसाको अवस्था**

| हिंसाको प्रकार | उत्तरदाता | प्रतिशत |
|---|---|---|
| सम्बन्ध विच्छेद | १७ | २४.२५ |
| मनसिक हिंसा | ३५ | ५० |
| कुटपिट | ७ | १० |
| हत्या | ७ | १० |
| हिंसाप्रति अज्ञात | ४ | ५.७५ |
| जम्मा | ७० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८

तालिका ५.८ अनुसार २४.२५ प्रतिशत उत्तरदाताले दाइजो नल्याएका कारण सम्बन्ध विच्छेद भएको बताए भने ५० प्रतिशतले दाइजोको निहुँमा मानसिक हिंसा हुने गरेको धारणा व्यक्त गरे । त्यस्तै १० प्रतिशतले कुटपिट हुने गरेको बताएका छन् भने १० प्रतिशतले दाइजोका कारण जगन्य अपराध हत्या नै हुने गरेको बताएका छन् । ५.७५ प्रतिशतले दाइजोका कारण महिलामाथि हुने हिंसा र घटना प्रति आफू अज्ञात रहेको कुरा बताएका छन् ।

## ५.९ वैवाहिक प्रकृति र धारणा

विवाहलाई केटा र केटीको बीचमा स्थापित सार्वजनिक संस्थाको रूपमा चिनिएको र सांस्कृतिक रूपमा स्वीकृति प्राप्त सम्बन्धको रूपमा परिभाषित गर्न सकिन्छ । समाजले स्वीकृति दिने र संस्कृतिले निर्देशन गरेको नीति बमोजिम केटा र केटीका बीचमा सम्बन्ध स्थापित गर्ने कार्यविधि नै विवाह हो । मानिसको जैविक, सामाजिक र सांस्कृतिक आवश्यकताअनुसार विवाह गरिन्छ । हिन्दू धर्मअनुसार विवाह मानिसको जीवन पूर्ण बनाउन गरिने महत्वपूर्ण संस्कार हो । भिन्नभिन्न अवस्था र परिस्थितिमा विवाहसम्बन्धी धारणा र उपयोगितालाई फरक ढंगले व्याख्या गरिन्छ ।

शोधपत्रमा हिन्दू धर्म मान्ने ब्राह्मण जातिको विवाहमा प्रचलित दाइजो प्रथा सम्बन्धमा अध्ययन गरिएको छ । अध्ययन क्षेत्रमा प्रचलित वैवाहिक प्रकृति सम्बन्धी उत्तरदाताको धारणालाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ५.९**

**उत्तरदाताको वैवाहिक प्रकृतिसम्बन्धी धारणा**

| वैवाहिक प्रकृति | उत्तरदाता | प्रतिशत |
|---|---|---|
| खर्चिलो | ३५ | ५० |
| ठिक्कै | २८ | ४० |
| सामान्य | ७ | १० |
| जम्मा | ७० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८

तालिका ५.९ अनुसार ३५ जना उत्तरदाताले विवाह खर्चिलो हुने गरेको बताए भने विवाहमा ठिक्कै र सामान्य खर्च भएको बताउने उत्तरदाताको संख्या २८ र ७ जना रहेको पाइयो ।

## ५.१० खर्चिलो विवाहप्रति उत्तरदाताको धारणा

बढी खर्च गरी विवाह गर्ने परिपाटी सामाजिक संस्कार बनिरहेको अवस्थामा विवाहमा गरिने खर्चले कतिपय अवस्थामा सार्थकता राख्छ भने कतिपय अवस्थामा निरर्थक सावित हुन्छ । उत्तरदाताले पनि खर्चिलो विवाह सामाजिक कुरितीको रूपमा स्थापित मान्यता भन्दै यसलाई समाजबाट नै अस्वीकार गर्नुपर्छ भन्ने भनाई प्रचलित छ । दाइजोबाट घरायसी र व्यक्ति आर्थिक समस्याको वैकल्पिक समाधान हुन्छ भन्ने उत्तरदाताको विचारलाई पनि वेवास्ता गर्न सकिदैन । खर्चिलो विवाहप्रति उत्तरदाताहरूको धारणालाई तालिकामा देखाइएको छ ।

**तालिका ५.१०**

**खर्चिलो विवाह प्रति उत्तरदाताको धारणा**

| विवाह प्रति धारणा | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| खर्चिलो विवाहप्रति खुशी | १४ | २० |
| खर्चिलो विवाहप्रति बेखुशी | ५६ | ८० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८

तालिका ५.१० अनुसार खर्चिलो विवाहप्रति खुशी हुने उत्तरदाताको संख्या १४ जना रहेको पाइयो भने त्यस्तो विवाहप्रति बेखुशी हुने उत्तरदातको संख्या ५६ जना रहेको पाइयो ।

## ५.११ दाइजो सम्बन्धी धारणा

दाइजो भन्नाले विवाहको अवसरमा केटी पक्षबा केटा पक्षलाई दिइने नगद वा जिन्सी उपहार हो । ब्राह्मण जातिक महिलाहरूमा दाइजोप्रतिका धारणा बुझ्न गरिएको यस अध्ययनमा दाइजोप्रति सकारात्मक र नकारात्मक दुवै धारणा रहेको पाइन्छ । महिलाका आर्थिक सुरक्षा र सुनिश्चितता नभएको अवस्थामा दाइजो नै भए पनि अधिकारको रूपमा प्रयोग गर्न पाइने धारणा एकातिर छ भने दाइजो अवसर मात्र नभएर बाध्यता बनेको परिस्थितिमा दाइजो महिलाका लागि मार्गदर्शनभन्दा पनि अवरोध बनेको धारणा प्रष्ट हुन्छ । यसरी दाइजोप्रति सकारात्मक र नकारात्मक धारणालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५.११**

**उत्तरदाताको शिक्षा र दाइजोप्रतिको धारणा**

| उत्तरदाताको शिक्षा | दाइजोप्रतिको धारणा | | | | | |
|---|---|---|---|---|---|---|
| | सकारात्मक | % | नकारात्मक | % | जम्मा | प्रतिशत |
| निरक्षर | ३ | ३३.३३ | ११ | १८.०३ | १४ | २० |
| साक्षर | १ | ११.११ | ७ | ११.४८ | ८ | ११.४३ |
| एस्.एल्.सी भन्दा कम | ३ | ३३.३३ | १६ | २६.२३ | १९ | २७.१४ |
| एस्.एल.सी. पास | २ | २२.२२ | १६ | २६.२३ | १८ | २५.७१ |
| आइ.ए.पास | - | - | ९ | १४.७५ | ९ | १२.८६ |
| बी.ए.पास | - | - | १ | १.६४ | १ | १.४३ |
| बी.ए. भन्दा माथि | - | - | १ | १.६४ | १ | १.४३ |
| जम्मा | ९ | १०० | ६१ | १०० | ७० | १०० |
| प्रतिशत | १२.८६ | | ८७.१४ | | १०० | |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८

तालिका ५.११ अनुसार दाइजोप्रतिको धारणात्मक अवस्थालाई हेर्दा दाइजोप्रति सकारात्मक धारणा राख्नेहरू १२.८६ प्रतिशत रहेका छन् भने दाइजोप्रति नकारात्मक धारणा राख्नेहरू ८७.१४ प्रतिशत रहेका छन् । दाइजो प्रथा पनि नकारात्मक धारणा राख्नेहरू अधिकांश एस.एल.सी. भन्दा कम र एस.एल.सी. पास महिलाहरू क्रमश : २६.२३ प्रतिशत र २६.२३ प्रतिशत रहेका छन् । दाइजो प्रथाप्रति सकारात्मक धारणा राख्नेहरू निरक्षर र एस.एल.सी. पास महिलाहरू क्रमशः ३३.३३ र ३३.३३ रहेका छन् । आइ.ए.पास., बी.ए. पास र बी.ए. भन्दा माथिल्लो, तहको शैक्षिक अवस्था भएका महिलाहरूले नकारात्मक धारणा व्यक्त गरेका छन् । यसरी जति शिक्षाको स्तर बढ्दै गयो त्यति नै दाइजो प्रथाप्रति सोचाइ नकारात्मक रहेको पुष्टि हुन आउँछ ।

## ५.१२ दाइजो प्रथाप्रति परिवर्तनसम्बन्धी धारणा

दाइजो भन्नाले विवाहमा माइती वा अन्य पक्षबाट प्राप्त गरेको महिलाको सम्पत्तिलाई जनाउँछ । यसबाट समाजमा महिलालाई व्यक्तिगत तथा आर्थिक सहुलियतको अलावा अन्य सम्मानजनक सुविधा, के दिन सकिन्छ भन्ने बारेमा वर्तमान परिवेशमा अलग अलग धारणा पाइन्छन्, जसलाई परिवर्तित धारणा भनेर बुझिन्छ । विगतदेखि वर्तमानसम्म दाइजो प्रथामा परिवर्तन भएको र नभएको धारणा पाइएको छ । अध्ययन क्षेत्रमा विगतमा दाइजो प्रथा सामान्य अवस्थामा रहेको तर समयको परिवर्तनसँगै दाइजो प्रथामा पनि फेरबदल भएको पाइएको छ । दाइजो प्रथाको स्वरूप, ढाँचा र मात्रामा परिवर्तन भएको धारणा पाइएको छ । अध्ययन क्षेत्रका उत्तरदाताको दाइजो प्रथाप्रतिको परिवर्तित धारणालाई तालिकामा देखाइएको छ ।

**तालिका ५.१२**

**दाइजो प्रथाप्रतिको धारणा**

| दाइजो प्रतिको धारणा | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| परिवर्तित धारणा | ५६ | ८० |
| अपरिवर्तित धारणा | १४ | २० |

स्रोतः स्थलगत सर्वेक्षण, २०६८

तालिका ५.१२ अनुसार दाइजोप्रति परिवर्तित धारणा राख्ने उत्तरदाताको संख्या ५६ जना पाइयो भने अपरिवर्तित धारणा राख्नेको संख्या १४ जना पाइयो ।

## ५.१३ विवाहमा दाइजो लिने वा दिने धारणा

विवाहको अवसरमा केटा पक्षको परिवारले दाइजो लिने र केटी पक्षले परिवारको दाइजो दिने परम्परा रहिआएको छ । अहिले हाम्रो समाजमा फाटफुट रूपमा दाइजो विरोधी विवाह (जसलाई नमुना विवाहको नाम दिइन्छ)पनि नदेखिएका होइनन् तर पनि त्यस्ता विवाह ठूलो समुन्द्रमा सानो पानीको बुँदका रूपमा रहेका छन् । धेरै जसो प्रेम विवाहमा दाइजो लिने र दिने चलन नभएको पाइएको छ । अध्ययन क्षेत्रको उत्तरदाताको दाइजो लिने र दिने सम्बन्धमा भएको धारणालाई तल तालिकामा देखाइएको छ ।

**तालिका ५.१३**

**दाइजो लिने र दिने धारणात्मक अवस्था**

| विवरण | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| दाइजो लिन चाहने धारणा | ३५ | ५० |
| दाइजो लिन नचाहने धारणा | २८ | ४० |
| दाइजो सम्बन्धी ज्ञान नभएका | ७ | १० |
| जम्मा | ७० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८

तालिका ५.१३ अनुसार ५० प्रतिशत उत्तरदाताले छोरीको विवाहमा दाइजो दिन नचाहनेले छोराको विवाहमा दाइजो लिन चाहेको धारणा राखेको पाइएको छ । ४० प्रतिशतले छोरीको विवाहमा दाइजो नदिने र छोराको विवाहमा पनि दाइजो ल्याउने चाहना राख्दैनन् भन्ने धारणा रहेको पाइयो । त्यस्तै १० प्रतिशत उत्तरदाताले यस विषयमा आफुलाई ज्ञान नभएको बताएका छन् ।

## ५.१४ दाइजो प्रथा सम्बन्धमा सुधारात्मक धारणा

विगतका समयमा दाइजो प्रथा प्रचलित रहेको र विगतमा भन्दा वर्तमानमा दाइजो प्रथा परिवर्तित धारणाहरू पाइएका छन् । अध्ययन क्षेत्रका उत्तरदातामा पाइएको दाइजो प्रथा प्रति सुधारात्मक धारणालाई तालिकामा देखाइएको छ ।

तालिका ५.१४

दाइजो प्रथा प्रति सुधारात्मक धारणा

| दाइजो प्रतिको धारणा | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| सुधार गर्नु पर्ने धारणा | ५६ | ८० |
| सुधार गर्नु नपर्ने धारणा | १४ | २० |

स्रोतः स्थलगत सर्वेक्षण, २०६८

तालिका ५.१४ अनुसार दाइजो प्रथामा सुधार गर्नु पर्ने धारणा राख्ने उत्तरदातको संख्या ५६ जना रहेको पाइयो भने सुधार गर्नु नपर्ने धारणा राख्ने उत्तरदाताको संख्या १४ जना रहेको पाइयो ।

## ५.१५ दाइजोप्रथा सुधारमा विभिन्न पक्षको भूमिका

अनुसन्धानको क्रममा अध्ययन क्षेत्रमा दाइजो प्रथा प्रतिको धारणा बुझ्ने क्रममा दाइजो प्रथा सुधारका लागि विभिन्न पक्षबाट भूमिका खेल्नुपर्ने देखिन्छ । दाइजो प्रथा हिन्दू धर्मबाट प्रभावित ब्राह्मण जातिमा परम्पराको रूपमा चल्दै आइरहेको भए तापनि हाल आएर दाइजो प्रथा कुरीतिग्रस्थ र भयावह बन्दै गइरहेको स्पष्ट हुन्छ । त्यसैले दाइजो प्रथा सुधारका लागि राज्यको नीति नियमदेखि लिएर स्वयं व्यक्ति सुधारमा लागि पर्नुपर्ने देखिन्छ । अध्ययन क्षेत्रका उत्तरदाताहरूले राखेका सुधारका पक्षहरूलाई तल तालिकामा देखाइएको छ ।

तालिका ५.१५

दाइजो प्रथा सुधारमा विभिन्न पक्षको भूमिकासम्बन्धी धारणा

| विभिन्न पक्षको भूमिका | उत्तरदाता | प्रतिशत |
|---|---|---|
| व्यक्ति स्वंय दाइजो प्रथा सुधारमा लाग्नुपर्ने धारणा | २८ | ४० |
| स्थानीय आमा समूहलाई सक्रिय बनाउनु पर्ने धारणा | ७ | १० |
| दाइजो नलिनेलाई सामाजिक सम्मान गरिनुपर्ने धारणा | २१ | ३० |
| राज्यको नीति, नियम र कानुनमा सुधार गरिनुपर्ने धारणा | १४ | २० |
| जम्मा | ७० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८

तालिका ५.१५ अनुसार दाइजो प्रथा सुधारका लागि व्यक्ति स्वंय सुधारमा लाग्नुपर्छ भन्ने धारणा ४० प्रतिशत रहेको छ । व्यक्ति स्वयंले दाइजो प्रथा निरुत्साहित गर्न सकेमा समुदाय, समाज र राज्यमा स्वत : दाइजो प्रथा सुधार हुने धारणा राख्नेहरू २८ प्रतिशत रहेको पाइएको छ । राज्यको नीति, नियम र कानुनमा नै सुधार गरिनुपर्दछ भन्ने धारणा २० प्रतिशतले राखेका छन् । विवाहमा दाइजो नलिनेलाई सामाजिक सम्मान गरेमा दाइजो प्रथामा सुधार हुने धारणा ३० प्रतिशत रहेको र स्थानीय स्तरका आमा समूहलाई सुधारका लागि सक्रिय बनाउनुपर्ने धारणा १० प्रतिशत रहेको छ ।

## ५.१६ दाइजो प्रथालाई प्रश्रय दिने वर्गसम्बन्धी धारणा

नेपाली समाजमा भिन्न जाति, संस्कृति र भाषाभाषीको विविधता भएजस्तै भिन्न भिन्न वर्गहरू समुदायमामा रहेका छन् । कुनै वर्ग उच्च आर्थिक हैसियत भएको छ भने कुनै वर्ग अति न्यून अवस्थामा आफ्ना आधारभूत आवश्यकता समेत पुरा गर्न नसकेको अवस्था रहेको छ भने बीचको मध्यम वर्ग न त माथि जान सक्ने न त तल झर्न चाहने चेपुवामा रहेको छ । यस्तो सामाजिक परिवेशमा विवाहको संस्कार सबै वर्गमा हुने निरन्तर प्रक्रिया हो । यी विभिन्न वर्गमा दाइजो प्रथाको प्रभाव भिन्न भिन्न रूपले परेको देख्न सकिन्छ । अध्ययन क्षेत्रमा पनि उच्च, मध्यम र निम्न वर्गका मानिसहरू रहेका छन् र दाइजो प्रथालाई प्रश्रय दिने वर्गका बारेका आ-आफ्नो धारणा रहेको पाइएको छ । यसलाई तल तालिकामा देखाइएको छ ।

**तालिका ५.१६**

**दाइजो प्रथालाई प्रश्रय दिने वर्गसम्बन्धी**

| वर्ग | उत्तरदाताको सख्या | प्रतिशत |
|---|---|---|
| उच्च वर्ग | २८ | ४० |
| मध्यम वर्ग | १४ | २० |
| निम्न वर्ग | ७ | १० |
| सबै वर्ग | २१ | ३० |
| जम्मा | ७० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८

तालिका ५.१६ अनुसार समाजमा दाइजो लिने र दिने प्रतिस्पर्धा बढ्दै जानुका पछाडि उच्च वर्गले गर्ने तडकभडक र बढी दाइजो प्रदर्शन गर्ने परम्परा हो भन्ने धारणा राख्नेहरू ४० प्रतिशत रहेका छन् भने उच्च, मध्यम र निम्न सबै वर्ग दाइजो प्रथालाई प्रश्रय दिँदै आएको धारणा राख्नेहरू ३० प्रतिशत रहेका छन् । त्यसैगरी मध्यम वर्गको धारणा राख्नेहरू २० प्रतिशत रहेका छन् भने १० प्रतिशतले निम्न वर्गको धारणा राखेका छन् । यसबाट स्पष्ट हुन आउँछ कि समाजमा दाइजो प्रथालाई प्रश्रय दिने वर्ग उच्च वर्ग रहेको छ जसको देखासिकी गर्न मध्यम वर्ग र निम्न वर्ग बाध्य भएका छन् ।

## ५.१७ छोरीलाई दाइजो दिनुपर्छ वा दिनुपर्दैन भन्ने धारणात्मक विवरण

दाइजोले महिलाको नीजि सम्पत्तिलाई बुझाउँछ । यसले महिलाको व्यक्तिगत तथा आर्थिक पक्षमा ठूलो सहयोग गर्छ । अध्ययन क्षेत्रका उत्तरदाताको छोरीलाई दाइजो दिनुपर्छ वा पर्दैन भन्ने धारणालाई तल तालिकामा देखाइएको छ ।

**तालिका ५.१७**

**दाइजो सम्बन्धी धारणात्मक अवस्था**

| दाइजो सम्बन्धी धारणा | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| दिनुपर्छ | २६ | ३७.२ |
| दिनुपर्दैन | ४४ | ६२.८ |

स्रोतः स्थलगत सर्वेक्षण, २०६८

माथिको तालिकाअनुसार दाँइजो दिनुपर्छ भन्ने कुरामा सहमत राख्ने उत्तरदाताहरू २६ जना रहेका छन् भने दाइजो दिनुपर्दैन भन्ने कुरामा सहमत राख्ने उत्तरदाता ४४ जना रहेका छन् ।

# अध्याय-छ

# अध्ययनको सारांश, निष्कर्ष र सुझाव

## ६.१ सारांश

विवाह एउटा सामाजिक संस्था हो । विवाह पश्चात छोराछोरी जन्माउने बाटो खुला हुन्छ । विवाहमा विभिन्न समुदाय, जातजाति र धर्मअनुसार विविधता पाईन्छ । ब्राह्मण जातिमा विवाह आसुर र ब्राह्म गरी दुई तरिकाले सम्पन्न हुन्छ । विवाहमा केटीपक्षबाट केटापक्षलाई दिइने नगद, जिन्सी वा अन्य सरसामानलाई दाइजो भनेर बुझिन्छ । दाईजोलाई ब्राह्मण जातिमा इज्जत प्रतिष्ठाको विषयमा हेरिने हुनाले समाजमा दाइजोले प्राथमिकता पाएको स्पष्ट हुन आउँछ ।

स्याङ्जा जिल्ला ब्राह्मण जातिको बाहुल्यता भएको जिल्ला भएको र विवाहमा दाइजोको लेनदेन बढी हुने भएकाले महिलाको धारणालाई बुझ्न यो अनुसन्धान गरिएको छ । यस अध्ययनमा आरुचौर गा.वि.स. वडा नं. २ र ३ का ब्राह्मण जातिका महिलाहरूमा प्रचलित दाइजो प्रथा र महिलाको शैक्षिक सामाजिक र वैवाहिक अवस्था पत्ता लगाउने र महिलाको दाइजो प्रथाप्रतिको धारणा विश्लेषण गर्ने उद्देश्यहरू राखी अनुसन्धान गरिएको छ । उक्त उद्देश्य पूरा गर्नको लागि अनुसन्धानसँग सम्बन्धित विभिन्न प्रश्नावली, अर्न्तवार्ता सूची, समूह छलफल जस्ता साधनहरूलाई प्रयोगमा ल्याइएको छ ।

१५ देखि २५ वर्ष उमेर समूहका महिला उत्तरदाताहरूमा गरिएको यो अनुसन्धानमा अधिकांश उत्तरदाताले छोरीलाई दाइजो दिनुभन्दा शिक्षा ज्ञान, सीप र प्रविधिमूलक तालिम मा सहभागी गराइ आत्मनिर्भर गराउनुपर्ने कुरामा जोड दिनुपर्ने कुरा बताएका छन् ।

**मुख्य प्राप्ति**

- यस अध्ययनमा कम उमेरमा (१५-२० वर्ष) विवाह गर्ने उत्तरदाताहरू बढी संलग्न रहेको पाइयो ।
- महिलाहरूको शैक्षिक स्तरलाई हेर्दा निरक्षर महिलाहरूको संख्या र साक्षर महिलाहरूको संख्या बराबर देखिन्छ ।

- साक्षरता प्रतिशत बढी भए पनि दाइजो सामाजिक संस्कार भएकाले अधिकांश महिलाहरू दाइजोलाई बाध्यात्मक रूपमा स्वीकार गर्नुपर्ने धारणा व्यक्त गरेको देखिन्छ ।
- यस अध्ययनमा महिलाहरूको शैक्षिक स्तरलाई हेर्दा एस.एल.सी. भन्दा कम अध्ययन गर्ने महिलाहरू २७.३ प्रतिशत रहेका छन् त्यसैले धेरै महिलाहरू स्कुल पढ्दापढ्दै छोड्ने गरेको तथ्याङ्कबाट देखिन्छ ।
- उत्तरदाता महिलाहरू मध्यमा ५५.७ प्रतिशत महिलाहरू संयुक्त परिवारमा बसेको देखिन्छ । समाजमा अझै पनि संयुक्त परिवार एकल परिवारको तुलनामा बढी रहेको देख्न सकिन्छ ।
- परिवारका सदस्यहरूको संख्याका आधारमा परिवारको आकारलाई हेर्दा ६० प्रतिशत महिलाहरूको (४-६) मध्यम आकारको परिवार रहेको छ ।
- उत्तरदाताको पेशागत अवस्थालाई हेर्दा गृहिणीको ८७.१ प्रतिशतको प्रधानता रहेको छ । अझै पनि नेपाली महिलाहरू विवाहपश्चात् असल गृहिणीको भूमिका निभाउन बाध्य छन् । सार्वजनिक क्षेत्रमा उनीहरूको पहुँच छैन ,
- उत्तरदाताको विवाहको समयमा उमेरको अवस्थालाई हेर्दा १५-२० वर्षको उमेरमा ८२.९ प्रतिशत उत्तरदाता महिलाहरूको विवाह भैसकेको थियो ।
- ३८.६ प्रतिशत उत्तरदाताहरूको विवाह गर्दाको समयको शैक्षिक स्तर एस.एल.सी. भन्दा कम रहेको छ ।
- विवाहको प्रकारलाई हेर्दा ९० प्रतिशत महिलाहरूको मागी विवाह भएको पाइएको छ । प्रेम विवाह गर्ने महिला १० प्रतिशत रहेको देखिन्छ ।
- मागी विवाह गर्ने ७७.३ प्रतिशत दाइजो ल्याउने रहेका छन् भने २२.७ दाइजो नल्याउने रहेका छन् । प्रेम विवाहमा दाइजो ल्याउने २५ प्रतिशत रहेका छन् भने दाइजो नल्याउने ७५ प्रतिशत रहेका छन् । यसरी प्रेम विवाहको तुलनामा मागी विवाहमा दाइजो लिने र दिने व्यवहार हुने गरेको देखिन्छ ।
- प्रमुख रूपमा ७१.५ प्रतिशत उत्तरदाताको धारणामा छोरीलाई दाइजोको सट्टा अंश दिनु राम्रो भएको पाइएको छ ।

- छोरीलाई माइतीबाट दाइजो दिने गरेको तर महिलाका हातमा कुनै पनि किसिमको दाइजो, पेवा वा व्यक्तिगत सम्पत्ति नरहेको पाइएको छ । ९० प्रतिशत महिलाहरूको आर्थिक अधिकारविहिन रहेका छन् भने बाँकी १० प्रतिशतसँग अलिअलि मात्रामा व्यक्तिगत सम्पत्ति रहेको पाइएको छ ।
- ५० प्रतिशत उत्तरदाताको परिवारबीचको सम्बन्ध राम्रो भएको पाइएको छ । त्यस्तै दाइजोका कारण परिवारबीचको सम्बन्ध नराम्रो भएको ४० प्रतिशत रहेको पाइएको छ । ७.१ प्रतिशतको परिवार बीच ठिक्क सम्बन्ध रहेको छ । २.९ प्रतिशतले सम्बन्धको बारेमा ज्ञान नभएको बताएको पाइएको छ ।
- दाइजोप्रति परिवारका सदस्यहरूको चासोका सम्बन्धमा अधिक रूपमा चासो देखाउने ३० प्रतिशत सासू रहेको पाइएको छ भने सबैभन्दा न्यनून चासो देखाउनेमा श्रीमान् र नन्द/देवर रहेको पाइएको छ । यसरी परिवारमा महिलाले महिलामाथि नै बढी चासो, निगरानी र नियन्त्रण गरेको पाइएको छ ।
- दाइजो र महिलाको अवस्थालाई हेर्दा विवाहमा दाइजो ल्याए पनि सामाजिक, आर्थिक, शैक्षिक पक्ष र पारिवारिक व्यवहार कुनै क्षेत्रमा पनि सहयोग नमिलेको ७२.९ प्रतिशत रहेको छ । अति न्यून अवस्थामा २७.१ प्रतिशतमा भने दाइजोबाट विविध क्षेत्रमा सहयोग मिलेको पाइएको छ ।
- दाइजो प्रथाले महिलाको विद्यमान अवस्थामा पारेको प्रभावलाई हेर्दा ८० प्रतिशतले महिलाको कमजोर अवस्था हुनुमा सहयोगी भूमिका खेलेको धारणा राख्दछन् । २० प्रतिशत महिलाले विद्यमान महिलाको अवस्था सुदृढ हुनुमा दाइजोले भूमिका खेल्ने बताउँछन् ।
- ५० प्रतिशत उत्तरदाताले वैवाहिक प्रकृति खर्चिलो खालको भएको बताइएको छ । १० प्रतिशतले वैवाहिक व्यवहार भने सामान्य रहेको पाइएको छ । यसबाट समाजमा विवाह खास गरी विवाह खर्चिलो नै हुने गरेको स्पष्ट हुन आउँछ ।
- उत्तरदाताहरूमा खर्चिलो विवाह गरी खुसी हुने १० प्रतिशत रहेका छन् भने विवाहमा गरेको खर्चप्रति असन्तुष्टि जनाउने ९० प्रतिशत रहेका छन् ।

- ८७.१४ प्रतिशत उत्तरदाताको दाइजो प्रथाप्रति धारणा नकारात्मक रहेको र १२.८६ प्रतिशतको धारणा सकारात्मक रहेको पाइएको छ । यसरी अधिकांश महिलाको दाइजो प्रथाप्रतिको धारणा नकारात्मक रहेको पाइएको छ ।
- ९०.७ प्रतिशत उत्तरदाताले दाइजो प्रथाको ढाँचा, सोचाइ र मात्रामा परिवर्तन हुँदै गएको धारणा राखेको पाइएको छ ।
- दाइजो प्रथालाई टेवा दिने वर्गको सम्बन्धमा धारणा बुझ्दा ४० प्रतिशतले उच्च वर्गको धारणा राखेको पाइएको छ ।
- अन्त्यमा, ६२.८ प्रतिशत उत्तरदाताहरू छोरीलाई दाइजो नदिने पक्षमा रहेका छन् भने ३७.२ प्रतिशतले भने अन्य आर्थिक अधिकारको सुनिश्चितता र सुरक्षा नभएको अवस्थामा दाइजोलाई नै छोरीको आर्थिक अधिकार मानेको पाइएको छ ।

## ६.२ निष्कर्ष

विवाह जीवनको महत्वपूर्ण संस्कार हो । प्राकृतिक रूपमा विवाह पुरुष र स्त्रीको स्वभाविक संयोग हो । यसै संयोगबाट सन्तती सिर्जनाको श्रृङ्खला सुरु हुन्छ । विवाहमा केटा पक्षलाई केटी पक्षबाट दिइने नगद, जिन्सी, उपहार वा आर्थिक राहत, अन्य सुविधालाई दाइजो भन्ने चलन छ ।

यस अध्ययनबाट अधिकांश महिलाहरू थोरै दाइजो ल्याएका कारण घर परिवारबाट अपमानित हुनुपरेको छ । बाबु आमाले छोरीलाई अर्काको घरमा जाने भनि शिक्षामा कम खर्च गरिएको उत्तरदाताको धारणा रहेको पाइन्छ । दाइजो कम ल्याएका, नल्याएका कारण महिलाहरू मानसिक यातना भोग्ने बाध्य रहेको कुरा उत्तरदाताहरू बताउँदछन् । शिक्षा र अन्य सीप मूलक क्षेत्रमा अग्रसर हुने अवसरबाट बञ्चित भएकोले महिलाहरूको सामाजिक भूमिका नगन्य रहेको उत्तरदाताको धारणा पाइयो ।

शिक्षाले समाज, व्यक्ति, राष्ट्रका लागि योगदान गर्ने हुँदा बाबुआमाले छोरीलाई दाइजोको सट्टा शिक्षा दिने गरेमा महिलाको शैक्षिक, आर्थिक र मानसिक सन्तुष्टि प्राप्त हुने हुँदा दाइजोलाई भन्दा शिक्षामा जोड दिनुपर्ने उत्तरदाताको धारणा पाइयो । दाइजो लेनदेन विरुद्ध सबै सरोकारवाला पक्षलाई आआफ्नो भूमिका सक्रिय बनाई दाइजो र यसको आधारमा हुने भेदभाव, अपमान र हिंसा हटाउन दाइजो विरुद्ध नागरिक चेतनाको अभिवृद्धि

गर्ने जस्ता चेतनामूलक कार्यक्रम लागु गरी दाइजोको सवालमा पुरस्कार र दण्डको आधारमा समुन्नत समाजको परिकल्पना गर्ने धारणा बताउने अधिकांश उत्तरदाताले दायजो विरुद्ध आफ्नो अभिमत राखेको पाइयो ।

छोरीलाई शिक्षामा खर्च गर्नु निरर्थक भन्ने सोचको विकास भएको कारण बाबुआमाले कम उमेरमा विवाह गर्ने परिपाटी समाजमा अझै पनि विद्यमान रहेको उत्तरदाताको धारणा पाइयो । अधिकांश उत्तरदाताले विवाह १५-२० वर्षमा भएको कुरा बताएका छन् । यसरी दाइजोलाई हटाउनु पर्ने र कायम राख्नुपर्ने वादविवाद अझै पनि समाजमा चर्को रूपमा रहेको छ । दाइजोलाई सरकारी स्तरबाट नीति र नियम बनाई सबै सरोकारवालापक्षहरूको सक्रिय कार्यन्वयनबाट दाइजो प्रथा हट्ने कुरा अधिकांश उत्तरदाताले राखेको पाइयो ।

## ६.३ सुझाव

यस अध्ययनको आधारमा सामाजिक क्षेत्रमा दाइजो प्रथा सम्बन्धी भिन्न-भिन्न समस्या रहेका छन् महिलाहरूले लैङ्गिग विभेद सम्बन्धी विभिन्न समस्याहरू भोग्नुपरेको यथार्थता यो अध्ययनबाट प्राप्त भएको छ । यस अध्ययन क्षेत्रका महिलाहरूलाई सशक्त बनाउन र दाइजो समस्याबाट मुक्त गरी समतामूलक समाजको निर्माणका लागि निम्न कुराहरूमा विचार पुऱ्याउनुपर्ने देखिन्छ ।

- विवाह उमेरका महिलाहरूलाई दाइजो प्रथा विरुद्ध सचेतनामूलक कार्यक्रम सञ्चालनमा सहभागी गराउनु पर्छ ।
- महिला शिक्षामा विशेष जोड दिनुपर्छ ।
- सामाजिक सद्भाव कायम गर्न दाइजो प्रथाको विरुद्धमा सरकारी नीतिहरू निर्माण गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्दछ ।
- दाइजो लिने र र दिने परम्पराको अन्त्यका लागि स्थानीयस्तरका औपचारिक तथा अनौपचारिक संघसंस्थाको क्षमता अभिवृद्धिमा जोड दिनुपर्छ ।

## सन्दर्भग्रन्थ सूची


अधिकारी, यज्ञप्रसाद (वि.सं. २०५७) : *सामाजिक न्याय नेपालको सन्दर्भ,* प्रजातन्त्र सम्वर्द्धन केन्द्र, काठमाडौं ।

अर्याल, भोजेन्द्र (वि.सं. २०६२) : *लैङ्गिक अध्ययन,* दीक्षान्त पुस्तक प्रकाशन, कीर्तिपुर, काठमाडौं ।

आचार्य, बलराम (वि.सं. २०६१) : *सामाजिक विश्लेषणको सैद्धान्तिक ढाँचा,* स्टुडेण्टस् बुक्स पब्लिकेसन्स, कीर्तिपुर, काठमाडौं ।

उप्रेती, लयप्रसाद (१९८९) : *वीमिन एण्ड क्रेडिट इन नेपाल* : सम अब्जरवेसन अफ एचिभमेण्टस् एण्ड लिमिटेसन्स् इन नेटवर्कर, काठमाडौं ।

गुडे, वीलिमय (१९९४), *दी फ्यामिली,* प्रीन्टीस हल अफ इन्डीया प्रा.लि., न्यू दिल्ली ।

गिडेन्स, एन्थोसी (२००१), *सोसिओलोजी,* पोलिटी प्रेस इज एसोसिएसन वीथ बल्याकवाल पब्लीसर्स, यूके ।

झा, हरीबंश (१९९७), *इम्पावरीङ्ग वीमिन अफ महोत्तरी डीस्ट्रीक,* सेन्टर फर इकोनोमिक एण्ड टेक्निकल स्टडीज (सी.ई.टी.एस.), काठमाडौं, नेपाल ।

तामाङ्ग, सेरा (२००४), *नेपालमा विकासे नारीवाद (लेख)* : नेपालको सन्दर्भमा समाजशास्त्री चिन्तन (सम्पादनः मेरी, डेसेन, प्रत्यूष वन्त, सोसल साइन्स वहा ।)

चौलागाई, तिलकप्रसाद र पोखेल, नानीराम (वि.सं. २०६०): *लैङ्गिक अध्ययन,* न्यू हिरा बुक्स इन्टरप्राइजेज, कीर्तिपुर, काठमाडौं ।

थपलिया, डा. शान्ता (१९९९), *नेपालको पारिवारिक कानुन एक अध्ययन,* कानुनी सहयोग तथा परामर्श केन्द्र, पुल्चोक, ललितपुर ।

थापा, कृष्ण ब. (१९८५), *वीमिन एण्ड सोसियल चेञ्ज इन नेपाल,* पब्लीस बाई अम्बिका थापा, काठमाडौ, नेपाल ।

दशौं योजना (२०५९-२०६४), राष्ट्रिय योजना आयोग २०५९, काठमाडौं ।

*नेपालमा महिलाहरूको कानुनी स्थिति एक अध्ययन* (वि.सं. २०५९), कानुन, अनुसन्धान तथा केन्द्र, काठमाडौं ।

*नेपाल अधिराज्यको संविधान* (२०४७), शीतल-सुलभ प्रकाशन, भक्तपुर ।

*नेपालको अन्तरिम संविधान* (२०६३), बौद्धिक दर्पण प्रकाशन, पुतलीसडक, काठमाडौं ।

नेपाल पत्रिका, मंसिर (२०६४) : *जिउँदै जलाउनेलाई प्रोत्साहन,* कान्तिपुर पब्लिकेसन्स, काठमाडौं ।

पण्डित, एस.के. (१९९८): *वीमिन इन सोसाइटी,* रजत पब्लिकेशन, न्यू दिल्ली ।

बराल, रामचन्द्र (वि.सं. २०५७), *सम्बन्ध विच्छेदका कारण - असर,* एम.ए. शोधपत्र समाजशास्त्र तथा मानवशास्त्रअन्तर्गत मानविकी संकाय, टि.यू. कीर्तिपुर ।

*वेइजिङ्ग कार्य योजनाको पुनरावलोकन सम्बन्धी दस्तावेजको सङ्गालो* (२०५८), महिला, कानुन र विकास मञ्च, एफ.डब्लु.एल.डी, काठमाडौं ।

वेनेट, लिन (१९८३), *डेन्जरस वाइफ एण्ड सेक्रेट सिस्टर,* कोलम्बिया युनिभर्सिटी प्रेस, न्यूयोर्क ।

वेनेट, लिन (१९९८), *द स्टाटस अफ विमिन इन नेपाल,* सेन्ट्रल फर इकोनोमिक डेभलपमेन्ट एण्ड एडमिनिस्ट्रेसन टि.यू. काठमाडौं ।

वोउवार, सिमन (२०६०), *द सेकेन्ड सेक्स,* प्रगति पुस्तक सदन, डिल्लीबजार, काठमाडौं ।

भण्डारी, के.पी. (वि.सं. २०६०), *समाजका नमुनाहरू,* श्याम पुस्तक भण्डार, विराटनगर ।

भासिन, कमला (२००३), *पितृ सत्ता के हो ?* काली फर वीमन, न्यू डिल्ली ।

मल्ल, सपना (२०६५), *महिलाका मुद्दा* (लेख), महिला, आवाज, प्रायुसंघ नेपाल, केन्द्रीय महिला विभाग ।

मजपुरिया, इन्द्र (१९८९), *नेपलीज वीमिन,* पब्लिस वाई एम.देवी कीर्तिपुर, काठमाडौं ।

मेहता, चेतन (१९९६), *महिला एव् कानुन,* आशिष पञ्जावी हाउस, न्यू दिल्ली ।

मईत्रा, अन्जना (१९९३), *वीमिन इन अ. चेञ्जीङ्ग सोसाइटी,* आशिष पब्लिसिङ्ग हाउस, पञ्जावी वाग, न्यू दिल्ली ।

मानन्धर लक्ष्मीकेसरी, भट्टचन कृष्ण ब. (२००१), *जेण्डर एण्ड डेमोक्रयासी इन नेपाल,* सेन्टरल डिपार्टमेण्ट अफ होम साइन्स, टि.यू, काठमाडौं ।

मोस्से, जुलिया क्लेभेज (१९९३), *हाफ दी वल्ड हाफ दी चान्स,* अक्सफाम पब्लिकेसन ।

मार्सल, गोरडोन (१९९८), *डिक्सनरी अफ सोसिओलोजि,* अक्सफोर्ड यूनिभर्सिटी प्रेस, न्यू दिल्ली ।

मार्सल, गोरडोन (२००४), *डिक्सनरी अफ सोसिओलोजि,* अक्सफोर्ड यूनिभर्सिटी प्रेस, न्यू दिल्ली ।

मानवअधिकार अनुगमन निर्देशिका (वि.सं. २०६१), इन्सेक, काठमाडौं ।

मुलुकी ऐन (२०२०), पैरवी प्रकाशन, काठमाडौं ।

रीटजर, जर्ज (१९९६), *मोर्डन सोजियोलोजिकल थिओरी,* न्यू डिल्ली ।

सुवेदी, मधुसुदन (२०५६), *हिन्दु विवाहको इतिहास,* प्रकाशक श्रीमती सानुमैया सुवेदी, ललितपुर, बैकुण्ठ तथा दामोदर सुवेदी ललितपुर सानेपा, नेपाल ।

श्रेष्ठ, ज्ञानेन्द्रबहादुर (२०६२) *वीमन इम्पाउवरमेन्ट इन नेपाल,* पैरवी प्रकाशन, काठमाडौं ।

## अनुसूची १

## ग्रामीण महिलाहरूमा दाइजो प्रथाप्रतिको धारणा

## आरुचौर गा.वि.स.मा आधारित समाजशास्त्रीय अध्ययन

श्री ............................................ज्यू

तपाईलाई प्रस्तुत शोधकार्यको उत्तरदाताको रूपमा छनोट गरेको छु । कृपया यस प्रश्नावलीमा छनोट गरिएका " **ग्रामीण महिलाहरूमा दाइजो प्रथाप्रतिको धारणा** " बारेको जिज्ञासालाई उत्तर दिई सहयोग पुऱ्याइदिनुहुन विनम्र अनुरोध गर्दछु । तपाईले प्रदान गर्नुभएको तथ्यांकहरू केवल अनुसन्धानको प्रयोजनको लागि मात्र हो र यी तथ्यांक र सूचनालाई गोप्य राख्ने प्रतिवद्धता समेत जाहेर गर्दछु ।

**धन्यवाद ।**

शोध छात्र
रामकृष्ण सापकोटा
समाजशास्त्र/मानवशास्त्र विभाग
पृथ्वीनारायण क्याम्पस, पोखरा

### समूह 'क' : साधारण जानकारी

१) उत्तरदाताको नाम :

२) उमेर :

क) १५-२० वर्ष ( ) ख) २१-३० वर्ष ( ) ग) ३१-४० वर्ष ( )

घ) ४१-५० वर्ष ( ) ङ) ५० वर्षभन्दा मुनि ( )

३) शिक्षा :

क) निरक्षर ( ) ख) साक्षर ( )

ग) S.L.C. भन्दा कम ( ) घ) S.L.C. पास ( )

ङ) I.A. पास ( ) च) B.A. पास ( )

छ) B.A. भन्दा माथि ( )

४) लिङ्ग

क) स्त्री ( ) ख) पुरुष ( )

५)　जाती

क) ब्राह्मण (　　)　　　ख) क्षेत्री (　　)

६)　पेशा :

क) गृहिणी (　　)　　　ख) व्यापार (　　)　　ग) मजदुरी (　　)

घ) सेवा (　　)　　　ङ) अन्य (　　)

७)　वैवाहिक स्थिति :

क) विवाह भएको (　　)　　　ख) सम्बन्ध विच्छेद (　　)

ग) श्रीमान विदेश गएको (　　)　　घ) श्रीमानसँग छुट्टिएर बसेको (　　)

ङ) विधवा (　　)　　　च) परिवारसँग बसेको (　　)

८)　परिवारको सदस्य संख्या

क) २-४ (　　)　　　ख) ४-६ (　　)　　ग) ६ भन्दा माथि (　　)

९)　परिवारको संरचना

क) एकल (　　)　　　ख) संयुक्त (　　)　　ग) वृहत (　　)

## समूह 'ख' विवाहपूर्वको पृष्ठभूमि

१०)　विवाह गर्दा तपाईको उमेर कति थियो ?

क) १०-२० वर्ष (　　)　　ख) २०-२५ वर्ष (　　)

ग) २६-३० वर्ष (　　)　　घ) ३० भन्दा माथि (　　)

११)　विवाह गर्दा तपाईको शिक्षा कुन तहको थियो ?

क) कक्षा १० भन्दा कम　　ख)S.L.C. पास (　　)　　ग) I.A. पढ्दै (　　)

घ) B.A. पढ्दै (　　)　　ङ) M.A. पढ्दै (　　)　　च) निरक्षर (　　)

१२)　तपाईको विवाह पूर्व माईती घरको आर्थिक अवस्था कस्तो थियो ?

क) राम्रो (　　)　　ख) नराम्रो (　　)　　ग) ठिकै (　　)

१३)　तपाईको अभिभावकले तपाईलाई कुन कुरामा बढी प्रेरित गर्नु भयो ?

क) शिक्षामा (　　)　　ख) विवाहमा (　　)　　ग) आत्मनिर्भर वन्नमा (　　)

घ) घरायसी काममा　　ङ) अन्यमा (　　)

१४.　तपाईको पढाइमा रुची र लगनशीलता कस्तो खालको थियो ?

क) राम्रो थियो (　　) ख) ठिकै थियो (　　)　　ग) थिएन (　　)

## समूह 'ग' विवाह क्रमको पृष्ठभूमि

१५. तपाईको विवाह कस्तो प्रकारको विवाह हो ।

क) मागी ( ) ख) प्रेम विवाह ( ) ग) चोरी विवाह ( )

घ) अन्य ( )

१६. विवाह तपाईले चाहेको समयमा नै भएको हो ?

क) हो ( ) ख) होइन ( )

१६.१ यदि होइन भने किन होला ?

क) पढ्ने इच्छा थियो ( ) ख) आत्मनिर्भर पछि विवाह गर्ने मन थियो ( )

ग) स्वेच्छाले विवाह गर्ने मन थियो ( )

१७. तपाईको विवाहमा दाइजो लेनदेनमा लमीको भूमिका कस्तो रह्यो ?

क) दाईजो दिनुपर्छ भन्ने ( ) ख) दाइजो दिनुपर्दैन भन्ने ( )

ग) सामान्य ( )

१८. तपाईको विवाहमा केटा पक्षबाट दाइजोको माग भयो कि भएन ?

क) भयो ( ) ख) भएन ( )

१९. तपाईको विवाहमा अभिभावकलाई खर्च जुटाउन समस्या पऱ्यो कि परेन ?

क) समस्या पऱ्यो ( ) ख) समस्या परेन ( )

२०. तपाईको विवाहमा दाइजो ल्याउनु भयो कि भएन ?

क) ल्याए ( ) ख) ल्याइन ( )

२१. तपाईले आफ्नो विवाह कस्तो प्रकारले होस् भन्ने चाहनु हुन्थ्यो ?

क) खर्चिलो ( ) ख) साधारण ( ) ग) ठिक्कै ( )

२२. तर पनि तपाईको विवाह कस्तो प्रकारको भयो ?

क) साधारण ( ) ख) खर्चिलो ( ) ग) ठिक्कै ( )

२३. ठूलो राशिको दाईजो लिएर खर्चिलो विवाह भएको हो भने तपाई यसमा खुशी हुनुहुन्थ्यो कि हुनुहुन्थेन ?

क) खुसी थिए ( ) ख) खुशी थिईन ( )

ग) थाहै भएन ( ) घ) भन्न चाहन्न ( )

२.३.१ यदि खुशी हुनुहुन्थ्यो भने किन ?

क) किनभने मैले पनि दाइजो पाउनुपर्छ जस्तो लागेर ( )

ख) म पनि परिवारको हिस्सेदार हुँ भन्ने लागेर ( )

ग) विवाहमा गरेको खर्चले समाजमा प्रतिष्ठा बढ्छ भन्ने लागेर ( )

घ) अन्य ( )

२.३.१ यदि खुशी हुनुहुन्थेन भने किन ?

क) विवाहमा भएको खर्चले पढ्ने मन थियो । ( )

ख) त्यो खर्चको सट्टा आफूले केही व्यवसाय गर्ने मन थियो ( )

ग) बुवा आमालाई आर्थिक भार दिन मन थिएन । ( )

घ) अन्य ( )

२४. तपाईको विवाहमा दाईजोको विषयलाई लिएर कसैले विरोध गरे ?

क) गरे ( ) ख) गरेनन् ( )

२४.१ यदि गरे भने को कसले गरे ?

क) परिवारका सदस्य ( ) ख) सामाजिक संघसंस्था ( )

ग) स्थानीय आमा समूह ( ) घ) यूवा क्लब ( )

ङ) सरकारी निकाय ( ) च) अन्य ( )

## समूह 'घ' विवाहपछिको पृष्ठभूमि

२५. तपाईसँग निजी सम्पत्ति जस्तो दाइजो, पेवा छ, छैन ?

क) छ ( ) ख) छैन ( )

२६. तपाईलाई दाईजो लिनु र दिनु ठिक हो जस्तो लाग्छ वा लाग्दैन ?

क) लाग्छ ( ) ख) लाग्दैन ( )

२६.१ यदि लाग्छ भने किन ?

...................................................................

२६.२ यदि लाग्दैन भने किन ?

...................................................................

२७ तपाईको विचारमा महिलालाई दाईजो दिनु ठिक हो की अंश दिनु ठीक हो ?

क) दाईजो ( ) ख) अंश ( )

२८. तपाईले ल्याएको दाईजोले तपाईको परिवार सदस्य खुशी भएको पाउनु भएको छ ?

क) छ ( ) ख) छैन ( ) ग) भन्न चाहन्न ( )

घ) थाहा छैन ( )

२८.१ यदि तपाइको परिवारम खुशी पाउनु भएको छैन भने किन होला ?

.....................................................................................

२९. तपाइँले ल्याएको दाईजोले अहिले तपाईलाइ केही सहयोग मिलेको छ/केही उपलब्धी गर्नु भएको छ कि ? भन्नुस ?

क) सामाजिक प्रतिष्ठा ( ) ख) आर्थिक उपार्जनमा सहयोग ( )

ग) घर परिवारलाई हाम्रो व्यवहार ( )

घ) शैक्षिक निरन्तर दिनमा सहयाग ( )

३०. दाईजो नल्याएर वा कम ल्याएर तपाई कुन पक्षमा प्रभावित हुनु परेको छ ?

क) आर्थिक पहुँच नहुने ( ) ख) सामाजिक रूपमा हेपिनु ( )

ग) शिक्षामा अवरोध ( ) घ) शारीरिक/मानसिक तनाव ( )

३१. तपाईको परिवारका कुन सदस्यले दाईजोको बारेमा बढी चासो देखाउनु हुन्छ ?

क) सासु ( ) ख) ससुरा ( ) ग) श्रीमान ( )

घ) नन्द, देवर ( ) ङ) भन्न चाहन्न ( )

३२. तपाई र परिवार बीचको आपसी सम्बन्ध कस्तो पाउनु भएको छ ?

क) राम्रो ( ) ख) नराम्रो ( )

ग) ठिकै ( ) घ) घनिष्ट

३३. तपाईको समाजका दाइजोका कारण के कस्ता घटना घटेका छन् ? तपाईलाई थाहा छ ?

क) सम्बन्ध विच्छेद ( ) ख) मानसिक हिंसा ( )

ग) हत्या ( ) घ) घर निकाला/कुटपिट ( )

ङ) थाहा छैन ( ) च) अन्य ( )

३४ विवाहमा लिइने दाइजोले महिलाको घरायसी अवस्थामा कस्तो भूमिका रहन्छ ?

क) महिलाको अवस्था कमजोर बनाउछ ( )

ख) महिलाको अवस्था सुधार हुन्छ ( )

३५. दाईजो लिनु र दिनु दुवै सामाजिक अपराध हो भन्ने कुरामा तपाईको धारणा के छ ?

क) सकारात्मक ( ) ख) नकारात्मक ( ) ग) थाहा छैन ( )

३६ तपाईको अनुभवमा आफ्नो छोरीको विवाहमा दाईजो दिन नखोज्नेले छोराको विवाहमा दाईजोको आश गर्छन कि गर्दैनन् ?

क) गर्छन् ( ) ख) गर्दैनन् ( ) ग) थाहा छैन ( )

३७ तपाईको दाइजो लिने र दिने कुरामा केही गुनासो छ कि छैन ?

क) छ ( ) ख) छैन ( )

३७.१ यदि छ भने कस्तो गुनासो होला भन्नुस ?

...................................................................................................

३८. तपाईको विचारमा दाइजो प्रथा कस्तो लाग्छ यसलाई सुधार गर्नु पर्ला र नपर्ला ?

क) सुधार गर्नुपर्छ ( ) ख) सुधार गर्नुपर्दैन ( )

ग) थाहा छैन ( )

३८.१ यदि सुधार गर्नुपर्छ भने समाजमा को कसले कस्तो भूमिका खेल्नुपर्ला ?

क) सरकारी निकायबाट कडा नीति नियम बनाउनुपर्छ । ( )

ख) स्थानीय आमा समूहलाई सक्रिय बनाउनुपर्छ । ( )

ग) सबै व्यक्ति स्वंय दायजो प्रथा सुधारमा लाग्नुपर्छ । ( )

घ) दाईजो लिने र दिने व्यवहारमा संलग्न नभएकालाई समाजमा पुरस्कृत गर्नुपर्छ । ( )

३९. दाईजो प्रथालाई प्रक्षय दिदै आएको तपाई कुन वर्गलाई ठान्नु हुन्छ ?

क) उच्च वर्ग ( ) ख) मध्यम वर्ग ( )

ग) निम्न वर्ग ( ) घ) माथिका सबै ( )

४० तपाईलाई यस बारेमा थप केही भन्न मन लागेको छ कि ?

...................................................................................................

**अन्त्यमा तपाईको अमूल्य समय र सहयोग प्रति हार्दिक धन्यवाद !**

**समाप्त**


# अनुसूची २


**अन्तर्वार्ता/समूह छलफलमा सहभागीको नामावली**

| **उत्तरदाताको नामावली** | **उमेर** | **वडा नं.** |
|---|---|---|
| गायत्री सुवेदी | २० | २ |
| सिता सापकोटा | २१ | ३ |
| सिता पौडेल | १६ | २ |
| लक्ष्मी बगाले | २० | २ |
| अप्सरा सापकोटा | १९ | २ |
| गीता पौडेल | २४ | ३ |
| पार्वती ढुङ्गाना | २३ | ३ |
| सुनिता लामिछाने | २४ | ३ |
| सविता सापकोटा | १५ | २ |
| धनकुमारी सापकोटा | १८ | ३ |

## अनुसूची ३

## अध्ययनको क्रममा लिइएका फोटोहरु





**विवाहमा दाइजोको रूपमा दिइएका सामग्रीहरु**



**यज्ञ मण्डपमा नव वर-वधु**



**शोधकर्ता उत्तरदातासँग अन्तर्वार्ता लिदै**




**शोधकर्ता उत्तरदातासँग अन्तर्वार्ता लिदै**



**शोधकर्ता उत्तरदातासँग अन्तर्वार्ता लिदै**



शोधकर्ता उत्तरदातासँग सामूहिक छलफल गर्दै ।



शोधकर्ता उत्तरदातासँ ग अन्तर्वार्ता लिदै ।